वर्ष : ९ | अंक : ७

# अर्थ र रोजगार

ARTHA RA ROJGAR राष्ट्रिय मा

२०७६ माघ | 2020 Jan.-Feb.



बैंक सरकारकै
औजार हुन् : दाहाल



मूल्य रु.80/-, भारु. 30/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल 0.५/-, बहराइन दिनार 0.५/-, युएस 8 $/-

## वैदेशिक रोजगारी

# कहिलेसम्म ? खाडी र मलेसिया

■ उत्कृष्ट उद्योगीलाई 'सीआइपी' सम्मान

■ विदेश जाने र फर्कनेको तथ्यांक राख्न सुरु




रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम

Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np

prabhu®
Money Transfer
प्रभुको इच्छा


चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ ।
सम्सारा रेमिट जस्तै ।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com

संसारको जुनसुकै ठाँउबाट
नेपालमा पैसा पठाउने भरपर्दो माध्यम !




SEND MONEY
JME
World Wide Money Transfer
Japan Money Express

JME सबैका लागि

5-22-11 Shiroganedai, Minato-ku, Tokyo, Japan
Tel : 03-5475-3913, Fax: 03-5475-3914
E-mail : info@japanremit.com
For Rate: 080-4166-4277

5-22-11 Shiroganedai, Minato-ku, Tokyo, Japan, Tel : 03-5475-3913, Fax: 03-5475-3914, E-mail : info@japanremit.com For Rate: 080-4166-4277

# यहाँको संस्थाका कर्मचारीहरुका लागि



MEGA
CORPORATE BENEFIT
SAVINGS ACCOUNT
V. 2020

## विशेषताहरु:*

- ६.५०% वार्षिक ब्याजदर
- रू. ५०,०००/- सम्मको स्वास्थ्य बीमाको व्यवस्था
- रू. ७,००,०००/- सम्मको दुर्घटना बीमाको व्यवस्था
- नेपाल भरिका कुनै पनि बैंकको **ATM** बाट रकम निकाल्दा **शुल्क नलाग्ने**
- **नि:शुल्क** Credit Card, Debit Card, ईन्टरनेट बैंकिङ्ग र मोबाईल बैंकिङ्ग
- International Travel Card मा ५०% छुटको व्यवस्था
- Professional Loan को सुविधा
- ब्यालेन्स सर्टिफिकेट, गुड फर पेमेन्ट साथै अन्य आकर्षक सुविधाहरु

बीमा प्रदायक: लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड (बीमा प्रिमियम शुल्क बैंकले नै व्यहोर्ने)

*शर्तहरु लागु हुनेछन् ।

The Banker Bank of the Year 2019 NEPAL | ISO 9001:2015 Certified Bank | visit Nepal 2020 Lifetime Experiences | LGI LUMBINI INSURANCE ISO 9001: 2015 Certified Company

विश्वास जित्दै... अघि बढ्दै...

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड: राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९, फोन: ९७७-१-४१६९२५०, फ्याक्स: ९७७-१-४१६९२६०

# हार्दिक बधाई
## तथा शुभकामना




**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएशन**को **दशौं साधारणसभा**बाट निर्वाचित हुनुभएका अध्यक्ष **नरेन्द्रप्रसाद ढकाल**, वरिष्ठ उपाध्यक्ष **तारानाथ अर्याल**, उपाध्यक्ष **जनक खड्का (प्रकाश)**, महासचिव **भवानी निरौला**, सचिव **कमल काफ्ले**, कोषाध्यक्ष **कृष्ण कुमार जैशी**, सहकोषाध्यक्ष **अमिर बाँस्तोला** तथा सदस्यहरू **इश्वर सापकोटा**, **नारायण भुषाल**, **तोरण कुमार कार्की**, **चन्द्रबहादुर लिम्बु**, **सेतेलाल पौडेल**, **नरेन्द्रमणी पराजुली**, **विक्रम श्रेष्ठ**, **नगेन्द्रप्रसाद पोखरेल**, **राजेश गौतम** र **राजेश यादव**लाई सफल कार्यकालको **शुभकामनासहित हार्दिक बधाई** ज्ञापन गर्दछौं ।

naukrinepal
employing excellence

**नोकरी नेपाल**
रिक्रुटमेन्ट सर्भिस प्रा.लि.
गंगबु, काठमाडौं

**डिलक्स एच आर**
सोलुशन प्रा.लि.
बिजुलीबजार, काठमाडौं

BLAZE
Gov. Lic No. 1447/074/075

**ब्लेज**
एसोसियट्स प्रा.लि.
धुम्बाराही, काठमाडौं

LINK INTERNATIONAL PLACEMENT SERVICE

**लिंक इन्टरनेशनल**
प्लेसमेन्ट सर्भिस प्रा.लि.
सामाखुसी, काठमाडौं

GR MANPOWER Service Pvt. Ltd.

**जि.आर मेनपावर**
सर्भिस प्रा.लि.
काठमाडौं

Karma International Employment Service (P.) LTD. Nepal

**कर्म इन्टरनेशनल**
इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं

# यस अंकमा





१३ वैदेशिक रोजगार

## कहिले खोज्ने **नयाँ गन्तव्य** ?

वैदेशिक रोजगारको झण्डै ७० प्रतिशत बजार खाडी मुलुक र मलेसियामा निर्भर छ । एक सय १० मुलुक (प्रतिवन्धित इराक, अफगानिस्तान, सिरिया, लिविया) वैदेशिक रोजगारका लागि खुल्ला भए पनि नेपालीहरुले त्यसको फाइदा लिन सकेका छैनन् । अहिले सरकारले नयाँ गन्तब्यको खोजी अगाडि बढाएको छ । वैदेशिक रोजगारका नयाँ गन्तब्य किन आवश्यक छ अनि कसरी र कहाँ खोज्न सकिन्छ भनेर हामीले तयार पारेको आवरण रिपोर्ट :



२१ लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएशनको नेतृत्वमा ढकाल



बैंक सरकारकै औजार हुन् १८

**भुवन दाहाल**, अध्यक्ष
नेपाल बैंकर्स संघ

सम्झनामा तारादेवी ४६





वरिष्ठ निबन्धकार युवराज नयाँघरेको
सकलाको स्वाद ४२



अनुभूति
शम्भु सुस्केरा ४४



२० वैदेशिक रोजगारमा ठग्ने अब उम्कन पाउँदैनन् : महानिर्देशक दाहाल

जि.प्र.का. काठमाडौं द.नं. १३७/०६७/०६८

अर्थ र रोजगार
ARTHA RA ROJGAR राष्ट्रिय मासिक

वर्ष ९, अंक ७, २०७६ माघ

रोजगार मिडिया प्रा.लि द्वारा प्रकाशित

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल

**सम्पादक**
उद्धव भट्टराई

**कार्यकारी सम्पादक**
सुमन गिरी

**सह-सम्पादक**
उत्तम भट्टराई

**प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**संवाददाता**
सरोज श्रेष्ठ
कृष्ण पाण्डे
मोहन सुवेदी

**ओमान संयोजक**
दिपक श्रेष्ठ (९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई, ९७४५६०९५७८
चिरञ्जिवी तिमल्सिना, ९७४७७०३६०३९
एमपी पोखरेल/कृष्ण दाहाल

**दक्षिण कोरिया प्रतिनिधि**
ह्याङ चेम्जोङ

**प्रतिनिधि**
राजु थापा (क्यानडा), जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल

**डिजाइन**
महेश कार्की
९८४९२५९२३५

**मूद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं, फोन : ९८५११७९९९६

**कार्यालय**
**रोजगार मिडिया प्रा.लि.**
कमलपोखरी, काठमाडौं
पो.ब. नं. १२०१८, फोन : ०१-४४३१०४३
९८४९१४५५३४,९८५१००१३२५
इ-मेल: artharojgar@gmail.com
www.rojgarmanch.com

# नेपाल भ्रमण वर्ष सफल पारौं

नेपालमा २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित नेपाल भ्रमण वर्ष २०२० को औपचारिक शुभारम्भ भैसकेको छ । 'नेपालः लाइफटाइम एक्सपिरिएन्सेस्' अर्थात 'जीवनभर अनुभव' भन्ने नाराका साथ गत जनवरी १ बाट सुरु भएको भ्रमण वर्ष जसरी शुभारम्भ भयो त्यसरी अगाडि बढ्न सकेको छैन । शुभारम्भपछि भ्रमण बर्षका कार्यक्रम सेलाएका छन् ।

यस अघि पनि सन् १९९८ मा 'भिजिट नेपाल' र सन् २०११ मा 'नेपाल पर्यटन वर्ष'को अभियान चलाइएको थियो । तर त्यसबेला जस्तो पूर्वतयारी र कार्यक्रमको निरन्तरता यस पटक नदेखिदा यो अभियान महत्वकांक्षी योजनामै मात्र सीमित नहोला भन्न सकिन्न ।

धेरै संख्यामा पर्यटक भित्रिए पनि उनीहरूको आगमनदेखि लिएर व्यवस्थापनसम्ममा प्रयाप्त व्यवस्थापन देखिदैन । अपार सम्भावना बोकेको पर्यटनको क्षेत्र विस्तारै बामे सर्दै गरेपनि सन्तोषजनक छैन । हामीलाई प्रकृतिले प्रचुर मात्रामा पर्यटकीय गन्तव्यहरू दिएको छ । यहाँबाट थोरै फाइदा लिन सके मात्र पनि हाम्रो मुलुक धेरै अघि बढ्ने पक्का छ । तर अहिलेसम्म मुलुकको जिडिपीमा पर्यटन क्षेत्रको हिस्सा ३.६ प्रतिशतमै खुम्चिएको छ ।

२० लाख पर्यटक भित्र्याउने लक्ष्य सरकारले राखिरहदा विदेशी पर्यटक भित्रने नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन विमानस्थलको अहिलेकै क्षमताले धान्ने अवस्था नै छैन । भ्रमणवर्ष अघि नै संचालनमा ल्याइसकिने भनिएको भैरहवाको गौतमबुद्ध विमानस्थलको काम अझै सकिएको छैन भने पोखरा क्षेत्रीय विमानस्थलको हालत पनि उस्तै नै छ । अर्कोतर्फ सडकमार्गको हालत दयनिय नै छ । भ्रमण वर्षको योजना बन्दैगर्दा यस अवधिमा निर्माण गरिसक्ने लक्ष्य राखिएका द्रुतमार्ग र फराकिला सडक निर्माणका योजना अझ पनि नक्सामै सीमित छन् ।

वर्ल्ड इकोनोमिक फोरमले हालै सार्वजनिक गरेको 'यात्रा तथा पर्यटन प्रतिस्पर्धी सूचक-२०१९' प्रतिवेदन अनुसार नेपाल प्रतिवेदनमा समेटिएका विश्वका १४० वटा देशमध्ये १५ औ सस्तो पर्यटकीय मुलुकमा परेको छ । प्रतिवेदन अनुसार नेपालले सन् २०१८ मा प्रतिपर्यटक औसत ७७ हजार रुपियाँ (६७० डलर) आम्दानी गरेको उल्लेख छ । र नेपालमा पर्यटकको बसाई औसद १२ दिन रहने गरेको विभिन्न तथ्यांकहरूले देखाएका छन् । अव नेपालमा पर्यटक मात्र भित्र्याएर संख्या बढाउनुको सट्टा धेरै खर्च गर्न सक्ने पर्यटन ल्याउन जरुरी छ ।

सन् २०२० को अवधिलाई नेपाल पर्यटकीय गन्तव्यकारुपमा विश्व बजारमा चिनाउने, पर्यटन फैलाउने, आम्दानी बढाउने, गन्तव्य संख्या थप गर्नेतर्फ अनुसन्धान र छलफलको लागि सदुपयोग गर्ने तथा यसलाई अवसरकारुपमा लिएर दिर्घकालिन पर्यटन प्रवर्द्धनका लागि आधारशिला खडा गर्ने कार्यक्रम तथा नीतिहरू तर्जुमा गर्नुपर्छ ।

यो कार्यक्रम हामी सबै नेपालीको अभियान हो, यसलाई सफल बनाउनु सबैको कर्तव्य पनि हो । सरकार, नीजि क्षेत्र र नेपाली समूदाय सबैले आ-आफ्नो ठाँउबाट भूमिका निभाउने हो भने भ्रमण वर्ष सफल मात्र होइन उपलब्धीमूलक पनि हुन्छ । यो अभियानलाई भ्रमण वर्ष मात्र नभएर विदेशी लगानी भित्र्याउने मौकाकारुपमा लिनुपर्छ ।




## घोषणा मात्र गरेर कुनै अर्थ छैन

सरकारले अभियानकै रुपमा सन् २०२० लाई नेपाल भ्रमण वर्ष मनाउनु समग्र मुलुककै लागि फाइदाजनक भएपनि घोषणा गर्दैमा मात्र पर्यटक आउछन् जस्तो चाहि लाग्दैन । न कुनै तयारी, न त प्रचारप्रसार नै, यहाँसम्मकी सामान्य पूर्वाधारकोसमेत सुधार नगरिकन २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित भ्रमण वर्ष घोषणा गरिदा यो कतै हतारमा घोषणा गरिएको त होइन भन्ने मेरो बुझाई छ । तथापी अब भ्रमण वर्ष सुरु भैसकेकाले यसलाई कतिसम्म सफल बनाउन सकिन्छ त्यसमा सबैले होस्टेमा हैसे गर्नुपर्छ भन्ने मेरो जोड छ ।

*- राजन कार्की, ओमान*

हामीले हाम्रा पर्यटकीय गन्तव्य र क्षेत्रबारे अन्तर्राष्ट्रिय जगतमा चिनाउन सक्ने मात्र हो भने २० लाख मात्र होइन करोडौ पर्यटक नेपाल आउने थिए । अपसोच प्रकृतिले सित्तैमा दिएको उपहार हामीले कहिल्यै उपयोग नै गर्न सकेनौ । यदि हामीले पर्यटन, कृषि र जलस्रोतको क्षेत्रलाई भरपूर उपयोग गर्न सक्ने हो भने देश कहाबाट कहा पुग्ने थियो । ढिलै भएपनि सरकारले पर्यटनको क्षेत्रलाई महत्व दिएकोमा खुसी लाग्यो ।

*-शितल माझी, युएई*

गजल

## नयन अँश्रु दाग लुकाई



■ **रमेश भट्टराई 'सहृदयी'**

नयन अँश्रु दाग लुकाइ हाँसो बाहिरि देखाएर
भाग्य रेखा टुक्रिएको जीवन गीतलाई लेखाएर ।

सोध्छन् साथी 'के छ खबर ?' भन्छु, राम्रो चलिरा'छ
दिलको कथा मनको व्यथा एकैछिनलाई फैंकाएर ।

घाउ गहिरो खाटो बस्न गाह्रो रै'छ दिलभित्रको
सग्लो बाँच भन्छ दैव ! बैशाखीमा टेकाएर ।

ज्योतिषीले भन्छन् बाबा खोटो तेरो दुःखी कर्म
विचरो भो हाय ! जीवन जिउने मार्ग छेकाएर ।

गरीब हुनु के-पाप हो ? हेप्ने आफ्नै मित्रजनले
महल हाँस्छ अट्टहासमा मेरै श्रम सेकाएर ॥


# हार्दिक बधाई







कृषिजन्य क्षेत्रमा सवैभन्दा बढि निर्यात गरेर राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याएवापत नेपाल सरकारकातर्फबाट मनराम हिमालयन ह्यान्डिक्राफ्ट प्रालिका प्रबन्ध निर्देशक **श्री सुजनकुमार श्रेष्ठ** प्रधानमन्त्री के पी शर्मा ओलीबाट **महत्वपूर्ण व्यावसायिक व्यक्तित्व (सीआईपी)** सम्मान पाउन सफल हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौ ।

**रोजगार मिडिया प्रालि**
कमलपोखरी, काठमाडौं, फोन नं. ०१-४४३१०४३

## योजनाभन्दा काम होस्

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले ३ महिनाभित्र आफुले गर्ने कामको कार्ययोजना सार्वजनिक गरेको समाचार पढन पाइयो । कार्ययोजना नै बनाएर काम गर्नु राम्रो त हो तर, कतै यो हल्लाखल्ला गर्ने परम्पराको निरन्तरता मात्र त होइन भन्ने आशंका धेरैलाई छ । किनकी अहिले मन्त्रीज्यूले गर्छु भनेर घोषणा गरेका काम उहाँभन्दा अगाडिका मन्त्रीज्यूहरूले पनि यसैगरी प्रस्तुत गरेका थिए । यसर्थ योजना भन्दा पनि काम गरेर देखाउन र अरु भन्दा फरक तथा बचनको पक्का बन्न मन्त्रीज्यूलाई सुझाव दिन चाहन्छु ।

*- भेषराज शर्मा, कतार*



## नयाँघरेको मन छुने लेख

अर्थ र रोजगार पत्रिकामा प्रकाशित 'देखासिकी' लेखले मन नै छोयो । आफ्ना हरेक लेख रचनामा गाँउघरदेखि प्रवासी जिवनशैलीका यर्थाथपरक घटना मार्मिक ढंगमा प्रस्तुत गर्दै आएका युवराज नयाँघरेले खेतीपातीको प्रसङ्गदेखि ऋण लिएर विदेशीएका उमाशंकरको कथासमेत लेखमा उतारेका छन । आगामी अंकमा यस्तै राम्रा लेख रचना पढन पाइराखियोस् ।

*- गीता काफ्ले, मलेसिया*



## साँच्चिकैका पुजारी

अहिले गीत संगितको क्षेत्रमा रहर र लहडले आउनेहरूको होडबाजी चलिरहदा एउटा युग नै संगितप्रति समपर्ण गरेका विनय वर्मा जस्ता कलाकार पनि अझै सक्रिय र सिर्जनामा रमाइरहेका छन भन्दा खुसी लाग्यो । चर्चा भन्दा पनि आफ्नो कर्ममा रमाउने उहाँहरूजस्ता सर्जक साच्चिकैका पुजारी र कालजयी व्यक्तित्व हुन । रहरमा आउनेहरू त खहरेको भेलजस्तै क्षणिक मात्रै हुन ।

*- सोनाम शेर्पा, काठमाडौ*

**प्रिय पाठकवर्ग तपाईहरुलाई हाम्रो पत्रिकाको बारेमा केही सल्लाह, सुझाव दिनु परेमा तथा रचना उपलब्ध गराउनु परेमा यस ठेगानामा सम्पर्क गर्न अनुरोध गरिन्छ ।**



अर्थ र रोजगार
ARTHA RA ROJGAR राष्ट्रिय मासिक

पो.ब.नं. १२०१८, काठमाडौं, फोन नं. ०१-४४३१०४३
इमेलः rojgaranch@gmail.com, www.rojgaranch.com





**आफ्नो सीप र क्षमता अनुसारको काम र राम्रो तलब सुविधाको वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकहरुमा जानु परेमा सीधै हामीलाई सम्झनुहोस् ।**

श्रम इजाजत नं. ३८५/०५९/०६०

# बिएम ओभरसिज प्रा.लि.

**बिजुलीबजार, नयाँ बानेश्वर काठमाडौं, फोन : ०१-४७८२१२९, ४७८५०५५**

# ललिता निवास जग्गा प्रकरण र संगठित भ्रष्टाचार



गजेन्द्र बुढाथोकी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालकै सबैभन्दा ठूलो संगठित भ्रष्टाचार काण्डका रूपमा भर्खरै बालुवाटारको सरकारी स्वामित्वको ललिता निवासको जग्गा हिनामिना प्रकरणमा नेकपाका महासचिव विष्णु पौडेललाई चोख्याउँदै विशेष अदालतमा १७५ जनाविरुद्ध मुद्दा दायर गरेको छ । यो प्रकरणमा सरकारको शंकास्पद भूमिका त्यतिखेर प्रमाणित भयो, जतिखेर सत्ताधारी नेकपाका महासचिव पौडेलको छोरा नविन पौडेलले र सर्वोच्च अदालतका न्यायाधिश कुमार रेग्मीका नामबाट रातारात रोक्का राखिएको जमिन सरकारको नाममा सुटुक्कै नामसारी गरियो । यसले 'दालमा कुछ काला है' भन्ने हिन्दी उखानलाई प्रमाणितमात्र गर्दैन, दाल नै पूरै कालो भएको पुष्टि गरेको छ । किनकी, बालुवाटारस्थित ललिता निवासको सबै जग्गा छानबिन सुरु हुनेवित्तिकै रोक्का राखिएको थियो, अख्तियारले मुद्दा दायर गर्ने वित्तीकै अर्थात् न्यायलयमा प्रवेश गरेको मुद्दाको फैसला नआउँदै पौडेललाई चोख्याउने हिसाबले सरकारले जग्गा पास गरेको देखिन्छ । यसले प्रधानमन्त्री केपी शर्मा ओलीको बारम्बार मुलुकमा सुशासन कायम गर्ने भाषण र व्यवहारबीच आकास जमिनको भिन्नता भएको प्रमाणित गरेको छ ।

प्रधानमन्त्रीले आफ्ना हरेक भाषणमा 'म आफू पनि भ्रष्टाचार गर्दिन, सहन्न, अरुलाई पनि गर्न दिन्न; भ्रष्टाचारीको अनुहार पनि हेर्दिन' भन्ने गरेका छन् । उपलब्ध सूचकहरूले उनको प्रतिबद्धतालाई उपहास गरिरहेका छन् । विशेषतः राजनीतिक संक्रमणको फाइदा उठाउँदै मुलुकभित्र सुशासनविहीनता बढेको छ । सुशासनहिनताले मुलुकमा भ्रष्टाचारजन्य गतिविधिलाई प्रोत्साहन गर्छ भने देशको समग्र विकास प्रक्रिया प्रभावित तुल्याइ आर्थिक समृद्धिको सम्भावना क्षीण बनाइदिन्छ ।

भ्रष्टाचारविरुद्धका ऐन-कानुनहरूको प्रभावकारी कार्यान्वयन नहुँदा तथा भ्रष्टाचार विरोधी संस्थाहरू चाहेजति बलियो बन्न नसक्दा भ्रष्टाचारजन्य क्रियाकलापमा वृद्धि हुँदै गइरहेको हो । भ्रष्टाचार विरोधी कानुनहरूको पर्याप्तताको कमी र त्यस्ता गतिविधिलाई नियन्त्रण गर्ने प्रभावशाली निकायहरूको अनुपस्थिति भएका मुलुकमा यस्ता समस्या बढ्नु स्वभाविक मानिए पनि नेपालमा भ्रष्टाचारको बढ्दो सूचक सहजै पचाउन सकिने अवस्था होइन ।

विगत लामो समयदेखि देशभित्र सत्ताको दुरुपयोग गरी राज्यका स्रोतसाधनको दुरुपयोग गर्ने क्रम बढेर गएको छ । २०४६/४७ सालयता नै बढेको यस्तो दुरुपयोग रोक्नबाट जुनसुकै दलका सरकारहरू पनि असफल हुँदै गएका छन् । यसका पछाडि केही कारणहरूले काम गर्दै आएका छन् -पहिलो अन्य कुनै पेशा, व्यवसाय वा रोजगारीमा आवद्ध नभएका पूर्णकालीन कार्यकर्तालाई पाल्नुपर्ने बाध्यता, अर्को सरकार प्रमुखहरूमा सुशासनप्रतिको प्रतिबद्धताको अभाव । बालुवाटार प्रकरण यस्तै नेता-कार्यकर्ता बचाउने प्रपन्चको पछिल्लो नजिरमात्र हो ।

बालुवाटारको सरकारी जग्गा हिनामिना प्रकरण प्रधानमन्त्री तहसम्मको सेटिङ मिलाएर भूमाफियाहरूले हिनामिना गरेको सर्वाधिक ठूलो प्रकरण भए पनि यो मात्र सार्वजनिक कब्जाका पहिलो प्रकरण भने होइन । गत आर्थिक वर्ष २०७५/७६ मा अख्तियारले जग्गा प्रकरणमा १० वटा मुद्दा अख्तियारमा दायर गरेको थियो । सार्वजनिक जग्गालाई व्यक्तिको नाममा दर्ता गराई बेचबिखन गर्ने, निजी कम्पनीलाई बेचबिखन गर्ने, नक्कली जग्गाधनी र जग्गाधनी प्रमाणपुर्जासमेत तयार पारेर जग्गाको हक हस्तान्तरण गर्ने, सार्वजनिक जग्गासमेत व्यक्तिका जग्गामा घुसाइ हालसाबिक गर्ने प्रवृत्ति रहेको अख्तियारको प्रतिवेदनमा उल्लेख छ ।

बालुवाटारको जग्गा हिनामिनामा यी सबै प्रकरण जोडिन्छन् । जसमा गैरआवासीय नेपाली संघ (एनआरएनए) पनि नराम्रोसँग फँसेको छ । १३ करोडमा भाटभटेनीका मालिक मीनबहादुर गुरुङसँग विवादास्पद भनेर थाहा पाउँदा पाउँदै जग्गा किनेर १५ करोड खर्च गरेर भव्य भवन बनाएको एनआरएनएको लगानी डुबेको प्रमाणित भइसकेको छ ।



अख्तियारको २९ औं वार्षिक प्रतिवेदन २०७६ मा उल्लेख भए अनुसार आ.व. २०७५/७६ मा देशभरिबाट २४ हजार भ्रष्टाचारका उजुरीहरू परेका थिए, तीमध्ये संघीय मामिला (तत्कालीन स्थानीय विकास मन्त्रालय)सँग सम्बन्धित करिब २५ प्रतिशत, शिक्षा सम्बन्धित करिब १७ प्रतिशत, भूमिसम्बन्धी करिब ९ प्रतिशत, वन तथा वातावरणसँग सम्बन्धित करिब ५, त्यसपछि

क्रमशः स्वास्थ्य तथा जनसंख्या, गृह प्रशासन, भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा, जलस्रोत तथा सिंचाइ र अर्थमन्त्रालयसँग सम्बन्धित हुनुले यी निकायहरूमा भ्रष्टाचारको जरो गाडिएको पुष्टि हुन्छ । आम नागरिकहरूमा मालपोत तथा नापी कार्यालय, यातायात कार्यालय घुस नभइकन केही कामै नहुने निकायका रूपमा बद्नामित छन्, तर अख्तियारको आँकडाले शिक्षा क्षेत्रसँग सम्बन्धित अर्थात विद्यालय, विश्वविद्यालय र शिक्षा कार्यालयमा बढी भ्रष्टाचार हुने निकायका रूपमा दरिएको देखाएको छ ।

बढ्दो उजुरीको संख्याले भ्रष्टाचारको बढ्दो पारोको अनुपात पनि देखाउँछ । आयोग स्थापना भएदेखि हालसम्म २ हजार ४३७ वटा मुद्दा अदालतमा दर्ता गरिएको र प्रतिवर्ष औसतमा करिब ८४ वटा मुद्दा अदालतमा दर्ता हुने गरेको आव ०७५/७६ मा औसतभन्दा चार गुणा बढी मुद्दा दर्ता गरिएको अख्तियारले उल्लेख गरेको छ । यी तथ्य-तथ्यांकले नेपालका भ्रष्टाचारको विद्यमान अवस्थाबारे केही अवस्था उजगार गर्छन् ।

नेपालमा भ्रष्टाचार आमउपभोक्ताहरूको प्रत्यक्ष सहभागिता रहने कार्यदेखि माथिल्लो निकायसम्मै फैलिएको छ । अख्तियारले गरेको 'नेपालमा भ्रष्टाचार र सुशासन सम्बन्धी अध्ययन २०७५' र 'स्थानीय तहमा हुने भ्रष्टाचार सम्बन्धी अध्ययन/सर्वेक्षण २०७६'ले सार्वजनिक सेवा प्रवाहको कमजोर अवस्था देखाएका छन् । सरकारी कार्यालयमा आफ्नो काम सम्पन्न गराउन अतिरिक्त पैसा बुझाउनु परेको, कर्मचारीले कार्यप्रक्रियालाई जटिल बनाउने र समयमा काम सम्पन्न नगर्ने, काम पन्छाउने र जिम्मेवारी पालना नगर्ने प्रवृत्ति बढ्दै गएको छ । यसरी काम आलटाल गेर घुस/रिसवत मागिने गरिएको अख्तियारले उल्लेख गरेको छ । यस्तो पैसा सम्बन्धित फाँटवाला कर्मचारी, कानुन व्यवसायी र मध्यस्तकर्ता (बिचौलिया)मार्फत लेनदेन हुने गरेको छ ।

भ्रष्टाचारीलाई सोझै मृत्युदण्ड दिइने चीनजस्ता मुलुकमा समेत भ्रष्टाचार अझै पूर्णरूपमा निर्मूल हुन सकेको छैन भने नेपालजस्ता केही नरम कानुन रहेका मुलुकमा अझै लामो प्रयास गर्नुपर्ने खाँचो छ । भ्रष्टाचार विरोधीका अनुसन्धान निकायहरू एक्लैको प्रयासले मात्र यस्ता क्रियाकलापमा नियन्त्रण हुन सक्दैन भन्ने सिद्ध भइसकेको छ । अन्तिम निर्णयकर्ताका रूपमा रहेको न्यायिक निकायको प्रभावकारी भूमिका सदैव अपेक्षित रहन्छ ।

नेपालको संविधान-२०७२ अनुसार भ्रष्टाचार मामिला सम्बन्धी मुद्दाहरूको न्यायिक निरुपण गर्ने निकायका रूपमा विशेष अदालत रहेको छ । विशेष अदालतले गरेका निर्णयहरू उपर चित्त नबुझेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा आरोपित पक्षले सर्वोच्च अदालतमा पुनरावेदन गर्न पाउने प्रावधानसमेत विद्यमान भ्रष्टाचार निवारण ऐन, अख्तियार दुरुपयोग अनुसन्धान ऐनमा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफुसमक्ष प्रत्यक्ष परेका उजुरीहरू र केही सार्वजनिक प्रचारका लागि गरिने छापामारीभन्दा पर रहेर यदि महालेखाको प्रतिवेदनको भित्री तहसम्म पस्ने वा सार्वजनिक खरिद कार्यालयको वार्षिक प्रतिवेदनको छानबिन गर्ने हो भने नेपालमा भ्रष्टाचारका धेरै समस्याहरू हल हुने देखिन्छ ।

छ । आयोग आफैमा स्वायत्त संवैधानिक निकाय भएकाले कुनै पक्षको दबाब वा डरत्रास, अथवा केहीको लोभमोह नराखी भ्रष्टाचार विरुद्धको अनुसन्धान कार्यलाई निरन्तरता दिनुपर्नेमा कुनै एक पक्ष वा हाइ प्रोफाइलहरूलाई बचाउन आयोग लागेको देखिन थालिएको छ ।

अख्तियार माथि लाग्दै आएको आरोप मध्ये ठूला भ्रष्टाचारको छानबिनमा ध्यान नदिइ केबल प्रचारवाजीका लागि आफैले घुस दिइ साना कर्मचारी प्रक्राउ गर्ने (स्टिङ अपरेसन) गर्ने गरेको विषय अहिले सार्वजनिक आलोचनाको विषय बनेको छ । मुलुकमा ठूला भ्रष्टाचारीहरू पक्राउ परेका छैनन, केही हजार घुस खाएका कर्मचारीहरू पक्राउ गरेको विवरण देखाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रगति हासिल भएको गर्व गरिरहेको छ । आयोगले विशेष अदालतमा दायर गरेकामध्ये अत्याधिक मुद्दामा प्राप्त असफताहरूले आयोगको दाबीलाई जिस्क्याइरहेको छ । करोडौंको घोटालामा दायर भएका मुद्दाहरूमा केही लाखका धरौटी तिरेर भ्रष्टाचारीहरूले उन्मुक्ति पाइरहेका छन् ।

अख्तियारकै प्रतिवेदनले भन्छ, आर्थिक अनुशासनहीनताको श्रृङ्खला अपवादका केही निकायलाई छोडेर सबै सरकारी निकायमा फैलिएको छ । भ्रष्टाचार निवारण ऐन, अख्तियार दुरुपयोग अनुसन्धान ऐनजस्ता कानुनहरूको मात्र प्रभावकारी पालना हुने हो भने पनि नेपालमा भ्रष्टाचारको अनुपात धेरै कम गर्न सकिन्छ । यसबाहेक सार्वजनिक खरिद ऐनले पनि सरकारी स्तरमा हुने सार्वजनिक खरिद तथा ठेक्कापट्टालाई व्यवस्थित बनाउने प्रयास गरेको छ । महालेखा परीक्षकले हरेक वर्ष सरकारी कार्यालय, विभाग र मन्त्रालयहरू तथा स्थानीय निकायको बेरुजु औल्याउने कार्य मात्र गर्दैन; आर्थिक ऐन-नियमहरूको पालना नभएको पक्षबारे पनि सरकारको ध्यानकर्षण गराउने गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफुसमक्ष प्रत्यक्ष परेका उजुरीहरू र केही सार्वजनिक प्रचारका लागि गरिने छापामारीभन्दा पर रहेर यदि महालेखाको प्रतिवेदनको भित्री तहसम्म पस्ने वा सार्वजनिक खरिद कार्यालयको वार्षिक प्रतिवेदनको छानबिन गर्ने हो भने नेपालमा भ्रष्टाचारका धेरै समस्याहरू हल हुने देखिन्छ ।

जबसम्म सार्वजनिक पद धारण गर्ने हरेक व्यक्तिमा सदाचारको भावना जागृत हुन सक्दैन, तबसम्म भ्रष्टाचारविरोधी जतिसुकै कडा अभियान सञ्चालन गरे पनि त्यसको प्रभाव बलियो हुन सक्दैन । सार्वजनिक पद धारण गर्नेहरूलाई जिम्मेबार र सदाचारी बनाउनका लागि केही नीतिगत र कानुनी व्यवस्थाहरू पनि गरिएका छन् । तिनको पालनामा सबै तहका पदाधिकारीहरूलाई मात्र जिम्मेवार तुल्याउन सकिए पनि भ्रष्टाचार न्यूनीकरण गर्न सकिन्छ ।






**वैदेशिक रोजगार**

# कहिले खोज्ने नयाँ गन्तव्य ?

## खाडी मुलुक र मलेसियामै सीमित

■ अर्थ र रोजगार

वैदेशिक रोजगारका लागि हालसम्म मलेसियामा सबैभन्दा धेरै कामदार गएका छन् । मलेसियामा १३ लाख ९१ हजार नेपाली अहिलेसम्म गइसकेका छन् । दोश्रोमा रोजगारका लागि कतारमा १० लाख ६२ हजार पुगेका छन् । यस्तै, साउदी अरेबिया, युएई, कुवेत, बहराइन र ओमान गरी संस्थागततर्फबाट विदेशिएको संख्या ४० लाख १५ हजार रहेका छन् ।

यो तथ्यांक हेर्ने हो भने वैदेशिक रोजगारमा धेरै नेपाली जानेमा मलेसिया र खाडी मुलुक देखिन्छ । स्वदेशमै रोजगारीका अवसर नहुँदासम्म वैदेशिक रोजगारी नेपालीका लागि रहर नभएर बाध्यता नै बनेको छ । अहिले राम्रा अवसरको खोजीमा आप्रवाशनको क्षेत्र चहार्ने विश्वव्यापी ट्रेन बनिरहदा हाम्रो मुलुक भने खाडी र मलेसियामा नै सीमित रहेको छ । रोजगारका लागि राम्रो अवसर खोज्नेहरूलाई आकर्षक गन्तव्य मुलुक जाने वातावरण बनाउन नसक्दा अधिकांश नेपाली खाडी र मलेसियामै रुमल्लिइरहनुपरेको छ ।

आर्थिक बर्ष २०७५/७६ मा भने प्रमुख गन्तव्य कतार र यूएई बनेको वैदेशिक रोजगार विभागको तथ्यांकमा छ । सरकारले मलेसिया जाने कामदारका लागि आर्थिक भार भएको भन्दै १५ महिना बन्द गरेपछि मलेसियालाई उछिनेर खाडी देश अगाडि आएको हो । वैदेशिक रोजगारीमा जान नेपाल सरकारले एक सय १० वटा देशको गन्तव्य खुल्ला गरेको छ । वैदेशिक रोजगारीमा जानेमध्ये मलेसिया र खाडीमा मात्रै ७० प्रतिशतभन्दा बढी युवाहरू जाने गरेको पाइन्छ । अब वैदेशिक रोजगारका लागि खाडी र मलेसिया मात्र नभएर नयाँ गन्तब्यको खोजी गर्नुपर्ने चर्को आवाज उठ्न थालेको छ ।

पछिल्लो समय खाडी मुलुकमा आर्थिक मन्दी देखिन थालेपछि आप्रवासी कामदारप्रतिको परनिर्भरता उनीहरूले क्रमश घटाउँदै लैजान थालेका छन् । यस्तै सन् २०२२ को विश्वकप फुटवल आयोजनाको तयारीमा धेरै परियोजनाहरू संचालन गरेको कतारले त्यसको निर्माण सम्पन्न गरिसक्नै लाग्दा तथा आन्तरिक समस्याका कारण आप्रवासी कामदारको मागमा भारी कटौती गरिरहेको छ । उता झण्डै १५ महिना बन्द भएर खुलेको मलेसिया रोजगारी पूर्ववतरुपमा सुचारु हुन नसक्दा खाडी तथा मलेसिया क्षेत्रमा पनि नेपाली कामदारको अवसर खुम्चदै गैरहदा यसको विकल्प हामीले अझै सोच्न सकेका छैनौं ।

## नयाँ अवसरहरू खोज्दैछौं



**रामेश्वर राय यादव**
मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा

लामो समयदेखि मलेसिया र खाडी मुलुकमा मात्र नेपालीहरू जानु परिरहेको छ । अब यी मुलुकमा मात्र सीमित रहनुहुन्न । अब सरकारले नयाँ गन्तब्य खोज्नुपर्छ भनेर गृहकार्य गरिरहेको छ । हामी विभिन्न देशमा नयाँ नयाँ अवसरहरू खोज्दै छौ । युरोपियन तथा विकसित देशहरूमा रोजगारका अवसरहरू सृजना गर्नुपर्छ भनेर सरकार अगाडि बढेको छ । त्यसको लागि व्यापकरुपमा रोमनिया, जापान, कोरियासँग नयाँ ढंगले कुरा अगाडि बढाएका छौं । पोल्याण्ड, इजरायल, क्यानडाजस्ता देशमा नेपाली कामदारको राम्रो माग छ । हामी सम्झौता गरेर नेपालीहरूलाई फाइदा पुग्ने गरी अवसर खोज्दै छौ । त्यसैले नेपालीहरूका लागि राम्रो अवसरहरू के र कहाँ हुन्छ, त्यसको ब्यापक खोजीमा छौं । अब दशकौदेखि वैदेशिक रोजगारका गन्तब्य बनिरहेका मलेसिया र खाडी मुलुकमा मात्र नेपालीहरू जानु पर्छ भन्ने छैन । सरकारले छुट्टै संयन्त्र बनाएर धेरैभन्दा धेरै नेपाली कामदार राम्रोभन्दा राम्रो रोजगारका लागि जाने वातावरण बनाउनु पर्छ भन्नेमा हाम्रो जोड छ । यसको अर्थ स्वदेशमा केही छैन भन्ने होइन । अदक्ष कामदार वैदेशिक रोजगारमा नपठाउने भन्ने मेरो योजना हो । यसको लागि ट्रेनिङ सेन्टरहरू व्यापक रुपमा बढाउने र सातवटै प्रदेशमा ट्रेनिङ सेन्टर खोल्ने मेरो योजना हो । सीप सिकेपछि देशभित्रै धेरै रोजगारका अवसरहरू पाइन्छ भने विदेशमा पनि धेरै पारिश्रमिकमा राम्रो काम पाउन सकिन्छ ।

सरकारले रोजगारीका लागि १ सय १० मुलुक (अफगानिस्तान, इराक, सिरिया र लिबिया तत्काललाई प्रतिबन्ध) खुल्ला गरेकोमा केहि मात्र नेपाली जापान, कोरिया, अमेरिका, युरोपलगायतका क्षेत्रमा गएपनि अधिकांश नेपाली खाडी तथा मलेसियामा नै जाने गरेको तथ्यांक वैदेशिक रोजगार विभागसँग छ । विभागको तथ्यांक अनुसार अधिकांश मेनपावर व्यवसायीले कामदारको माग ल्याउने क्षेत्र मलेसिया तथा खाडी मुलुक नै रहेको छ । नेपालीहरू औपचारिकरुपमा वैदेशिक रोजगारीमा जान थालेको झण्डै साढे तीन दशकको समयावधीसम्म पनि नयाँ र आकर्षक गन्तव्य खोजि हुन सकेको छैन ।

रोजगारविद्हरूले वैदेशिक रोजगारीको क्षेत्रमा दिनानुदिन समस्या थपिइरहनुको मुख्य कारण नै राम्रा र आकर्षक मुलुकमा नेपाली पठाउन नसक्नु रहेको भन्दै नेपाली कामदारको सेवा, सुविधा र सुरक्षाको विषयलाई प्राथमिकतामा राखी श्रम अधिकारको पूर्ण प्रत्याभूति भएका देशसँग सम्झौता अघि बढाउन सुझाव दिँदै आएका छन् । सीमित मुलुकको श्रम बजारमा मात्र भर पर्दा जुनसुकै बेला अर्थतन्त्र दुर्घटनामा पर्न सक्ने भएकाले पनि श्रमिकको सम्मान, सुरक्षा र सुविधा सुनिश्चित भएका नयाँ गन्तव्य खोज्नुपर्ने विज्ञहरूको तर्कछ ।

'हामी विश्वमै मानवअधिकार न्यून भएको मुलुकमा नेपाली कामदार पठाएर उनीहरूको हक, अधिकार तथा सेवासुविधा बढाउन प्रयास गररहेका छौं' रोजगारविद् तथा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष डा. गणेश गुरुङ भन्छन् -'हिजोका दिनमा हामीलाई थाहा नभएर यस क्षेत्रमा नेपाली पठायौ त्यो ठिकै छ, तर तीन दशकभन्दा लामो समयसम्मको अनुभवबाट सिकेर राम्रो सेवासुविधा भएका गन्तव्य खोज्न लाग्नुपर्नेमा त्यसो हुन नसक्दा भोलिका दिनमा वैदेशिक रोजगारीको क्षेत्रमा झन भयाभह स्थिती आउने खतरा बढेर गएको छ ।'

खाडी मुलुकहरू तथा मलेसियाले माग गर्ने अधिकांश कामदारहरू अदक्ष रहने गरेका छन् । उता लाखौको संख्यामा कार्यरत घरेलु कामदारलाई यहाँको श्रम कानुनमै समेटिएको छैन । जसका कारण कठिन कामको चुनौति त छ नै समयमा तलब नपाउने, भनेजति सेवासुविधा नहुने तथा विभिन्न किसिमका शोषणका घटनाहरू यस क्षेत्रमा धेरै नै देखिने गरेका छन । यसर्थ यस क्षेत्रमा नेपाली कामदार पठाउन रोक्ने नै चै होइन तर,संगठित क्षेत्र, बहुर्राष्ट्रिय कम्पनी तथा उच्च ओहदा र दक्ष कामका लागि मात्रै जाने वातावरण बनाउनुपर्ने विज्ञहरूको सुझाव छ ।

त्यसो त पछिल्लो समय केहि मेनपावर व्यवसायीहरूले आफ्नै पहलमा खाडी बाहेकका देशबाट मागपत्र ल्याए पनि विभिन्न प्रक्रियागत झण्झटका कारण आएका मागपत्र अनुसार नेपाली कामदार मेनपावर कम्पनीले पठाउनै सकेका छैनन । सरकारले राम्रा र आकर्षक गन्तव्य मुलुक विकास गरेर नेपाली कामदार पठाउने वातावरण बनाउनुपर्नेमा नीजि क्षेत्रले यो काम गरिरहदा पनि पर्याप्त सहजिकरण गरिदिन नसक्दा यो प्रयास निष्प्रभावी बन्न पुगेको छ ।

श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय संहाल्न आइपुगेका मन्त्री रामेश्वर राय यादव भने मलेसिया र खाडीमा मात्र नभएर नयाँ गन्तब्य खोज्न तत्पर भएर लागेको बताउँछन् । मन्त्री यादव भन्छन्-'अब सरकारले नयाँ गन्तब्य खोज्नुपर्छ भनेर गृहकार्य गरिरहेको छ । हामी विभिन्न देशमा नयाँ-नयाँ अवसरहरू खोज्दै छौ । युरोपियन तथा विकसित देशहरूमा रोजगारका अवसरहरू सृजना गर्नुपर्छ भनेर सरकार अगाडि बढेको छ ।'



### आकर्षक अवसर खोई ?

खाडी तथा मलेसियामा गर्ने जस्तो श्रम युरोप तथा विकसित मुलुकहरूमा गर्ने हो भने कैयौ ज्यादा सेवासुविधाका साथै हकअधिकार र सुरक्षाको सुनिश्चितता हुने थियो । जसका कारण विदेशिने कामदारको आर्थिक उन्नती त हुने थियो नै मुलुकमा भित्रने रेमिट्यान्समासमेत बृद्धि आउने थियो । तर यतातर्फ सरकारले ध्यान नै पुर्‍याउन सकिरहेको अवस्था छैन ।

युरोपका विभिन्न मुलुकदेखि लिएर अमेरिका तथा क्यानाडाजस्ता मुलुकहरूमा दक्ष मात्र होइन अदक्ष कामदारहरूको माग प्रशस्त छ । सामान्य सीप सिकेर गर्न सकिने सेवा, उत्पादन तथा कृषि क्षेत्र, प्लम्बर, इलेक्ट्रिसियन, केयरटेकर, क्लीनर, सेक्युरिटी गार्डदेखि लिएर नर्सिङ, डाक्टर, इन्जिनियर जस्ता धेरै क्षेत्रमा अवसरहरू हुदा पनि नेपालीहरू जान

सकिरहेका छैनन ।

नेपाली कामदार भन्नासाथ इमान्दार, मेहनेति र परिश्रमि भनेर विश्वभर परिचित छन । झन सुरक्षागार्ड र सेक्युरिटी गार्डका लागि त 'गोर्खाली' नाम ब्राण्ड नै बनेको छ । मलेसियाले सेक्युरिटी गार्डमा नेपाली मात्र लिने गरेको निर्णय मात्र होइन ब्रुनाई, मकाउ, जोर्डन, ओमानलगायतका मुलुकहरूमा पनि सुरक्षा गार्डमा नेपालीलाई नै रोज्ने गरिएको छ । यदी हामीले दक्ष सुरक्षागार्ड उत्पादन गरेर यो अवसर युरोप, अमेरिकादेखि विकसित मुलुकमा पनि खोज्ने हो भने धेरै नेपालीले यस कामका लागि रोजगारी पाउने थिए ।

रोजगारविद् गुरुङ अब 'निक' मार्केट खोजिमा लाग्नुपर्ने र कतिपय अवस्थामा काम गर्दै सिक्न सकिने अवसर खोज्नुपर्ने बताउँछन् । 'हाम्रो क्षमता के हो र त्यहाँ हामीले गर्न सक्ने के-कस्ता कामका अवसरहरू छन त्यस्तो 'निक' मार्केट खोज्न सक्नुपर्छ' गुरुङ भन्छन -'अहिले युरोप, अमेरिकाजस्ता देशहरूमा दक्ष कामदार मात्र होइन हामीले गर्न सक्ने सामान्य कामका लागि पनि अवसरहरू प्रशस्त छ, कतिपय काम त सामान्य सीप सिकेर जाँदा मात्र होइन गर्दै सिक्न सकिने पनि छन ।'

यूरोपियन मुलुकमा नेपाली कामदारको राम्रो माग रहेको मेनपावर व्यवसायीहरूको पनि भनाई छ । एक मेनपावर व्यवसायी भन्छन्-'खाडी र मलेसियामा मात्र होइन नेपालीहरूका लागि अन्य मुलुकमा पनि अवसरहरू पशस्त छन्, तर सरकारले सहजिकरण गरिदिनुपर्‍यो ।'

## कार्यदल गठन गरियो प्रतिवेदन अलपत्र

नयाँ देशमा जिटुजी मोडलको लागि सम्भाव्यता अध्ययन गर्न, वैदेशिक रोजगारीका लागि सम्भावित गन्तव्य मुलुकको पहिचान गर्न र ती देशमा श्रमिक पठाउँदा लाग्ने खर्च निर्धारणका लागि मापदण्ड तयार गर्न २०७५ वैशाख ३ गते पूर्वराजदूत उदयराज पाण्डेको संयोजकत्वमा कार्यदल नै गठन गरेको थियो । पाण्डे अहिले मलेसियाका लागि नेपाली राजदूत रहेका छन् ।

उक्त कार्यदलले युरोपमा अन्य देशका तुलनामा राम्रो अवसर तथा सेवासुविधा रहेको निष्कर्षसहित पोर्चुगल, चेक गणतन्त्र, रोमानीया, पोल्याण्ड, स्वीडेन, डेनमार्कलगायत १९ वटा देश नयाँ गन्तव्यकारुपमा विकास गर्न सकिने सुझावसहित तत्कालिन श्रम मन्त्री गोकर्ण विष्टलाई प्रतिवेदन नै बुझाएको थियो ।

यस्तै कार्यदलले जापान, फिजी, मौरिससमा पनि नेपाली कामदारका लागि राम्रो अवसर रहेको र चिन, रुस, श्रीलंका तथा माल्दिभ्सलगायतका देशलाई नयाँ गन्तव्यकारुपमा विकास गर्न सकिने सुझाएको थियो । नयाँ पहिचान गरिएका मुलुकमा




# नयाँ गन्तव्य खोज्न ढिला नगरौं



**डा. गणेश गुरुङ**
कार्यकारी अध्यक्ष, नीति अनुसन्धान प्रतिष्ठान

विश्वमै श्रमिकहरूको हकअधिकार कम भएको ठाँउमा हामी कामदार पठाइरहेका छौ र उनीहरूको तलब, सेवा-सुविधा तथा सुरक्षा बढाउने भनेर लागिरहेका छौ । पिँधमा गएर उचाई खोज्नुको कुनै अर्थ छैन । हिजो हामीलाई ज्ञान थिएन र त्यस क्षेत्रमा पठायौ ठिकै छ, तर त्यस क्षेत्रमा नेपाली कामदार पठाउन थालेको झण्डै साढे ३ दशकको अवधिसम्म पनि कामदारको अवस्थामा कुनै प्रगति देखिन सकेको छैन । अब नयाँ गन्तव्य खोज्न हामीले ढिला गर्न हुदैन भन्ने सन्देश दिएको छ ।

गन्तव्य विकास गर्ने र खोज्ने काम नीजि क्षेत्रको नभएर वैदेशिक रोजगार बोर्डको हो, जुन कुरा ऐनमै स्पष्ट भनिएको छ । तर गन्तव्य खोज्ने नाममा आफ्ना नजिकका २-४ जना मान्छे भ्रमणमा पठाउने र उनीहरूले सानो रिपोर्ट बुझाउने मात्र भयो । अब त्यसो हुनु हुँदैन र युरोप, नर्थअमेरिका, एशियाकै बिकसित देशहरूमा नेपाली कामदार जान सक्ने वातावरण बनाउनुपर्छ ।

अब हामीले बुझ्नुपर्ने कुरा के हो भने हामीले विश्वबजारमा 'निच' मार्केट खोज्न सक्नुपर्छ । यसका लागि पहिला त हाम्रा कामदारका खुबीहरू के के छन, विदेशी मार्केटमा कस्तो कामदार चाहिएको छ र कति तालिम दिन सकियो भने ती कामका लागि हाम्रा कामदार मिट हुन सक्छन त्यो तथ्यांक निकाल्न सक्नुपर्‍यो । खासमा लामो तालिमको आवश्यक्ता पनि छैन, सामान्य तालिम या काम गर्दै सिक्न सकिने धैरै कामहरू विश्व श्रम बजारमा प्रशस्त छन् ।

उदाहरणका लागि सेक्युरिटीको क्षेत्रमा हाम्रो 'गोरखाली' ब्राण्ड विश्वभर प्रख्यात छ । हिमाली क्षेत्रका युवाहरू नर्बेको हाइअल्टिच्युट क्षेत्रमा ढुंगा विच्छाउनेदेखि लिएर ट्रेकिङको काम गरिरहेका छन । यस्तै अमेरिका र क्यानाडा जस्तो देशमा कामदार नपाएर भेडापालन व्यवसाय संकटमा परिरहदा हाम्रा हिमाली भेगका युवाहरू त्यहाँ जान सकिरहेका छैनन । यही आवश्यक्ता र क्षमता 'मिट' गर्ने 'निच मार्केट' खोज्ने हो भने सामान्यदेखि उच्च तहसम्मका काममा नेपालीलाई संसारभर अवसर छ ।

तलब, सेवासुविधा तथा सुरक्षा राम्रो भएको तथा जोखिम कम हुने क्षेत्रमा हाम्रा कामदार जाने वातावरण बनाउनुपर्छ । त्यसो त खाडी तथा मलेसियामा पनि नेपालीहरू पठाउँनै हुँदैन भन्ने पनि होइन त्यस क्षेत्रमा पनि 'निच मार्केट'मा मात्रै हाम्रा कामदार पठाउनुपर्छ ।

अब नयाँ गन्तव्य विकासका लागि सरकारले संयन्त्र नै बनाउनुपर्दछ । किनकी बजार खोज्ने काम भनेको एक दुई पटक गएर मात्र हुने काम होइन यसका लागि निरन्तर लागिरहनुपर्दछ । सरकारले यसका लागि विदेशमा रहेका हाम्रो कुटनैतिक निकायलाई पनि भरपूर उपयोग गर्न सक्नुपर्छ । साथै अरु देशको अभ्यास हेर्दै सिस्टम बसालेर व्यवसायीहरूलाई बाटो पनि देखाउन सक्नुपर्दछ ।



नयाँ रोजगार गन्तव्य विकासका लागि नीजि क्षेत्रले गरेका पहलले बाटो खुलाउनेसम्मका काम त होला तर त्यो पर्याप्त भने होइन । यसका लागि सरकारले नै पहल थाल्नुपर्ने र वैदेशिक रोजगार बोर्डलाई यस कार्यमा लगाउन सकिने विज्ञहरूले औल्याउँदै आएका छन् । उनीहरूले विदेशमा रहेका नेपाली कुटनैतिक निकायलाई समेत यस कार्यमा प्रयोग गर्न सकिने सुझाव दिदै आएका छन् ।

रोजगारीको राम्रो अवसर देखिएपनि सेवा, सुविधा तथा लागतका लागि भने सरकारले द्विपक्षीय छलफल गर्नुपर्ने उक्त प्रतिवेदनले औल्याए पनि न त सरकारले अहिलेसम्म कुनै मुलुकसँग छलफल नै अघि बढायो न त यो प्रतिवेदनलाई गम्भिरतापूर्वक नै लिएको छ ।

## अहिलेकै गन्तव्य अन्योलमा

सरकारले नेपाली कामदार लैजाने गरी गत चैत्र ११ मा जापानसँग श्रम सहमति गरेपनि पहिलो चरणमै लिइएको भाषा तथा सीप परिक्षामा नतिजा शुन्य भएपछि यो रोजगारी थप अन्योलतामा परेको छ । यसअघि जापानसँगै प्रशिक्षार्थी कामदार लानेगरी सम्झौता भएपनि त्यो प्रभावकारी हुन नसक्दा यो सम्झौता पछि भने जापान रोजगारीमा नेपाली जान पाउनेमा धेरै आशा पलाएको थियो । अफ्रिकी मुलुक मौरिसससँग पनि गत जेठमा श्रम सहमतिमा हस्ताक्षर भएकोमा अहिलेसम्म त्यहाँ नेपाली कामदार जाने कुनै वातावरण बन्न सकेको छैन । यस्तै आकर्षक रोजगार गन्तव्य मुलुक इजरायलसँग ०७२ मा नेपालबाट केयरगिभर लैजाने समझदारी भएर पहिलो चरणमा ११० जनाको कोटा पाएपनि ती सबै नेपाली इजरायल जान पाएनन् भने त्यसयता सम्झौता कार्यान्वयनमा इजरायलले चासो नदिइरहदा नेपाली पक्षले त्यसको फलोअप नै भएन । सरकारी तवरबाट इपिएसमार्फत बार्षिक सरदर ५ हजार नेपाली दक्षिण कोरियाको रोजगारीमा जाने गरेकोमा यस क्षेत्रमा पनि पहलकदमी प्रयास भएमा कोटा अझ बढाउन सकिने थियो ।

श्रम समझदारी गरेता पनि कसरी धेरैभन्दा धेरै कामदार पठाउन सकिन्छ भनेर प्रयास गर्न नसक्दा नेपालीहरूले अपेक्षाकृत फाइदा लिन सकेका छैनन् । 'हामीले धेरै फाइदा लिन सक्थ्यौं तर सरकारी उदासिनताका कारण नेपालीले लाभ लिन सकेका छैनन्' नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित श्रेष्ठले बताए ।

## गन्तव्य खोजीमा अलमल

सरकारले वैदेशिक रोजगारका गन्तव्य प्रवर्द्धन गर्ने उद्देश्यसहित स्थापना गरेको वैदेशिक रोजगार बोर्डले पनि स्थापनायता नयाँ र आकर्षक गन्तव्य विकास गर्न सकेको छैन । बरु बोर्डको कल्याणकारी कोषमार्फत गन्तव्यको पहिचान गर्न श्रम मन्त्रालयबाट पटक-पटक विदेश भ्रमणमा जाने गरिएता पनि प्रतिवेदन बुझाउनेभन्दा कुनै प्रगति हुनै सकेको छैन ।

सबैभन्दा पहिला कुन मुलुकमा कस्तो जनशक्तिको खाँचो छ त्यो अनुसार नेपालीका लागि उपयुक्त हुने मुलुक छानेर पहल थालिनुपर्ने रोजगारविद गुरुङ बताउँछन् । 'अध्ययन गर्न भन्दै जाने अनि फर्किएर २-३ पन्ने प्रतिवेदन बुझाउँदैमा गन्तव्य भेटिदैन' गुरुङ भन्छन्- 'यसका लागि त बर्षैभरी प्रयत्नहरू गरिराख्ने र कुन देशमा कस्तो कामदारको माग छ त्यसलाई हेरेर छलफल अघि बढाइनुपर्छ ।'

यता वैदेशिक रोजगार व्यवसायीहरू पनि रोजगारीका लागि गन्तव्य खुल्ला गरेर मात्र सरकार पन्छिन नमिल्ने बताउँछन् । अब

गन्तव्य डाइभर्ट गर्नुपर्ने आवश्यक्ता भैसकेको भन्दै व्यवसायी संघका महासचिव श्रेष्ठ भन्छन 'नीजि क्षेत्रले गरेको सानो प्रयास गन्तव्य डाइभर्टका लागि सहयोगी भएपनि यो पर्याप्त हुनै सक्दैन, यसका लागि सरकार नै अघि बढ्न जरुरी छ किनकी नीजि प्रयासभन्दा सरकारी पहल फलदायी हुनेछ ।'

वैदेशिक रोजगार वोर्डका कार्यकारी निर्देशक राजन श्रेष्ठ सरकारले वैदेशिक रोजगारमा नेपालीहरू पठाउन प्रवर्द्धन नगर्ने बताउँछन् । उनी भन्छन्-'स्वदेशमा नै रोजगार गर्नका लागि प्रेरित गर्नु हाम्रो पहिलो कर्तव्य हो त्यसपछि मात्र नयाँ र राम्रा गन्तब्य खोज्नु हाम्रो दायित्व हो त्यसै अनुसार आमी अगाडि बढेका छौ ।'

## विकसित देशमा व्यक्तिगत स्वीकृतिमा

त्यसो त नेपालीहरू विकसित देशहरूमा पनि रोजगारीका लागि नगएका भने छैनन् तर त्यो संख्या ज्यादै न्यून छ र यसरी जानेहरू प्रायः व्यक्तिगत श्रम स्वीकृतिमा जाने गरेका छन । यसरी व्यक्तिगत श्रम स्वीकृतिमा अमेरिका, क्यानाडा, जापान, सेसेल्स, पोर्चुगल, पोल्याण्ड, माल्टा, माल्दिप्स, चिनलगायतका देशमा नेपालीहरू उडिरहेका छन् ।

उता साइप्रस, मकाउ, रोमानिया, जापान, टर्की, हङकङ, जोर्डनलगायतका केहि मुलुकमा मेनपावर व्यवसायीहरूले केहिको संख्यामा नेपाली कामदार पठाएपनि त्यो ज्यादै न्युन छ । सरकारी निकायले आवश्यक सहयोग नगर्दा सोचेअनुसार नेपाली कामदार त्यस क्षेत्रमा पठाउन नसकिएको मेनपावर व्यवसायीहरू गुनासो गर्छन् ।

## दलालको विगविगी ठगी बढ्दो

नयाँ र आकर्षक गन्तव्यमा जाने वातावरण बनाउन नसक्दा यसको फाइदा उठाउदै दलालहरूको विगविगी बढेको छ । लोभ र प्रलोभन देखाउदै यस्ता दलालहरू सक्रिय हुँदा अवैध बाटोबाट नेपालीहरू यस्तो मुलुक जाने ट्रेन बढेको छ । यसक्रममा दलालको भर पर्दा धेरै नेपालीले लाखौ रकम डुबाएका पनि छन भने कतिपय घर न घाटका पनि बनेका छन् ।

उता अहिले युरोप लगायत विकसित मुलुकमा पठाउने भन्दै ठगी गर्ने कन्सल्टेन्सीहरूका कारण पनि हजारौ नेपाली युवायुवती अलपत्र बनेका छन । शैक्षिक परामर्शदाताका रुपमा काम गर्ने अनुमति पाएका यस्ता कन्सल्टेन्सीहरूले भिजिट भिसा तथा अध्ययन भिसामा कामको ग्यारेण्टी लिएर विभिन्न युरोपेली मुलुकमा लैजाने भन्दै ठगी गरेका छन् ।

वैदेशिक रोजगार विभागमा समेत यस्ता धेरै उजुरी आएको भन्दै विभागका नवनियुक्त महानिर्देशक कुमार दाहालले अब मेनपावर कम्पनी मात्र नभएर वैदेशिक रोजगारीका नाममा पठाउने कन्सल्टेन्सी र व्यक्तिलाई पनि कानुनी दायरामा ल्याएर कारवाही थालिने बताएका छन । महानिर्देशक दाहाल भन्छन् -'विभागले वैदेशिक रोजगारका नाममा ठगी गर्ने मेनपावर मात्र होइन यससँग संलग्न सबैलाई कानूनी दायरामा ल्याउने छ ।'

## समन्वय र संयन्त्र निर्माणको खाँचो

स्वदेशमै रोजगारीका विकल्प नहुँदासम्म वैदेशिक रोजगार हाम्रा लागि बाध्यता बन्दा नयाँ र आकर्षक गन्तब्य खोजिनु पर्छ । अहिले भएका गन्तव्यलाई डाईभर्ट गर्न सके मात्र पनि वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका धेरै समस्या स्वतः न्यूनिकरण हुने विज्ञहरू बताउँछन । नयाँ रोजगार गन्तव्य विकासका लागि नीजि क्षेत्रले गरेका पहलले बाटो खुलाउनेसम्मका काम त होला तर त्यो पर्याप्त भने होइन । यसका लागि सरकारले नै पहल थाल्नुपर्ने र वैदेशिक रोजगार बोर्डलाई यस कार्यमा लगाउन सकिने विज्ञहरूले औल्याउँदै आएका छन् । उनीहरूले विदेशमा रहेका नेपाली कुटनैतिक निकायलाई समेत यस कार्यमा प्रयोग गर्न सकिने सुझाव दिदै आएका छन् ।

'रोजगार गन्तव्य नीजि क्षेत्रले नभई सरकारले प्रवर्द्धन गर्ने हो र यसका लागि वैदेशिक रोजगार बोर्ड तथा विदेशमा रहेका नेपाली कुटनैतिक निकायको भरपुर उपयोग गरिनुपर्दछ' रोजगारविद् गुरुङ भन्छन -'एक दुई पटक गएर मात्र गन्तव्य विकास गर्न सकिदैन, यसका लागि त एउटा संयन्त्र नै खडा गरेर बर्षैभरि यो काममा लगाइराख्नुपर्छ ।'

नेपाली कामदारको माग विश्वको हरेक देशमा छ । यसैले हामीले प्रयत्न गर्न सक्ने हो भने न्यून तलबमा अधिक काम गर्नुपर्ने अहिलेको अवस्थाबाट मुक्ति पाउदै राम्रो कमाई, सेवासुविधा र सुरक्षासहितको अवसरमा नेपालीहरू जाने वातावरण बन्ने थियो । यसका लागि श्रम मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, परराष्ट्र मन्त्रालय, विदेशस्थित नेपाली कुटनैतिक निकाय तथा नीजि क्षेत्र सबै पक्षको गाम्भिर्यता र समन्वयमा पहल थालिनु जरुरी छ ।

सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np



**भुवन दाहाल**, अध्यक्ष
नेपाल बैंकर्स संघ

# बैंक सरकारकै औजार हुन्

नेपालमा रहेका वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको संस्था नेपाल बैंकर्स संघको अध्यक्ष तथा गैरआवासीय नेपालीहरुद्वारा प्रवर्द्धित सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत हुन्, भुवन दाहाल । मध्यमवर्गीय परिवारमा २०२८ सालमा सिन्धुलीको मिमानमा जन्मिएका दाहालले सरकारी जागिर छोडेर अहिले सफल बैंकर बनेका छन् । नविल बैंकमा सहायक पदबाट बैंकिङ करियर शुरु गरेका दाहालले अधिकृत, वरिष्ठ अधिकृत, सहायक प्रवन्धक, प्रवन्धक, वरिष्ठ प्रवन्धक हुँदै सहायक महाप्रवन्धक बन्न सफल भए । २२ बर्ष नविल बैंकमा काम गरेपछि नेपालको सबैभन्दा कान्छो वाणिज्य बैंक सानिमा बैंकमा प्रवेश गरे । सानिमा बैंक प्रवेश गरेको ६ महिनामा दाहालले प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सफलतापूर्वक सम्हालिरहेका छन् । बैंकिङ क्षेत्रमा २७ वर्ष काम गरिसकेका दाहाल वाह्य लगानी, जोखिम विश्लेषण र सञ्चालनमा राम्रो ज्ञान भएका बैंकरका रुपमा चिनिन्छन् । दाहाललाई बैंकिङ क्षेत्रमा वौद्धिक र प्रभावशाली बैंकरका रुपमा सबैले लिन्छन् । मुलुकको वर्तमान बैंकिङ क्षेत्र विकास हुने क्रममा रहेको उनी बताउँछन् । सरकारले ल्याएको सामाजिक सुरक्षा कोषमा बैंकहरू जान नमानिरहेको अवस्थामा अध्यक्ष दाहाल केही नीति नियम संशोधन गर्नुपर्ने बताउँछन् । नवनियुक्त नेपाल बैंकर संघका अध्यक्ष भुवन दाहालसँग बैंकिङ क्षेत्रका समसामयिक विषयमा **अर्थ र रोजगारका फणिन्द्र दाहालले** गरेको कुराकानी :

**बैंक तथा वित्तिय क्षेत्रको नियामक निकायको प्रमुख अर्थात नेपाल राष्ट्र बैंकको गर्भनरको कार्यकाल सकिदैछ, गर्भनर फेरिदा बैंकिङ क्षेत्रमा कत्तिको असर गर्छ या उत्साह दिन्छ ?**

नेपाल राष्ट्र बैंक संस्थागतरुपमा चल्ने निकाय हो, जहाँ एकजना व्यक्ति परिवर्तन हुँदैमा धेरै परिवर्तन हुन्छ भन्ने मलाई लाग्दैन । अझ नयाँ आउने गर्भनर राम्रो भिजन भएको र बैंकिङ सेक्टर बुझेको भए भने हामीलाई काम गर्न एकदमै सजिलो हुन्छ । अहिले नयाँ गर्भनरका लागि पाइपलाइनमा वा चर्चामा रहेका नामहरू सबैजना बैकिङ सेक्टर बुझेको र राम्रो हुनुहुन्छ, त्यही कारण हामीलाई कुनै पनि समस्या वा असर पर्ला जस्तो लाग्दैन ।

**तपाई भर्खरै नेपाल बैकर्स संघको अध्यक्ष बन्नुभएको छ, तपाईहरूको संघ र सरकारबीचको सम्बन्ध कस्तो छ ?**

नेपालका बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरू एकै ठाउँमा रहनका लागि हाम्रो संघ स्थापना भएको हो । यसमा नेपाल राष्ट्र बैंकको कुनै भूमिका छैन । तर, राष्ट्र बैंकले बाणिज्य बैंकहरूलाई लाइसेन्स दिएपछि त्यो उद्देश्य पूर्तिको लागि संघ एउटा औजारको रुपमा वा साधनको रुपमा प्रयोग हुने हो । त्यही भएर सरकारसँग हामी एकदम नजिकमा रहेर सहकार्य गरिरहेका हुन्छौ । सरकार र बैंकहरूको उद्देश्य प्राप्तिको लागि पनि नजिक भएर काम गर्छौ । अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकसंग त बेलाबेलामा उच्च लेभलको मिटिङ हुन्छ । राष्ट्र बैंकसँगै हामी

सहकार्य गरेर काम गरिरहेका हुन्छौ ।

**तपाईले सरकारसँग नजिक भएर काम गर्छौ त भन्नुभयो तर सरकारले ल्याएको नीतिनियम चाँहि बैंकहरूले अटेर गरे भन्ने कुरा छ नि ? यहाँ जोड्न खोजेको बैंकहरू सामाजिक सुरक्षा कोषमा जान अटेर गरिरहेका छन् नि ?**

हामी सरकारकै औजारहरू हौं । हामीले नमान्ने भन्ने प्रश्नै छैन । तपाईले भन्नुभयो सामाजिक सुरक्षा कोषमा बैंकहरू किन जान सकिरहेका छैनन् भन्ने होला । यहाँ खाईपाइ आएको सुविधा नकट्ने व्यवस्था होस् भन्ने हाम्रो अनुरोध हो । सरकारले ल्याएको कार्यक्रम नराम्रो होइन तर जुन नियम तथा कार्यविधिहरू बनेको छ त्यहाँ चाहिँ अप्ठ्यारो भएको हुनाले केही विषय सशोधन गरिदिनुहोस् मात्र हामीले भनेका छौ । अहिले नेपाल सरकार आफैले कर्मचारी संचयकोष, नागरिक लगानी कोष संचालन गरिरहेको छ । हामी धेरै बैंकहरूले आफ्ना कर्मचारीको संचयकोषको रकम पठाउँछौ, नागरिक लगानी कोषमा उपदानको पैसा पठाउँछौ । यी दुईटै सरकारका निकायमा भएको पैसा अर्को तेस्रो निकायमा पठाउँन हामीलाई केही आपत्ति छैन । तर, खाईपाइ आएको सुविधा चै घट्यो, त्यसमा हेर्दिनुहोस् भनेर अनुरोध गरेको मात्र हो । यसमा हामीले राज्यलाई असहयोग गर्ने भन्ने प्रश्नै छैन

**बैंकहरूले धमाधम नाफा कमाइरहेका छन्, नाफा कमाउने नाममा सेवाग्राहीसंग लिने सेवाशुल्क अत्यधिक बढी भयो भन्ने गुनासो छ नि अनि बैंक पिच्छे फरक फरक सेवा शुल्क किन ?**

नेपालमा मात्र होइन संसारभर ब्याजदर र प्रोसेसिङ फि फरक फरक लिने चलन छ । यो संसारभरी हुने प्रचलन नेपालमा नयाँ होइन । सेवाशुल्क किन लिन्छौ भन्दा त्यसको प्रोसेसिङ अनि ब्याजको एउटा पाटो छ, हामीले निक्षेपकर्तालाई पैसा दिन्छौ त्यसमा हाम्रा केही खर्चहरू छन् । त्यसको आधारमा हामी इन्भेष्टमेन्ट चाँहि जोड्छौ त्यसपछि नाफा गर्ने कुरालाई प्रिमियममा जोड्छौ । यसरी ब्याजदर निर्धारण हुन्छ । त्यसैगरि ब्याजदर बढी भएर प्रोसेस फि कम हुने पनि हुनसक्छ तर यहाँहरूले भनेजस्तो ब्याजको अलावा हामीले चाँहि रिनियुलको काम, लोनको प्रोसेसिङ गर्दा लाग्ने खर्चहरूलाई सामान्यतया बैंकिङ क्षेत्रमा चाँहि प्रोसेसिङ फि भनेर लिइन्छ ।

**तर, ठुलो ऋण लिनेलाई कम ब्याजदर र सानो ऋण लिनेलाई बढी ब्याजदर छ नि ?**

त्यसो होइन, अहिले राज्यले पनि सानोलाई प्रोमोट गरेकै छ । सहुलियत कर्जाका रुपमा ब्याजमा ५ प्रतिशत राज्यको नियमानुसार दिइरहेको छ । हामीसंग साना कर्जा पनि छ र ठुला कर्जा पनि छ । साना

मुलुकमा स्थायी सरकार आएको छ, यसले लगानीको वातावरण बनेको र कर्जाको माग पनि भइरहेको छ । चाहे त्यो जुनसुकै क्षेत्रमा होस् । अहिले निक्षेपको भन्दा कर्जाको माग धेरै छ । निक्षेपले धान्ने अवस्थाभन्दा धेरै ज्यादा कर्जाको माग रहेको छ ।



ऋणी पनि हुनुहुन्छ, ठुला ऋणी पनि हुनुहुन्छ । दुवै खाले कस्टुमर हामी लिएर जान्छौ र तनाव भन्ने कुरा दुवैतिर हुनसक्छ । तर, हामी दुवै खाले ऋणीहरूलाई लिएर अगाडि बढ्ने हो ।

**सरकारले सहुलियत कर्जा अनिवार्य बैंकहरूले दिनु पर्ने प्रावधान बनायो तर कर्जा लिन पुगेका युवाहरूले पाउन सकेनन्, निराशा मात्र छायो, किन बैंकले सहुलियता कर्जा दिन नमानेको हो ?**

सरकारले नेपाली युवाहरूलाई स्वदेशमा नै उद्यमी बनाउनका लागि विभिन्न कार्यक्रम ल्याएको छ । त्यसमा सहुलियतपूर्ण कर्जा पनि हो । बैंकहरूले सहुलियत कर्जा प्रदान गरिरहेका छन् । अहिले त राष्ट्र बैंकले अनिवार्य यस्तो कर्जा दिनुपर्छ भनेर निर्देशन नै दिएको छ । तर, यहाँ सहुलियत कर्जा लिन आउनेहरूको पनि समस्या देखिन्छ । यो बैंकले दिने कर्जा हो कुनै अनुदान रकम होइन । कर्जा लिनका लागि डकुमेण्टेशन चै राम्रो हुन जरुरी छ, बैंकले कर्जा नदिने भन्ने कुरै आउँदैन ।

**अन्त्यमा नेपालका बैंक तथा बैकिङ क्षेत्रको अवस्था कस्तो छ ?**

नेपालको बैंकिङ्ग सिस्टमहरू राम्रो छ । तर, राम्रो छ भन्दैमा हामीले सुधार गर्नु पर्दैन भन्ने हैन । हामीले ग्राहक सेवालाई गुणस्तरीय कसरी बनाउने भन्नेमा निरन्तर लागिराखेका छौ । अब नेपाली बैंकहरू प्रविधिमैत्री हुँदैछन् । संसारका धेरै देशको बैंकिङभन्दा हाम्रो बैंकिङ कमजोर छैन । छिमेकी मुलुक भारतसँग नै तुलना गर्ने हो भने पनि हामी धेरै पछाडि छैनौं । मुलुकमा स्थायी सरकार आएको छ, यसले लगानीको वातावरण बनेको र कर्जाको माग पनि भइरहेको छ । चाहे त्यो जुनसुकै क्षेत्रमा होस् । अहिले निक्षेपको भन्दा कर्जाको माग धेरै छ । निक्षेपले धान्ने अवस्थाभन्दा धेरै ज्यादा कर्जाको माग रहेको छ ।

राष्ट्र बैंकले सुधारका लागि प्रयास गरिरहेको छ । अभिभावकले त सुध्रनका लागि आग्रह गर्ने हो, सुध्रने हामी हो । हामी राम्रो छौ तर अझै गर्न बाँकी छ, त्यसको लागि सल्लाह सुझावको लागि सबै सरोकारित पक्षसँग अनुरोध गर्दछु ।

# वैदेशिक रोजगारमा ठग्ने अब उम्कन पाउँदैनन् : महानिर्देशक दाहाल

वैदेशिक रोजगारका नाममा हुने ठगीमा पीडित बनेकालाई न्याय दिलाउन वैदेशिक रोजगार विभागले कुनै कसर बाँकी नराख्ने नवनियुक्त महानिर्देशक कुमार दाहालले बताएका छन् । भर्खरै मात्र विभागमा आएका महानिर्देशक दाहालले वैदेशिक रोजगारको नाममा ठगी गर्नेलाई फौजदारी अभियोग लगाएर कडाभन्दा कडा सजाय दिलाउने बताएका हुन् ।



वैदेशिक रोजगार पत्रकार समाजसँगको भेटघाटमा महानिर्देशक दाहालले वैदेशिक रोजगारका नाममा ठगी गर्ने जोकोहीलाई कारवाहीको दायरामा ल्याउने र उम्कन नपाउने बताएका छन् । उनले भने -'वैदेशिक रोजगारको ठगी फौजदारी अभियोगको एकदमै कडा सजाय हुने सेक्टर भित्र पर्छ, कोही उम्कन पाउँदैन ।' वैदेशिक रोजगारका नाममा पठाउने कन्सल्टेन्सी, व्यक्ति पनि अव कानूनी दायरामा ल्याउने महानिर्देशक दाहालको भनाई थियो ।

महानिर्देशक दाहालले भने -'हामीसँग भन्डैभन्डै एक सयदेखि डेढ सय मेनपावरका उजुरीहरू छन्, सबै उजुरी गलतै हुन् भन्न पनि सकिदैन, कहिले काँही काम गर्दा समस्या आउँछन् तर मेनपावरले आफ्नो जिम्मेवारी र उत्तरदायित्व निर्वाह गर्नुपर्छ ।'

महानिर्देशक दाहालले नियमविपरित काम गर्ने मेनपावर पनि कारवाहीको दायरामा ल्याउने बताएका छन् । उनले भने -'जसले जिम्मेवारी लिएर कामदारहरू विदेश पठाइरहेका छन् उनीहरूले आफ्नो कोड अफ कन्डक्ट चाहिँ पालना गरेनन् भने पक्कै दण्डको दायराभित्र पर्दछन् उम्किने कुनै सम्भावनै छैन ।'

महानिर्देशक दाहालले मेनपावर कम्पनीलाई धेरै कानूनी दायरामा ल्याइसकिएकोले अव सरकारले सहजीकरण गर्न आवश्यक भएको औल्याए । उनले भने- 'वास्तममा धेरै रेगुलेसन गरिएको रहेछ, मेनपावरहरूलाई दुई करोड रुपैंयाको धरौटी राखिएको छ, विभागको काम सबै अनलाईन सिस्टममा गएको छ, अव रेगुलेशन मात्र नभएर सहजीकरण पनि गर्नुपर्छ ।' विदेशमा सरकार आफैले परराष्ट्र मन्त्रालयमार्फत लविङ गरेर कामदारको कोटा ल्याएर मेनपावरलाई दिने हो भने खर्च मात्र कटौती हुँदैन अनुगमन गर्न पनि सजिलो पर्ने महानिर्देशक दाहालको भनाई छ ।

महानिर्देशक दाहालले वैदेशिक रोजगारमा जाने कामदारले अहिले पनि १० हजारभन्दा बढि तिरेर जानु परिरहेको र यसलाई रोक्न नसकिएको बताए । दाहालले भने-'वैदेशिक रोजगार विभागमा ठुलो विकृतिको रुपमा यो विषय छ, यो विषय सिधै पब्लिकसँग जोडिएको छ, साच्चै भन्ने हो भने दशै हजार तिरेर वैदेशिक रोजगारमा जाने मान्छे त मेरो विचारमा थोरै मात्र होलान् तर कागजीरुपमा भने दशै हजारको बिल पेस हुने गरेको छ ।' उनले नीति बनाउँदा नै धेरै पक्ष केलाउन जरुरी रहेको बताए । विभागको काम कारवाही सुधार्न निवर्तमान महानिर्देशक भिष्मकुमार भुषालले धेरै कार्ययोजना अगाडि ल्याएका थिए । महानिर्देशक दाहालले राम्रा कामको निरन्तरता दिने बताएका छन् । उनले भन -'हिजो महानिर्देशकले जुन काम गर्नु भएको थियो, जुन मापदण्डमा उहाँले छोड्नुभएको छ त्यही बटमलाइनलाई नै आधार मानेर म अगाडि बढ्छु ।'

महानिर्देशक दाहालले विभागको आफ्नै कार्यक्षेत्रमा पनि सुधार गर्दै जाने बताए । 'म शुन्य सहनशीलतामा काम गर्छु र म आफु गल्ति गर्दिन र अरुले गल्ति गरे भने जसले गरेको छ त्यसलाई पनि छोड्दिन' महानिर्देशक दाहालले भने-'वैदेशिक रोजगारका नाममा ठगी भइरहेको जानकारी पाएको ३० मिनेटभित्र म आफैं वा विभागका कर्मचारी सम्बन्धित ठाउँमा पुग्छौ र कारबाही गर्छौं ।'




रोजगार
एनआरएन
अर्थ
लगायतका
गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com

# लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएशनको नेतृत्वमा ढकाल

## व्यवसायीको समस्यामा साथ दिने पूर्वप्रम देउवाको बचन

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएशनको अध्यक्षमा नरेन्द्रप्रसाद ढकाल विजयी भएका छन् । एसोसिएशनको १० औं साधारणसभा पश्चात भएको निर्वाचनमा ढकालसहित १७ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको हो ।

नेपाली कांग्रेसको सुभेच्छुक संस्था रहेको फोरमको नेतृत्वलाई सर्वसम्मत बनाउन कांग्रेस नेताहरूले अन्तिम समयसम्म प्रयत्न गरेपनि सफल नभएपछि निर्वाचन भएको थियो । जसमा ढकालसहित भुवन सिं गुरुङ, ऋषि शर्मा र सीता देवकोटाबीच प्रतिस्पर्धा भएको थियो ।

यस्तै एसोसिएशनको वरिष्ठ उपाध्यक्षमा तारानाथ अर्याल, उपाध्यक्षमा जनक खड्का (प्रकाश), महासचिवमा भवानी निरौला, सचिवमा कमल काफ्ले, कोषाध्यक्षमा कृष्णकुमार जैशी निर्वाचित भएका छन् ।

यसअघि नै सहकोषाध्यक्ष पदमा अमिर बाँस्तोला र सदस्यहरूमा इश्वर सापकोटा, नारायण भुषाल, तोरण कुमार कार्की, चन्द्र बहादुर लिम्बु, सेते लाल पौडेल, नरेन्द्रमणी






पराजुली, विक्रम श्रेष्ठ, नगेन्द्र प्रसाद पोखरेल, राजेश गौतम र राजेश यादव निर्विरोध निर्वाचित भएका थिए ।

यसैबीच लोकतान्त्रिक रोजगार व्यवसायी एसोसिएशनका नवनिर्वाचित कार्यसमितिले नेपाली काँग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवासँग भेटवार्ता गरेको छ । देउवा निवासमा नवनिर्वाचित पदाधिकारीको परिचयात्मक कार्यक्रमका साथै वैदेशिक रोजगार क्षेत्रका समस्याका बारेमा चर्चा गरिएको महासचिव भवानी निरौलाले जानकारी दिए । एशोसिएशनका अध्यक्ष नरेन्द्रप्रसाद ढकालको नेतृत्वमा गएको लोकतान्त्रिक एसोसिएशनको नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै पूर्वप्रधानमन्त्री देउवाले कांग्रेस समर्थित व्यवसायीहरूलाई एकजुट भएर अगाडि बढ्न निर्देशन दिएका थिए ।

उनले देशमै पर्याप्त रोजगारीका अवसर सिर्जना नहुदासम्म वैदेशिक रोजगारीमा पठाउनुको विकल्प नरहेकोले सबैभन्दा पहिला कामदारको हकहित र सुरक्षामा जोड दिन व्यवसायीहरूलाई निर्देशन दिँदै वैदेशिक रोजगारको क्षेत्रमा आई पर्ने कुनै पनि संकटमा नेपाली काँग्रेसकोतर्फबाट पूर्ण साथ र सहयोग रहने प्रतिवद्धता व्यक्त गरे ।

सो अवसरमा एसोसिएशनका नवनिर्वाचित अध्यक्ष नरेन्द्र ढकालले वैदेशिक रोजगार व्यवसायको क्षेत्र पछिल्लो समय धरासायी बनेकोतर्फ इंकित गर्दै यसमा व्यापक नीतिगत सुधार आवश्यक रहेको र यसमा पार्टीले साथ दिनुपर्ने धारणा राखेका थिए । कार्यक्रम महासचिव भवानी निरौलाले संचालन गरेका थिए । कार्यक्रममा कार्यसमितिका पदाधिकारीहरू, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरे, पूर्वअध्यक्ष विमल ढकाल, महासचिव सुजित श्रेष्ठ, फोरमका पूर्व अध्यक्ष प्रज्ञान न्यौपाने लगायत व्यवसायीहरूको उपस्थिति थियो ।

# वैदेशिक रोजगारीमा जाने र फर्कनेको तथ्यांक अध्यागमनमै राख्न थालियो




वैदेशिक रोजगारमा जाने र फर्कने कामदारको आधिकारिक तथ्यांक अध्यागमन विभागले राख्न थालेको छ । वैदेशिक रोजगार विभाग र अध्यागमन विभागको सूचना व्यवस्थापन प्रणालीबीचको सहकार्यमा विदेश जाने र फर्कने नेपालीको तथ्यांक राख्न सुरु गरिएको हो । यसअघि वैदेशिक रोजगारीमा जाने र फर्कने नेपालीको आधिकारिक तथ्यांक कुनै निकायले राख्ने गरेको थिएन । वैदेशिक रोजगार विभागबाट जारी अन्तिम श्रम स्वीकृतिलाई विदेश गएका नेपालीको संख्या मानिदै आएपनि उनीहरूमध्ये कति विदेश गए या गएनन भन्ने आधिकारिक तथ्यांकका साथै विदेशबाट फर्कनेहरूको जानकारी बारे अन्यौलता कायमै थियो ।

अध्यागमन विभागसँगको सहकार्यमा विदेशीने र फर्कने नेपालीको छुट्टै तथ्यांक राख्न थालिएपछि श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेसँगै विजनेश र टुरिष्ट भिसामा विदेशिने र फर्कनेको पनि तथ्याङ्क रहने हुदा कुन देशमा कति नेपाली वैधानिक वा अवैधानिक भएर बसेका छन् त्यो पनि प्रष्ट हुने विभागले जनाएको छ ।

अध्यागमन विभागसँगको सहकार्यमा यस्तो तथ्याङ्क राख्न थालिएपछि विदेशमा रहेका र फर्किएका नेपालीको यकिन संख्यासँगै विदेशमा कुनैपनि नेपाली समस्यामा पर्दा र सम्पर्कविहीन हुँदा खोजीका लागि पनि सहयोग पुग्ने विभागको विश्वास छ । विभागका अनुसार अहिले दैनिक सरदर एकहजार जनाले अन्तिम श्रम स्वीकृति लिने गरेका छन भने झन्डै ४५ लाख नेपाली वैदेशिक रोजगारीको क्षेत्रमा रहेको विभागको अनुमान छ ।

# 'म्यान'को अध्यक्षमा किरणकुमार श्रेष्ठ

नेपाल व्यवस्थापन संघ (म्यान) को अध्यक्षमा राष्ट्रिय बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ निर्वाचित भएका छन् । संघको ३९ औ साधारणसभाले श्रेष्ठको नेतृत्वमा सर्वसम्मतले नयाँ कार्यसमिति चयन गरेको हो ।

केहि समयअघि मात्र म्यानले यस वर्षको उत्कृष्ट व्यवस्थापककारुपमा श्रेष्ठलाई सम्मान गरेको थियो । सरकारी स्वामित्वको बैंक राष्ट्रिय बाणिज्य बैंकलाई सबैभन्दा बढी नाफा कमाउने बैंक र उत्कृष्ट बैंक बनाउन सफल श्रेष्ठले यसअघि नेपाल बैंक लिमिटेडमा लामो अनुभव बटुलेका थिए । यस्तै म्यानको प्रथम उपाध्यक्षमा राष्ट्र बैंकका कार्यकारी निर्देशक बमबहादुर मिश्र संस्थागततर्फबाट र द्धितीय उपाध्यक्षमा आइएमईका प्रमुख कार्यकारी अधिकृत तथा ग्लोबल आइएमई बैंकका संचालक समितिका सदस्य सुमन पोखरेल व्यक्तिगततर्फबाट तथा महासचिवमा कृषि विकास बैंकका धर्मानन्द अवस्थी र कोषाध्यक्षमा अनु श्रेष्ठ जोशी निर्वाचित भएकी छिन् ।





सदस्यको निर्वाचनपछि कार्यसमितिका पदाधिकारीहरू निर्वाचित गर्ने म्यानको विधान अनुसार अहिले निर्वाचित पदाधिकारीहरू यसअघि सदस्यमा निर्वाचित भएका थिए । म्यानमा ११ जना ब्यक्तिगतबाट, ६ जना संस्थागतबाट सदस्य रहने तथा एक जना निवर्तमान अध्यक्ष र एक जना सरकारले मनोनित गरेर सदस्य पठाउँने व्यवस्था छ ।

# नवनियुक्त 'श्रम सहचारी र काउन्सिलर'लाई व्यवसायीको स्वागत



सरकारले खाडी मुलुम साउदी अरेबिया, युएई, बहराइन र कतारका लागि नियुक्त गरेका श्रम सहचारी तथा काउन्सिलरलाई सफल कार्यकालको शुभकामना दिदै वैदेशिक रोजगार व्यवसायीहरूले सहकार्य गरेर काम गर्नका लागि सुझाव दिएका छन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नवनियुक्त श्रम सहचारी र काउन्सिलरका लागि 'परिचयात्मक एवं शुभकामना' कार्यक्रमको आयोजना गर्दै नेपाली श्रमिक र मेनपावर व्यवसायीहरूले भोग्नुपरेका समस्या समाधानका लागि सहकार्य गरेर अघि बढन सुझाव दिएको हो ।

संघका अध्यक्ष विष्णुप्रसाद गैरेले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको समस्या समाधानमा व्यवसायीहरू पनि प्रतिवद्ध रहेको धारणा राख्दै व्यवसायी माथि परेका मर्काबारे पनि सोच्न र मिलेर काम गर्न श्रम सहचारी तथा काउन्सिलरलाई आग्रह गरेका थिए । उनले सहकार्यका लागि व्यवसायी संघ निरन्तर सम्पर्कमा रहने भन्दै सफल कार्यकालको लागि शुभकामना पनि दिएका थिए ।

कार्यक्रममा बोल्दै संघका पूर्वअध्यक्ष प्रेमबहादुर कटुवालले विदेशमा रहेका नेपाली कुटनैतिक नियोग तथा श्रम सहचारीहरूले व्यवसायीका कुरै नसुन्ने र सम्पर्कमै नआउने प्रवृत्ति पुनः नदोहोरियोस् भन्दै मिलेर काम गर्दा श्रमिक, व्यवसायी र सरकार तीनै पक्षलाई फाइदा हुने बताए । साथै पूर्वअध्यक्ष कटुवालले रोजगारदाता मुलुकका अफठयाराहरूबारे सरकारलाई अवगत गराउन पनि नवनियुक्त श्रम सहचारीहरूलाई सुझाव दिएका थिए ।

संघका पूर्वअध्यक्ष बलबहादुर तामाङले अनलाइनबाट माग प्रमाणिकरण गर्ने व्यवस्थाको पहलका लागि आग्रह गरेका थिए भने संघकै पूर्वअध्यक्ष एवं सल्लाहकार विमल ढकालले श्रम मन्त्रालय र परराष्ट्र मन्त्रालयको समन्वय हुन नसक्दा व्यवसायीहरू दुई मन्त्रालयको चेपुवामा परेको भन्दै यसको सहजिकरणका लागि भूमिका खेल्न आग्रह गरेका थिए ।

कार्यक्रममा साउदी अरबका लागि श्रम काउन्सिलरमा नियुक्त जिवन कुमार राईले व्यवसायीहरू तथा सरोकारवालाहरूसँग आफुहरू सम्पर्कमा रहने र सहकार्य गरेर काम गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । यस्तै युएईका लागि श्रम काउन्सिलरमा नियुक्त निर्मला थापाले मन्त्रालयबीचको समन्वय कायम गराउन आफुहरू लागिपर्ने बताइन् ।

सरकारले हालसालै मात्र साउदी अरेबियाको श्रम काउन्सिलरमा उपसचिव जीवनकुमार राई र संयुक्त अरब इमिरेट्स (युएई) का लागि निर्मला थापालाई नियुक्त गरेको छ भने बहराइनका लागि श्रम सहचारीमा शाखा अधिकृत दामोदर दाहाल र कतारका लागि अनुज गौतमलाई नियुक्त गरेको छ ।

# पर्यटन बोर्डको सिइओमा धनन्जय रेग्मी



नेपाल पर्यटन बोर्डको प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा डा. धनन्जय रेग्मी नियुक्त भएका छन् । बोर्डका अध्यक्ष तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीको अध्यक्षतामा बसेको बैठकले रेग्मीलाई सिइओमा नियुक्ति गरेको हो ।

यसअघि सिइओका लागि बोर्डले ३ जनाको नाम शिफारिस गरी पठाएको थियो । संचालक समितिमा पठाइएको उक्त सूचीमा डा. धनन्जय रेग्मी, दीपक बस्ताकोटी र हिक्मतसिंह ऐरको नाम रहेकोमा रेग्मीलाई नियुक्ति गरिएको हो ।

निवर्तमान सिईओ दीपकराज जोशीको कार्यकाल सकिएपछि गत मंसिर १८ गते सिईओका लागि विज्ञापन खुलाइएको थियो । विज्ञापनपछि १७ जनाले आवेदन दिएका थिए । रेग्मी नेपालको हिमाली भू-वैज्ञानिक र हिमनदी विज्ञका रुपमा चिनिन्छन् । उनको कार्यकाल चार वर्षको रहने छ ।

घर भाडामा दिँदा भाडामा लिने
व्यक्ति/संस्थाको परिचय खुल्ने
अद्यावधिक विवरणसहितको कागजात
लिई भाडामा बसेको र छोडेको विवरण
र जानकारी नजिकको स्थानीय प्रहरी
इकाईमा अनिवार्य दिने गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रशारण विभाग**

# मनराम एसकाज पत्रकारिता पुरस्कार शाक्यलाई

## संखुवासभाका पत्रकारलाई हरेक बर्ष २५ हजार राशीको सम्मान

लायन्स मनराम प्रतिष्ठान र संखुवासभा-काठमाडौ जर्नालिष्ट एसोसिएशन (एसकाज)द्वारा स्थापित 'मनराम-एसकाज पत्रकारिता पुरस्कार-२०७६'बाट संखुवासभाका पत्रकार कृष्णराज शाक्य पुरस्कृत पुरस्कृत भएका छन् । हरेक वर्ष संखुवासभामा रहेर पत्रकारिता गर्ने एक जना उत्कृष्ट पत्रकारलाई नगद २५ हजार राशीसहित प्रदान गरिदै आएको 'मनराम-एसकाज पत्रकारिता पुरस्कार' राजधानीमा आयोजित एक कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया र मनराम फाउण्डेशनकी संरक्षक मनमाया श्रेष्ठले संयुक्तरुपमा पत्रकार शाक्यलाई हस्तान्तरण गरेका थिए ।

पुरस्कृत पत्रकार शाक्य संखुवासभा खाँदबारीका हुन भने झण्डै डेढ दशकदेखि उनी मोफसलमा बसेर सक्रिय पत्रकारितामा संलग्न छन् । संखुवासभाको पहिलो एफएम रेडियो खाँदबारीमा स्टेशन मेनेजरका रुपमा कार्यरत शाक्यले विभिन्न रेडियो कार्यक्रमका लागि रिर्पोटिङ समेत गर्दै आएका छन् । पुरस्कृत शाक्यले यो पुरस्कारले आफुलाई थप जिम्मेवारीवोधको महशुस गराएको भन्दै



भोलिका दिनमा अझ राम्रो गर्दै जाने बताए ।

एसकाजले मनराम फाउण्डेशनसँगको सहकार्यमा २०७३ सालदेखि हरेक वर्ष मनराम-एसकाज पत्रकारिता पुरस्कार प्रदान गर्दै आएको छ । यसअघि संखुवासभा जिल्लामा रहि पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने क्रियाशिल पत्रकारहरू गंगा विष्ट, इन्द्र गिरी र दीपेन्द्र शाक्य मनराम-एसकाज पत्रकारिता पुरस्कारबाट पुरस्कृत भइसकेका छन् । संखुवासभामै रहेर पत्रकारिताको माध्यमबाट जिल्लाको समग्र विकासमा योगदान पुऱ्याउने संचारकर्मीलाई थप प्रोत्साहित गर्न यस पुरस्कार स्थापना गरिएको जानकारी दिदै यस वर्षको पुरस्कारबाट शाक्यलाई सम्मान गरिएको एसकाजका अध्यक्ष हेमन्त गौतमले बताए ।

पुरस्कार वितरण कार्यक्रमका प्रमुख अतिथि तथा प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले पत्रकारिता क्षेत्रमा काम गर्न सहज नभएपनि यस्ता पुरस्कारले हौसला प्रदान गर्ने बताउँदै पुरस्कृत पत्रकारलाई अझ जिम्मेवार भएर लाग्न आग्रह गरे । मनराम एसकाज पत्रकारिता पुरस्कार वितरण कार्यक्रममा मनराम फाउण्डशनका महासचिव रामप्रसाद घिमिरे, एसकाजका संस्थापक अध्यक्ष दिपेन्द्र वान्तवा, एसकाजका महासचिव उद्दव भट्टराईले मनराम-एसकाज पत्रकारिता पुरस्कारका बारेमा बोलेका थिए ।

कार्यक्रममा निर्वाचन आयोगकी सचिव वेदमायाँ गुरागाई, राष्ट्रिय बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ, कर्मचारी संचयकोषका प्रमुख प्रशासक तुलसी गौतम, संखुवासभा समाज अमेरिकाकी अध्यक्ष शान्ति श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।



# ब्लड क्यान्सर बिरामी चेम्जोङलाई एनआरएनए मलेसियाको आर्थिक सहयोग



लामो समयदेखि ब्लड क्यान्सर रोगबाट थलिएर काठमाडौको टिचिङ अस्पतालमा उपचार गराइरहेकी पाँचथर फागुनन्द गाउँपालिका ६ की इन्दिरा चेम्जोङलाई गैरआवासीय नेपाली संघ मलेसियाले १ लाख २ हजार रुपैयाँ सहयोग प्रदान गरेको छ ।

महाराजगंजमा रहेको टिचिङ अस्पतालमा नै पुगेर एनआरएनए मलेसियाका अध्यक्ष हरि भट्टराई, महासचिव हेमराज सापकोटा र सल्लाहकार चोलाकान्त पंगेनीले विरामी चेम्जोङलाई उक्त रकम हस्तान्तरण गरेका हुन् ।

एनआरएनए एनसीसी मलेसियाका केन्द्रिय सदस्य सन्तोष प्रकाश रिजालको पहलमा मलेसियामा रहेका नेपालीहरूबाट उक्त सहयोग रकम संकलन गरीएको महासचिव सापकोटाले जानकारी दिए । यस्तै एनआरएनए मलेसियाका अध्यक्ष भट्टराईले आफुहरूले गरेको सहयोग रकम सानो भएपनि विश्वभर रहेका नेपालीहरूलाई अझ सहयोग गर्न आग्रह गरे । विरामी चेम्जोङले सहयोगका लागि एनआरएनए मलेसियालाई धन्यवाद दिदै आफ्नो उपचारमा सुधार हुँदै गएपनि अझ धेरै खर्च लाग्ने हुदा प्रवासी नेपालीहरूबाट यस्तै सहयोग पाउने अपेक्षा राखेको बताइन् ।



# पोखरामा एनआरएनएको 'फेस टु फेस' बैठक



गण्डकी प्रदेशको पोखरामा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको 'फेस टु फेस बैठक' १४ बुँदे निर्णय गर्दै सम्पन्न भएको छ । माघ ४ र ५ गते २ दिनसम्म चलेको बैठकमा संस्थाको संस्थागत सुदृढिकरणका साथै आगामी कार्ययोजनाका बारेमा बृहत छलफल भएको थियो ।

संघका अध्यक्ष कुमार पन्तको अध्यक्षतामा बसेको बैठकमा विभिन्न मुलुकबाट आएका संघका आइसीसी पदाधिकारी, आइसीसी सदस्यहरू, संरक्षक तथा सल्लाहकारहरू गरी ५८ जना सहभागी भएको संघको सचिवालयले जानकारी दिएको छ ।

बैठकले भ्रमण वर्ष सफल पार्न सक्रियतापूर्वक लाग्ने, आइसीसी र एनसीसीका बार्षिक कार्यक्रम तथा कार्ययोजना १ महिनाभित्र सार्वजनिक गर्ने, अन्तर्राष्ट्रिय महाधिवेशन नभएको वर्ष विश्वसम्मेलन गर्ने, नेपाल सरकार सँगको साझेदारीमा सन् २०२० को अक्टोबरमा दोश्रो एनआरएन विश्वविज्ञ सम्मेलन गर्ने निर्णय गरेको छ ।

स्मार्ट एनआरएनए परियोजना तथा एनआरएनए फाउण्डेशन स्थापनाका लागि आवश्यक विधान संशोधनका लागि विशेष महाधिवेशनको मिति तय गर्ने र एनआरएनए फाउण्डेशनको दर्ता प्रक्रिया अघि बढाउने, संघको सदस्यता वितरण तथा निर्वाचनलाई डिजिटिलाइजेशन गर्ने, संघको आर्थिक पारदर्शीता कायम गर्दै हरेक ३ महिनामा वित्तिय विवरण सार्वजनिक गर्ने लगायतका निर्णय पनि पोखरा बैठकले गरेको छ ।

यस्तै वैदेशिक रोजगारीको क्षेत्रमा रहेका समस्याको पहिचान गर्दै समस्या समाधानको लागि विज्ञहरूको कार्यदल गठन गर्ने, श्रम बैंक स्थापनामा सहकार्य गर्ने, वैदेशिक सामाजिक सुरक्षा कोषको यथासिघ्र कार्यान्वयन र महिला कामदारका समस्या समाधानका लागि पहल गर्ने, नागरिकता ऐन चाडो टुंगयाउन पहल गर्ने, संघको कोष मजबुद बनाउने लगायतको निर्णय पनि बैठकले गरेको छ ।

यसैबीच संघ र काठमाडौ महानगरपालिकाबीच नमुना सार्वजनिक शौचालय निर्माण गर्ने सम्झौता भए अनुसार उक्त कार्य अघि बढाउन बैठकमा सहभागी सदस्यहरूबाट ४० लाख रुपैया सहयोग संकलन भएको संघ सचिवालयले जानकारी दिएको छ । साथै संघले छात्रा शौचालयको समस्या भएका विकट तथा ग्रामिण क्षेत्रका विद्यालयहरूसँग सहकार्य गरी शौचालय निर्माण गर्ने निर्णय पनि गरेको छ ।

गण्डकी प्रदेशमा बैठक सम्पन्न भएलगत्तै संघका पदाधिकारीहरू र गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ तथा प्रदेश सरकारका प्रतिनिधीहरूबीच गण्डकी प्रदेशमा लगानी प्रवर्द्धन गर्ने विषयमा अर्न्तक्रिया कार्यक्रमसमेत भएको थियो ।

# बेल्जियममा कंसाकर र श्रेष्ठलाई सम्मान

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद (एनआरएनए एनसीसी) बेल्जियमको महिला फोरमले मिस नेपालको आयोजक संस्था हिडन ट्रेजर नेशनलका निर्देशक प्रमोदरत्न कंसाकर र मिस नेपाल अनुष्का श्रेष्ठलाई सम्मान गरेको छ । एनआरएनए एनसीसी बेल्जियमकी महिला फोरम संयोजक सुशीला खतिवडाले एक कार्यक्रमकाबीच कंसाकर र श्रेष्ठलाई सम्मान गरेकी हुन् ।



एनआरएनए बेल्जियमका अध्यक्ष चित्र सुबेदीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमलाई महिला फोरमकी उपसंयोजक सरिता खडकाले संचालन गरेकी थिइन । सो अवसरमा महिला फोरमकी संयोजक खतिवडाले बेल्जियमको आन्त्वेर्पेनमा ८ मार्चका दिन भब्यरुपमा नारी दिवश मनाउने निर्णय भएको जानकारीसमेत दिएकी थिइन ।

कार्यक्रममा बोल्दै अध्यक्ष सुवेदीले मिस नेपाल अनुस्का श्रेष्ठले संचालन गरेको 'ब्यूटी वीथ प्रपोज' अभियानमा सहयोग गर्न आफुहरू पनि प्रतिवद्ध रहेको भन्दै ८ मार्चमा मनाइने नारी दिवसलाई फरक र उपलब्धिमुलक तरिकाले मनाउन सुझाब दिएका थिए ।

मिस नेपाल श्रेष्ठले अनुष्काले ब्यूटी विथ प्रपोज प्रोजेक्ट अन्तर्गत सिन्धुपाल्चोकका १४० घरपरिवारका आमा र बच्चाहरू लक्षित जीवीकोपार्जनमुखी कार्यक्रम सञ्चालन गर्न लागिएकाले यस परोपकारी अभियानमा सहयोग गर्न सबैलाई अनुरोध गरेकी थिइन् ।

# निःशुल्क कानुनी परामर्शका लागि पिपुल्स लिगल र एनआरएनएबीच सहकार्य




गैरआवासीय नेपालीलाई निःशुल्क कानुनी परामर्श दिने गरी गैरआवासीय नेपाली संघ र पिपुल्स लिगल एसोसियट्सबीच सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा संघका प्रमुख कार्यकारी अधिकृत डा. हेमन्तकुमार दवाडी र पिपुल्स लिगल एसोसियट्सका प्रबन्ध निर्देशक अधिवक्ता रामचन्द्र पौडेल (आरसी विमल)ले हस्ताक्षर गरेका छन्।

सम्झौता अनुसार अब पिपुल्स लिगल एसोसियट्सले विश्वभर रहेका गैरआवासीय नेपाली संघका सदस्यहरूलाई नेपालमा कुनै पनि कानुनी समस्या पर्दा निःशुल्करुपमा कानुनी परामर्श सेवा दिनेछ।

नेपालीका लागि नेपाली अभियान अन्तर्गत विदेशमा रहेका नेपालीलाई नेपालमा निःशुल्क कानुनी परामर्श दिने उद्देश्यले यो सम्झौता गरिएको गैरआवासीय नेपाली संघका युरोप उपसंयोजक शुक्रराज न्यौपानेले बताए। पिपुल्स लिगल एसोसियट्सका प्रबन्ध निर्देशक पौडेलले विश्वभर छरिएर रहेका हरेक गैरआवासीय नेपालीलाई कुनै पनि कानुनी परामर्शको आवश्यक्ता परे संस्थाले निःशुल्क परामर्श दिने प्रतिबद्धता व्यक्त गरेका थिए।

## 'एनआरएन दोस्रो विज्ञ सम्मेलन' धुलिखेलमा हुँदै

गैरआवासीय नेपाली संघ (एनआरएनए) को आयोजनामा हुने दोश्रो एनआरएन विज्ञ सम्मेलन आगामी अक्टोवरमा काभ्रेको धुलिखेलमा गर्ने निर्णय भएको संघका महासचिव डा. हेम राज शर्माले जानकारी दिएका छन।

यस अघि पहिलो सम्मेलन सोल्टी होटलमा भएको थियो। होटलमा सम्मेलन गर्दा खर्च बढी लागेको र सहभागी पनि सोचेअनुरुप नभएको भन्दै यस पटकको सम्मेलन धुलिखेलमा रहेको काठमाडौ विश्वविद्यालयमा गर्न लागिएको संघले जानकारी दिएको छ।

सम्मेलनको तयारीका लागि तथा यसलाई भब्यरुपमा सम्पन्न गर्न संघका उपाध्यक्षद्धय सोनाम लामा र मन केसी, कोषाध्यक्ष महेश श्रेष्ठसहितको टोलीले काठमाडौं विश्वविद्यालयका उपकुलपती, डिनहरू, विभागीय प्रमुखहरू लगायत उच्चपदाधिकारीसँग छलफल गरेको छ।

यसअघि संघले एनआरएन विज्ञ सम्मेलनका विषयमा परराष्ट्र मन्त्रालय लगायत नेपाल सरकारका उच्चअधिकारीसंग छलफल गरेको थियो।

# पोर्चुगलमा दूतावास स्थापनाको माग गर्दै परराष्ट्र मन्त्री ज्ञवालीलाई ज्ञापनपत्र

पोर्चुगलमा दूतावास स्थापनाको माग गर्दै गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद (एनआरएनए एनसीसी) पोर्चुगलले परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीलाई भेटेर ज्ञापनपत्र बुझाएको छ। एनआरएनए पोर्चुगलका अध्यक्ष तिलकप्रसाद गैरेले नेपाली नियोग नहुदा पोर्चुगलमा रहेका नेपालीहरूले ठुलो सास्ती भोग्नुपरेको भन्दै मन्त्री ज्ञवालीलाई उनकै कार्यकक्षमा पुगेर ज्ञापनपत्र बुझाएका थिए।



'पछिल्लो समय पोर्चुगलमा नेपालीको संख्या धेरै बढेको र दूतावास नहुदा समस्या भोग्नुपरेको हुदा यहाँ रहेका नेपालीको सहजताका अलवा नेपालमा लगानी भित्र्याउन तथा पर्यटन प्रवर्द्धनका लागि यथासक्य दूतावास स्थापनाका लागि आग्रह गर्दछौं' ज्ञापनपत्रमा भनिएको छ। अहिले पोर्चुगलमा रहेका नेपालीलाई कुनै काम पर्दा फ्रान्समा रहेको नेपाली दूतावास नै धाउनुपर्ने बाध्यता रहेको छ।

ज्ञापनपत्र बुझ्दै मन्त्री ज्ञवालीले एनआरएनए पोर्चुगलको मागप्रति नेपाल सरकार सकारात्मक रहेको बताउदै धेरै संख्यामा नेपालीहरू रहेका मुलुकमा नेपाली कुटनैतिक नियोग स्थापनाका लागि सरकारले छलफल चलाइरहेको र यो कार्य जति सक्दो चाडो सम्पन्न गर्ने बताए।

# 'काठमाडौं नेचुरोपेथी अस्पताल'मा गैरआवासीय नेपालीलाई छुटै-छुट

विना अपरेशन तथा औषधी प्राकृतिक प्रविधिद्धारा उपचार सेवा दिदै आएको काठमाडौं नेचुरोपेथी अस्पताल र गैरआवासीय नेपाली संघबीच गैरआवासीय नेपालीहरूलाई अस्पतालका विभिन्न सेवामा छुट दिनेगरी सम्झौता भएको छ ।

संघको बालुवाटारस्थित केन्द्रीय कार्यालयमा भएको उक्त सम्झौतामा संघका प्रमुख कार्यकारी अधिकृत हेमन्तकुमार दवाडी र काठमाडौं नेचुरोपेथी अस्पतालका अध्यक्ष गणेश पाण्डेले हस्ताक्षर गरेका छन । सम्झौता अनुसार अब काठमाडौं नेचुरोपेथी अस्पतालको सेवामा गैरआवासीय नेपाली तथा उनीहरूका परिवारले १० देखि २५ प्रतिशतसम्म छुट पाउने अस्पतालका अध्यक्ष पाण्डेले जानकारी दिए ।

सो अवसरमा गैरआवासीय नेपाली संघका अध्यक्ष कुमार पन्त, उपाध्यक्ष अर्जुनकुमार श्रेष्ठ, सचिव गौरीराज जोशी, अस्पतालका कार्यकारी निर्देशक शारदा गैरे, मेडिकल निर्देशक डा. यञ्जन गैह्रे, प्रबन्धक विनादेवी घिमिरे लगायतको उपस्थिति थियो ।




अत्याधुनिक सेवा-सुविधासहित काठमाडौंको बसुन्धारामा स्थापित काठमाडौं नेचुरोपेथी अस्पतालमा औषधीविहीन चिकित्सा पद्दतिहरू प्राकृतिक चिकित्सा, फिजियोथेरापी, मसाजथेरापी, हाइड्रोथेरापी, अकुपञ्चर तथा अकुप्रेसर, योगथेरापी, भोजन परामर्श साथै जीवनशैली क्लिनिकको माध्यमबाट उपचार गरिने अस्पतालले जानकारी दिएको छ ।

यस अस्पतालमा विशेषगरी दीर्घकालिन रोगहरू कम्मर, गर्दन, घुँडा दुखाई, प्यारालाइसिस, नशा च्यापिने तथा नशा सम्बन्धी समस्या, बाथ, हड्डी खिइने तथा हाडजोर्नी सम्बन्धी समस्या, पिनास, माइग्रेन, टाउको दुखाइ, तनाव, डिप्रेसन तथा अन्य मानसिक समस्या, मधुमेह, उच्च रक्तचाप, ग्यास्ट्रिक, पायल्स, कब्जियत, दम, खोकी, महिनावारी गडबडी, मोटपना आदि रोगहरूको निदान गरिने अस्पतालका मेडिकल निर्देशक डा. यञ्जन गैह्रेले बताए ।

अन्तरंग सेवा, बहिरंग सेवा, ल्याब, भीआइपी आवास कक्ष रहेको काठमाडौं नेचुरोपेथी अस्पतालमा दक्ष, अनुभवी तथा विशेषज्ञ प्राकृतिक चिकित्सक, फिजियोथेरापिष्ट, योग थेरापिष्ट, नेचुरल थेरापिष्ट, नर्सिङ स्टाफ र अन्य अनुभवी जनशक्तिबाट बिरामीको उपचार गरिनुका साथै निरोगीलाई समेत दीर्घजीवी रहनका व्यवस्थित जीवनशैली क्लिनिक संचालन गरिएको अस्पतालले जानकारी दिएको छ ।






# नेपाली व्यवसायी संघ कतारको अध्यक्षमा पुनः चौलागाई

नेपाली व्यवसायी संघ कतारको प्रथम ऐतिहासिक अधिवेशनले महेन्द्र चौलागाईको अध्यक्षतामा १९ सदस्यीय कार्यसमिति सर्वसम्मतले चयन गरेको छ । कतारमा रहेका नेपाली व्यवसायीहरूले २ वर्ष अघि स्थापना गरेको संघमा यसअघि पनि चौलागाई नै अध्यक्ष रहेका थिए ।

कतारको दोहामा सम्पन्न संघको पहिलो ऐतिहासिक अधिवेशनमा प्रमुख अतिथिका रुपमा गैरआवासीय नेपाली संघका अध्यक्ष कुमार पन्त, विशेष अतिथिकारुपमा नेपाली दुतावासका नियोग उप-प्रमुख लक्ष्मण खनाल तथा अतिथिकारुपमा विभिन्न संघसंस्थाका प्रतिनिधीहरू सहभागी रहेका थिए ।




संघको नवगठित कार्यसमितिको उपाध्यक्षमा एनआरएनए आइसीसी सचिवसमेत रहेका राजेन्द्र कुमार शर्मा (आरके), नरेन्द्र बहादुर भाट, राज रेग्मी, सागर नेपाल र प्रकाश कोइराला चयन भएका छन । त्यसैगरी महासचिवमा रमेश भट्ट, सचिबमा पुर्ण पोखरिया र सुनिल कुमार घिमिरे, कोषाध्यक्षमा चुडामणी कार्की र सहकोषाध्यक्षमा अब्दुल वासिद चयन भएका छन् । यस्तै सदस्यहरूमा राम कुमार श्रेष्ठ, नबिन सत्याल, युवराज शर्मा, पिताम्बर चापागाई, धनबहादुर बलायर, रामु रेग्मी, बालकृष्ण शर्मा र सुरज बुढाथोकी चुनिएका छन् । २१ सदस्यीय कार्यसमिति रहनेमा बाकी २ सदस्य संघको प्रथम बैठकले मनोनयन गर्ने संघले जानकारी दिएको छ ।

अधिवेशनमा बोल्दै प्रमुख अतिथिसमेत रहेका गैरआवासीय नेपाली संघका अध्यक्ष कुमार पन्तले कतारमा रहेका नेपाली व्यवसायीहरूले एनआरएनए अभियानमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै सम्पूर्ण व्यवसायीहरू एकवद्ध भएर अगाडि बढेकोमा खुसी व्यक्त गरे । साथै उनले नेपाल भ्रमण वर्ष २०२० सफल पार्न कतारमा रहेका सम्पूर्ण नेपाली व्यवसायीहरूलाई आ-आफ्नो ठाँउबाट भूमिका खेल्नसमेत आग्रह गरेका थिए ।

संस्थाका महासचिव सागर नेपालले संचालन गरेको कार्यक्रममा उपाध्यक्ष नरेन्द्र बहादुर भाटले स्वागत मन्तव्य राखेका थिए भने अर्का उपाध्यक्ष आरके शर्माले सामाजिक उत्तरदायीत्वसहितको व्यवसाय बारे प्रष्ट पारेका थिए । यस्तै कार्यक्रममा मेडिकल व्यवसायी डा. नितेस अर्याल तथा एनआरएनएका मध्यपूर्व संयोजक प्रविन गुरुङले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा संस्थाका संरक्षक देबकाजी डंगोल तथा अतिथिकारुपमा संस्थाका सल्लाहकार तथा एनआरएनए आइसीसी सल्लाहकार टि.बी कार्की र पर्शुराम दाहालको सहभागिता रहेको थियो ।

सोही अवसरमा नेपाली राजदूतावास दोहाबाट सेवानिवृत भई नेपाल फर्कन लागेका श्रम सहचारी नरेन्द्र ज्ञवाली र श्रम काउन्सेलर शिवराम पोखरेललाई व्यवसायी संघले विदाई तथा सम्मान गरेको थियो । यस्तै गल्फ टाईम्सका प्रतिनिधि उशा वाग्ले र शिवराज गौतमलाई संस्थाका लागि पुऱ्याएको योगदानको कदर गर्दै मायाको चिनोका साथ सम्मान गरिएको थियो ।

कार्यक्रममा संघका अध्यक्ष महेन्द्र चौलागाईले कतारमा रहेका नेपाली व्यवसायीहरूको हकहित तथा सुरक्षाका साथै कतारी र नेपाली व्यवसायीहरूबीच सुमधुर सम्वन्ध स्थापित गर्दै स्वदेशमा लगानी भित्रयाउने पहलमा संघ लागिपर्ने प्रतिवद्धता व्यक्त गरे ।

# व्यवसायीलाई **श्रम स्वीकृतिको बाध्यता** हटाउन माग



नेपाली व्यवसायी संघ कतारले व्यवसायीहरूले पनि अनिवार्य श्रम स्वीकृति लिनुपर्ने बाध्यताकारी व्यवस्था हटाउन माग गरेको छ । संघले नेपाली दूतावास कतारमार्फत व्यवसायीका लागि झण्झटिलो श्रम स्वीकृतिको व्यवस्था हटाउन अनुरोध गरेको हो ।

संघका अध्यक्ष महेन्द्र चौलागाईसहित दुतावास पुगेको व्यवसायीहरूको टोलीले कतारका लागि नेपाली राजदूत डा.नारदनाथ भारद्वाजलाई ज्ञापनपत्र बुझाउँदै व्यवसायीलाई पनि श्रमस्वीकृति लिनुपर्ने झण्झटिलो व्यवस्था हटाउनका लागि सरकारलाई पहल गरिदिन अनुरोध गरेको थियो । अहिले कतार जाँदा कामदारले जस्तै व्यवसायीले पनि एकै प्रकृयाबाट श्रम स्वीकृति लिनुपर्ने प्रावधान रहेको छ ।

कतारको कानुनमा ४९ प्रतिशतसम्म हिस्सा कायम हुनेगरी आप्रवासीहरूलाई व्यापार व्यवसाय गर्न दिने व्यवस्था गरेको छ । यो व्यवस्थाको कारण नेपालीहरूले स्थानीय नागरिकसँगको साझेदारीमा कतारमा व्यापार व्यवसाय गर्दै आएका छन् । यसरी व्यापार व्यवसाय गर्ने आप्रवासीका लागि छुट्टै भिसाको व्यवस्था कतारले नगरेकाले उनीहरू पनि कामदार भिसामै कतार जानुपर्ने बाध्यता रहेको छ ।

ज्ञापनपत्रमा भनिएको छ- 'कतार सरकारले बिजनेश भिसाको व्यवस्था नगर्दा कामदार भिसामै जानुपर्ने र यसका लागि वैदेशिक रोजगार विभागबाट अनिवार्य श्रम स्वीकृति लिनुपर्ने व्यवस्थाले व्यवसायीहरू थप समस्यामा परेका छन । अर्कोतिर हालैका दिनमा श्रम स्वीकृतिमा पनि कडाई गरिएकाले पहिलाको पेशाको पद नाम र हालको पेसाको पद नाममा फरक पर्ने भएमा इम्प्लोइमेन्टको करार देखाउनु पर्ने, श्रम कार्यालयमा स्वयं उपस्थित हुनुपर्ने लगायतका अन्य थप शर्तहरूले प्रकृया अझै झन्झटिलो हुन पुगेको छ ।'

संघका अध्यक्ष महेन्द्र चौलागाई भन्छन्- 'एकातिर कैयौ नेपाली कामदारकारुपमा कतार गएर अहिले व्यवसायी बनेका छन उनीहरूका लागि श्रम स्वीकृति नविकरण गर्दा पहिलेको पदनाम र अहिलेको पदनाममा फरक पर्ने हुदा समस्या आएको छ । अर्कोतिर छोटो समयमा धेरै व्यवसायीक कामहरूका लागि यात्रा गरिरहनुपर्ने व्यवसायीहरूका लागि पनि समय र प्रक्रियाको हिसाबले यो व्यवस्था झन्झटिलो र अत्यास लाग्दो भइरहेको छ ।'

नेपालबाट पहिलो पटक वैदेशिक रोजगारमा आउँदा जे सुकै पदमा आएका भएता पनि हाल व्यवसाय गरिरहेका व्यवसायीहरूको उपयुक्त वर्गिकरण गरी वा कुनै विधि अपनाई उक्त झन्झटिलो प्रकृया अन्त्य गरेर प्रमाणित व्यवसायीहरूलाई विना श्रम स्वीकृति नै यात्रा गर्न सक्ने व्यवस्था गरिदिन संघले अनुरोध गरेको छ ।

संघले भनेको छ- 'व्यवसायी पहिचानको मुख्य आधार कतारको कम्पनि रजिस्टार्ड प्रमाणपत्रमा नाम उल्लेख हुनु हो । तसर्थ त्यसैलाई आधार मानेर वा कुनै परिचयपत्र जारी गरेर अथवा व्यवसायीहरूको आधिकारीक सूची तयार गरेर कार्यन्वयन गर्न सकिनेछ ।' संघले सहजताका लागि नेपाली राजदूतावासले माग गरेबमोजिमका कागजातहरू पेस गर्न र आवश्यक समन्वय तथा सहजिकरण गर्न सदैव तत्पर रहेको जनाएको छ ।

कतारका लागि नेपाली राजदूत नारदनाथ भारद्धाजले व्यवसायीले भोगिरहेका समस्यालाई समाधान गर्न दूतावासले सहयोग गर्ने बताए । उनले व्यवसायीका मागलाई सम्बन्धित निकायमार्फत समाधान गर्ने आश्वासनसमेत दिएको संघले जनाएको छ ।

# बेलायतको **रस्मोर बरो काउन्सिल र गोरखा नगरपालिका**बीच भगिनी सम्बन्ध

बेलायतस्थित नेपाली दूतावासको पहल र स्थानीय काउन्सिलसँगको सहकार्यमा बेलायतमा सबैभन्दा धेरै नेपालीहरूको बसोवास रहेको रस्मोर बरो काउन्सिल र नेपालको गोर्खा नगरपालिकाबीच भगिनी सम्बन्ध गास्ने सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा गोरखा नगरपालिकाका मेयर राजनराज पन्त र रश्मोर काउन्सिलका मेयर सु कार्टरले रसमोर काउन्सिल भवनमा हस्ताक्षर गरेका हुन ।

सम्झौतापत्रमा दुवै नगरले एकआपसमा सामाजिक, सांस्कृतिक, प्राविधिक, शैक्षिक, आर्थिक तथा विकास निर्माणलगायतका कार्यमा एकअर्काबीच सहयोग आदानप्रदान गर्ने सहमति भएको छ । यस सम्झौताले दुई देशबीचको सम्बन्ध अझ बढि दरिलो हुने विश्वास व्यक्त गर्दै लन्डनस्थित नेपाली दूतावासले सम्झौता लगत्तै एक विशेष कार्यक्रमको आयोजनासमेत गरेको थियो । उक्त कार्यक्रममा रस्मुर बरोका काउन्सिलर डेभिड क्लिफोर्ड, उपमेयर फ्यांक रोस्ट, गोरखा नगरपालिकाका मेयर पन्त लगायतका स्वदेशी एवं विदेशी व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै बेलायतका लागी नेपाली राजदूत दुर्गा बहादुर सुवेदीले यस सम्बन्धले दुवै पक्षबीच सांस्कृतिक, पर्यटन, शिक्षा तथा व्यापारका क्षेत्रमा थप सहयोग पुग्ने आशा व्यक्त गरे । साथै उनले घुम्नका लागि नेपाल विश्वकै उत्कृष्ट गन्तव्य रहेको भन्दै विदेशी सहभागीहरूलाई नेपाल भ्रमण गर्न आग्रह गरेका थिए ।

गोरखा नगरपालिकाका मेयर राजनराज पन्तले दुई नगरबीचको भगिनी सम्बन्धबारे प्रष्ट पार्दै यस सम्बन्धले गोरखा नगरपालिकाको आर्थिक, भौतिक, साँस्कृतिक तथा सामाजिक विकासमा टेवा पुग्ने अपेक्षा राखेको बताए । साथै उनले नेपाल भ्रमण वर्ष २०२० सफल पार्न आफूहरूले शुरु गरेको 'गोरखा भिजिट' अभियानको बारेमा कार्यक्रममा जानकारी दिएका थिए ।

कार्यक्रममा गोरखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णकुमारी श्रेष्ठले गोरखा जिल्लाको भौगोलिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय सौन्दर्यबारे निर्माण गरिएको वृत्तचित्र प्रशारण गर्दै गोरखामा हिन्दु मठमन्दिरदेखि क्रिश्चियनहरूको चर्च र मुस्लिमहरूको मस्जिद समेत रहेको जानकारी गराएकी थिइन् ।



# कतारमा स्याङ्जा सहयोग समाजको रक्तदान कार्यक्रम

स्याङ्जा सहयोग समाज कतारले कतारस्थित हमद हस्पिटलसँगको सहकार्यमा बृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । कतारका नेपाली समूदायमाझ विभिन्न सामाजिक कार्य गर्दै आएको समाजले हमाद ब्लड डोनर सेन्टरमा उक्त रक्तदान कार्यक्रम सम्पन्न गरेको ।

रक्तदान कार्यक्रममा ६२ जनाले रक्तदान गरेको र रक्तदाताहरूलाई कतारमा नेपाली समूदायले नै संचालनमा ल्याएको कान्तिपुर मेडिकल सेन्टरले फ्री मेडिकल चेक अफ गर्ने प्रतिवद्धता जनाएको समाजले बतायो । कार्यक्रममा समाजका पदाधिकारी, अग्रज व्यक्तित्वहरू, सामाजिक अभियान्ताहरू, एनआरएनएका अभियान्ताहरू, विभिन्न नेपाली संघ संस्थाका प्रतिनिधीहरू तथा नेपाली समूदायको बाक्लो उपस्थिति थियो । 'स्याङ्जा सहयोग समाज कतारको चाहना, विशुद्ध सामाजिक सेबाको भावना' भन्ने नारासहित सन् २००५ मा स्थापित स्याङ्जा सेवा समाज कतारले यही आउदो मार्च महिनामा आफ्नो १५ औ वार्षिकोत्सव मनाउने तयारी समेत गरेको जानकारी दिएको छ ।

स्थापनाकालदेखि नै विभिन्न सामाजिक कार्यहरू गर्दै आएको समाजले आफ्नै आयोजनामा कतारमा रक्तदान कार्यक्रम भने पहिलो पटक गरेको हो । समाजका अध्यक्ष अजमत अलिले आफुहरूको यस अभियानमा साथ दिने सबैलाई आभार प्रकट गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिदै जाने बताए ।

# मृगौला रोगी मगरलाई ओमानबाट सहयोग



दुबै मृगौला फेल भएर उपचारार्थ पोखरा महानगरपालिका-३३ ठुलो पाखा, कास्की निवासी ३२ वर्षीया मिना पुन मगरलाई नेपाली जनसम्पर्क समिति ओमानले ५० हजार नेपाली रुपैयाँ आर्थिक सहयोग प्रदान गरे को छ ।

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा आमा बिममाया पुन मगरको रेखदेखमा उपचार गराइरहेकी मगरलाई नेपाली जनसम्पर्क समिति ओमानका सदस्य डम्मर बहादुर पुनले अस्पतालमै पुगेर उक्त सहयोग रकम प्रदान गरेका हुन ।

मगरको आर्थिक अवस्था ज्यादै नाजुक रहेको र श्रीमानले पनि वेवास्था गरेको जानकारी पाएपछि उनको उपचारमा थोरै भएपनि सहयोग होस भनेर उक्त आर्थिक सहयोग उपलब्ध गराइएको समितिले जनाएको छ । समितिले आफ्ना सदस्यहरूबाट सहयोग रकम संकलन गरेको थियो ।

# ओमानका मन्त्रीलाई नेपालको निम्तो



नेपाल सरकारले ओमानका वातावरण तथा पर्यावरणमन्त्री मोहम्मद विन सलिम विन सेद अल टोवीलाई नेपाल भ्रमणको निम्तो दिएको छ ।

काठमाडौमा पहिलो पटक हुन लागेको अन्तर्राष्ट्रिय कार्यक्रम 'सगरमाथा संवाद' मा सहभागीताका लागि परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले उक्त निम्ता पठाएका हुन् ।

मन्त्री टोवीको कार्यकक्षमा नै पुगेर ओमानका लागि नेपाली राजदूत शर्मिला पराजुली ढकालले 'सगरमाथा संवाद' कार्यक्रमको बारे जानकारी दिदै उक्त निमन्त्रणापत्र हस्तान्तरण गरेको नेपाली दूतावास ओमानले जानकारी दिएको छ ।

सो अवसरमा मन्त्री टोवीले आफुलाई नेपाल भ्रमण पनि गर्ने इच्छा रहेको जनाउदै सकेसम्म कार्यक्रममा सहभागीता जनाउने प्रतिवद्धता व्यक्त गरेको नेपाली दूतावास ओमानले जानकारी दिएको छ । विभिन्न मुलुकका वातावरणमन्त्री सहभागी गराएर हुन लागेको सगरमाथा संवादमा पर्यावरणको बारेमा छलफल हुने बताइएको छ ।

## पद्मोदयमोडमा जुत्ता एक्सचेञ्ज मेला

# प्रत्येक पुरानो जुत्ताको ५ सय रुपैयाँसहित २५ प्रतिशत छुटसम्मको अफर







काठमाडौको पुतलीसडक पद्मोदय मोडमा लागिरहेको 'जुत्ता एक्सचेञ्ज मेलामा' पुरानो जुत्तासँग नयाँ जुत्ता साट्न पाउनेदेखि लिएर २५ प्रतिशतसम्मको छुट अफर पाएपछि उपभोक्ताको भीड बढ्न थालेको छ ।

नेपालका प्रख्यात ब्राण्डका जुत्ताहरूले यही माघ १ देखि सुरु गरेको मेलामा एक्सचेन्ज अफर अन्तर्गत जुनसुकै ब्राण्डका पुराना जुत्ता ल्याएर नयाँ जुत्ता साट्दा प्रत्येक पुरानो जुत्ताको ५ सय रुपैया मुल्यांकन गरेर त्यसमा अझ २५ प्रतिशत छुटसहित नयाँ जुत्ता दिइने मेला आयोजकले जानकारी दिएका छन् ।

'पुरानो जुत्तासँग नयाँ जुत्ता साटन पाइन्छ भन्ने सुन्दा सुरुमा त पत्यारै लागेको थिएन, तर अहिले यहाँ मेलामा आउदा पो यो अफर साच्चिकै लागेको हो रहेछ भन्ने विश्वास गर्न करै लाग्यो' मेलामा भेटिएका बालाजुका राजिव खडकाले भने- 'घरमा फाल्ने ठाँउ नभएर थुपारेका ४-५ जोर जुत्ता छन त्यो पनि लिएर भोली फेरी अर्को नयाँ जुत्ता लैजान्छु ।'

नेपाली उपभोक्तालाई स्वदेशी ब्राण्ड प्रयोगका लागि प्रेरित गराउन पनि यो एक्सचेञ्ज मेला आयोजना गरिएको मेला आयोजक प्रमोद महतोले बताए । उनले यसअघि पनि पटक-पटक यस्ता मेला




आयोजना गर्दा उपभोक्ताहरूको व्यापक चासो र भिड देखिएको र त्यसैलाई निरन्तरता दिँदै अहिले फेरी मेला लगाइएको बताए ।

मेलाका लागि नै भनेर १ सय ५० भन्दा बढि नयाँ र लेटेस्ट डिजाइनका जुत्ता लन्च गरिएको र जुत्ताको बजार मुल्य अनुसार नै छुट दिइएकाले उपभोक्तालाई फ्याक्ट्रीको उत्पादन लागत भन्दा सस्तो मूल्यमै नयाँ जुत्ता उपलब्ध हुने आयोजक जीवन श्रेष्ठले बताए ।




रोजगार
एनआरएन
अर्थ
लगायतका गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com




# उत्कृष्ट २५ जना उद्योगी व्यवसायीलाई 'सीआइपी' सम्मान

सरकारले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने उत्कृष्ट २५ जना उद्योगी व्यवसायीलाई **महत्वपूर्ण व्यावसायिक व्यक्तित्व (सीआईपी) सम्मान** प्रदान गरेको छ ।

आन्तरिक उत्पादन बढाउँदै मुलुकको निर्यात ब्यापारमा सघाउ पुऱ्याउने ब्यवसायीलाई सरकारले सम्मान गर्दै आएको छ । वाणिज्य मन्त्रालय अन्तर्गतको ब्यापार तथा निकास प्रवर्द्धन केन्द्रले महत्वपूर्ण ब्यवसायिक ब्यक्तिहरूलाई सम्मान गरेको हो ।

कृषिजन्य क्षेत्रमा महत्वपूर्ण योगदान दिएवापत प्रधानमन्त्री केपी शर्मा ओलीले संखुवासभा जिल्लाका सुजन कुमार श्रेष्ठलाई सीआइपी सम्मान गरेका छन् । मनराम हिमालयन ह्यान्डिक्राफ्ट प्रालिका प्रवन्ध निर्देशक श्रेष्ठले कृषिजन्यतर्फ सवैभन्दा बढि निर्यात गरेको भन्दै सम्मान गरिएको हो ।

मनराम फाउण्डेशनका अध्यक्ष समेत रहेका श्रेष्ठले व्यवसायिक सफलता मात्र नभएर सामाजिक कार्यमा पनि उत्तिकै योगदान प्रदान गरेका छन् । अमेरिकामा पनि व्यवसाय गरिरेहका श्रेष्ठले नेपालको छुर्पी अमेरिका निर्यात गर्दै आएका छन् । स्वदेशमा उत्पादन बढाउँदै उत्कृष्ट निर्यातकर्ता बनेका श्रेष्ठले सरकारले सीआइपी जस्तो उच्च सम्मान दिदा स्वदेशमा अझ धेरै व्यपार व्यवसायमा लाग्न हौसला मिलेको बताए । उनले भने- 'आज हाम्रो टिम धेरै खुशी छ, हाम्रै देशमा पनि व्यापारका संभावना धेरै छन्, यो सम्मानसँगै अझ व्यावसाय विस्तार गर्न हौसला मिलेको छ ।'

प्रधानमन्त्री केपी शर्मा ओली र वाणिज्य राज्यमन्त्री मोतिलाल दुगडले २५ जना उद्योगी व्यवसायीलाई सम्मान गरेका हुन् । तेस्रो मुलुकतर्फ निकासी रकमका आधारमा अग्रस्थानमा रहेका पाँच वस्तुको सबैभन्दा बढी निर्यात गर्नेहरूलाई सम्मान गरिएको हो ।



बैंकिङ प्रणालीमार्फत विप्रेषणको कारोबार गरी सबैभन्दा बढी वैदेशिक मुद्रा भित्र्याउने व्यवसायी मध्येबाट आइएमईका चन्द्रप्रसाद ढकाल सम्मानित भएका छन् । ढकाल यसअघि सन् २०१४ मा पनि उक्त सम्मानबाट सम्मानित भएका थिए । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्षसमेत रहेका ढकालको बैंक, वित्त तथा अन्य सेवामूलक क्षेत्रमा लगानी रहेको छ ।

सीआइपी सम्मान पाउनेमा धागोबाट त्रिवेणी स्पिनिङ मिलका अध्यक्ष रामचन्द्र संघाइ र गलैचाबाट दी सांग्रिला कार्पेट एण्ड ह्यान्डिक्राफ्ट इण्डस्ट्रिज प्रालिका प्रबन्ध सञ्चालक दोर्जे ग्याल्सेन लामा छन् । काठमाडौं स्टोर फेसनका प्रबन्ध निर्देशक राहुलमान शाक्य तयारी पोशाकमा, एभरेष्ट पश्मिना निटिङ एण्ड विभिङ



सम्मानित भएका छन् ।

नेपालको मौलिक सीप, कला र संस्कृति झल्किने हस्तकलाका वस्तुहरूको निर्यातबाट सबैभन्दा धेरै रकम भित्र्याउने निर्यातकर्ता मध्येबाट गोपीप्रसाद कँडेल सम्मानित भए । जडीबुटीतर्फ निर्वाणकुमार चौधरी, निर्यात व्यापारमा कूल रकमको आधारमा सबभन्दा बढी रकमको निर्यात गर्ने महिला निर्यातकर्ता राज्यलक्ष्मी गोल्छा सम्मानित भएका छन् । सफ्टवेयर निर्यातमा रकमको आधारमा प्रथम स्थान हासिल गर्ने निर्यातकर्ता दीपेश प्रधान पनि सम्मानित भएका छन् ।

उद्योग स्थापना भइ सञ्चालनमा रहेका सबैभन्दा बढी लगानी गर्ने (स्वदेशी श्रम र सीप उपयोग गर्ने ) उत्पादनमूलक उद्योगका उत्कृष्ट व्यवसायीमा लीऊ शु कुवाङ परेका छन् । उनी होङ्सी शिवम सिमेन्टका प्रबन्ध निर्देशक हुन् ।

सबैभन्दा बढी रोजगारी श्रृजना गर्ने उद्योगी व्यवसायीबाट पवनकुमार गोल्याण पनि सम्मानित भएका छन् । पर्यटन क्षेत्रमा सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने होटल व्यवसायीबाट तारागाउँ रिजेन्सी होटल्सका सुरेशलाल श्रेष्ठ सम्मानित भएका छन् भने युवा उद्यमी व्यवसायीहरूमध्ये निर्यात व्यापार क्षेत्रमा



इण्डष्ट्रीजका सूर्यकुमार गुरुङ पश्मिना सलमा र ऊनी फेल्टका उत्पादनका लागि एभरेष्ट फेशन सम्मानित भएको छ ।

डाबर नेपालका हरकिरत सिंह बेदी, आरती स्ट्रीप्सका दिव्यराज सापकोटा र हुलास वायर इण्डस्ट्रीज लिमिटेडकी निर्देशक युक्ति गोल्छा भारततर्फ रकमको आधारमा प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गर्ने नेपाली निर्यातकर्ताका रुपमा सम्मानित भएका हुन् ।

चीनतर्फ रकमको आधारमा प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गर्ने नेपाली निर्यातकर्ता उद्योगीलाई पनि सम्मानित गरिएको छ । पेम्बा दोर्जे शेर्पा न्यू हस्तकला एक्सपोर्टबाट, विश्वराज बस्नेत गणेश हिमाल इम्पोर्ट एण्ड एक्सपोर्ट प्रालिबाट र मछिन्द्र पाण्डे न्यू प्यागोडा इन्टरप्राइजेजबाट सबैभन्दा बढी निकासी गर्ने सुनिता शेर्पा र अक्षय गोल्याण सम्मानित भएका छन् ।

निर्यात व्यापारका साथै वाणिज्य क्षेत्रमा प्रवर्द्धनात्मक कार्य गरी आर्थिक विकासमा उल्लेख्य योगदान पुर्‍याएवापत तीनवटा संघका अध्यक्षलाई मानार्थ सम्मान दिइएको छ । नेपाल उद्योग वाणिज्य महासंघबाट भवानी राणा, नेपाल चेम्बर अफ कमर्सबाट राजेशकाजी श्रेष्ठ र नेपाल उद्योग परिसंघबाट शतीसकुमार मोर सम्मानित भएका हुन् ।

सीआइपी सम्मान पाउनेहरूले देशका विशिष्ट व्यक्तिसँग चाहेको समयमा औपचारिक भेटघाटको विशेष अवसर पाउने, विमानस्थलमा विशिष्ट कक्ष प्रयोग गर्न पाउने, सार्क देशमा विशेष सुविधा, वैदेशिक व्यापार मेलामा जान पाउने लगायतका विशेष अवसर पाउने छन् ।

# अपांग नागरिकलाई नेपाल बंगलादेश बैंकको ह्वीलचेयर



नेपाल बंगलादेश बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत अपाङ्गता भएका १० जना व्यक्तिलाई ह्वीलचियर प्रदान गरेको छ । बैंकले सिआईएल काठमाडौँ को सहायतामा बालाजु औद्योगिक क्षेत्रस्थित इन्फिनिटी ल्याब्समा निर्माण गरिएका ह्वीलचियरहरू अपाङ्गता भएका व्यक्तिहरूलाई सहायता गरेको हो । सहयोग स्वरुप प्रदान गरिएका ह्वीलचियर बालाजु स्कुल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजीका विद्यार्थीहरूद्धारा पहिलो पटक नेपालमै निर्माण गरिएको हो ।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भूषण श्रेष्ठले सिआईएल काठमाडौँका महासचिव गणेश केसीको उपस्थितीमा धादिङ, पोखरा, काठमाडौँ, बर्दिया, धनुषा, धनकुटा र सिन्धुलीका अपाङ्गता भएका व्यक्तिहरूलाई सो ह्वीलचियरहरू प्रदान गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै बैंकका नायब प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले अपाङ्ग व्यक्तिहरूलाई ह्वीलचियर खुट्टा सरहनै भएको र यसले उनीहरूको आत्मविश्वास बढाउने हुदा यस्तो सहयोग गर्न पाएकोमा खुसी व्यक्त गरे । उनले अझ नेपालमै निर्माण भएका सामाग्रीलाई सहयोग गर्न पाएकोमा खुसी लागेको बताउदै स्वदेशमै बनेका उत्पादनको प्रयोग सबैले गर्ने हो भने देशको आर्थिक वृद्धी र देशलाई यसले आत्मनिर्भर बनाउने पनि बताए ।

## राष्ट्रिय वाणिज्य बैंकको ५५औं वार्षिकोत्सव

# सबैभन्दा बढी नाफा कमाउने र ट्याक्स तिर्ने बैंक




गत आर्थिक वर्षमा सबैभन्दा बढी नाफा कमाउने र ट्याक्स तिर्ने बैंक बनेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्नो स्थापनाको ५५ औं वार्षिकोत्सव मनाएको छ । अर्थमन्त्री डा. युवराज खतिवडाको प्रमुख आथित्यतामा बैंकले रामशाहपथस्थित केन्द्रिय कार्यालयमा विशेष कार्यक्रमको आयोजना गरेको थियो भने देशैभरका शाखाहरूमा विभिन्न कार्यक्रमसमेत सम्पन्न गरेको छ ।

बार्षिकोत्सव समारोहमा बोल्दै अर्थमन्त्री डा. युवराज खतिवडाले सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकले अन्य बैंकहरूको तुलनामा राम्रो प्रगति गरिरहेको र आगामी दिनमा नीजि क्षेत्रका बैंकहरूबीच अझ बलियो प्रतिषर्धीको रुपमा खडा हुनुपर्नेमा जोड दिए । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणी शिवाकोटीले नेपालको आर्थिक विकासमा राष्ट्रिय वाणिज्य बैंकले खेलेको भूमिकाको सराहना गर्दै यो बैंक नेपालका अन्य वाणिज्य बैंकहरूको तुलनामा अग्रणी रहेको बताए । कार्यक्रममा बैंकमा क्रियाशिल तीन वटै ट्रेड यूनियनका अध्यक्षहरूले शुभकामना ब्यक्त गरेका थिए ।

बैंकका संचालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीले बैंकको समग्र स्थितिमा सुधारको लागि चालिएको कदमले बैंकको वित्तीय अवस्था, कार्यपद्धती र सेवाको गुणस्तरमा सुधार भएको बताएका थिए भने बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराएका थिए ।

प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले २०७६ पुस मसान्तसम्म बैंकले १ खर्ब ९७ अर्ब रुपैंया निक्षेप संकलन गरी १ खर्ब ५२ अर्ब रुपैंया कर्जा लगानी गरेको जानकारी गराउँदै बैंकले यस अवधिमा खुद मुनाफा २ अर्ब ५ करोड रुपैंया गरेको बताए । उनले बैंकलाई अझ आधुनिकिकरण गर्ने कामदेखि हिसाब मिलानका कामहरू कार्यदल नै बनाएर राफसाफ गर्ने गरी काम अगाडि बढाएको समेत जानकारी दिए ।

वि.सं. २०२२ साल माघ १० गते मुलुकको आर्थिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्धेश्यका साथ स्थापना भएको राष्ट्रिय बाणिज्य बैंक देशको सातैवटा प्रदेश र ७७ वटै जिल्लामा पुग्ने पहिलो बाणिज्य बैंक हो । हाल देशभर बैंकका २३८ वटा शाखा कार्यालय, २०५ वटा ए.टि.एम. तथा २८ स्थानमा एक्सटेन्सन काउण्टर र ९३ स्थानमा शाखारहित बैंकिंग सेवा संचालनमा रहेका छन् । बैंकको ५५ औं वार्षिककोसवको अवसरमा प्रकाशन गरिएको 'विशेषाङ्क उपहार २०७६' को विमोचन, बैंकको सर्वोत्कुष्ट कार्य सम्पादन गर्ने शाखा र कर्मचारीलाई सम्मान तथा बैंकमा २० वर्ष सेवा पुरा गरेका कर्मचारीहरूलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।

बार्षिकोत्सव समारोहमा बैंकका शेयरधनीहरू, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरू, बैंक संचालक समितिका सदस्यहरू, नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारी, कर्मचारी संचय कोषका कोष प्रशासक तुलसी गौतम, नागरिक लगानी कोषका कार्यकारी निर्देशक रमण नेपाल, रावा बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्धय कबिराज अधिकारी र केशवप्रसाद लम्साल, उपकार्यकारी अधिकृतहरू टेकराज जोशी र महेन्द्रप्रसाद अवस्थी, सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरू, शाखा प्रबन्धकहरूलगायत कर्मचारीहरूको भब्य उपस्थिति रहेको थियो ।



### विद्यालयमा 'सूचना प्रविधि कक्षा' स्थापना

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ३ नम्बर प्रादेशिक कार्यालय काठमाडौं र शाखा कार्यालय टेकुले संयुक्तरुपमा आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत काठमाडौ कालिमाटीस्थित जनप्रभात उच्च मा.वि.मा सूचना तथा संचार प्रविधि कक्षाको स्थापना गरी कक्षामा आवश्यक सूचना प्रविधि सम्बन्धी सामग्रीहरू हस्तान्तरण गरेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामशरण डंगोललाई उक्त सामाग्री हस्तान्तरण गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सरकारी विद्यालयका विद्यार्थीहरूको क्षमता बृद्धिका लागि सूचना तथा संचार प्रविधि कक्षाले सहयोग पुऱ्याउने विश्वास लिएको बताए । यस्तै सहयोग सामाग्री लिदै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डंगोलले प्रविधिको प्रयोगले विद्यार्थीहरूले अधिकतम लाभ लिन सक्ने वातावरण बनेकोमा खुसी व्यक्त गरे ।

# राष्ट्र बैंकले निष्कासन गर्‍यो
# वैदेशिक रोजगार बचतपत्र

## ४० करोडको बचतपत्र बिक्रि खुल्ला, ३ महिनासम्म किन्न सकिने




नेपाल राष्ट्र बैंकले ४० करोड रुपैयाँ बराबरको वैदेशिक रोजगार बचतपत्र निष्कासन गरेको छ। राष्ट्र बैंकले 'वैदेशिक रोजगार बचतपत्र- २०८१' निष्कासन गरेर माघ १० गतेदेखि चैत्र २१ गतेसम्म यसको बिक्रि खुल्ला गरिएको जानकारी दिएको छ। यसअघि गत पुसमा राष्ट्र बैंकले २० करोडको वैदेशिक रोजगार बचतपत्र निष्कासन गरेको थियो।

रेमिट्यान्सबाट प्राप्त आयलाई उत्पादनमूलक क्षेत्रमा लगाउने उद्देश्यसहित राष्ट्र बैंकले वि.सं. २०६७ देखि निष्कासन गर्दै आएको वैदेशिक रोजगार बचतपत्रमा खासै आकर्षण भने बढन सकेको छैन। यस अवधिमा राष्ट्र बैंकले करिब ११ अर्ब ६९ करोड रुपैयाँ बराबरको वैदेशिक रोजगार बचतपत्र निष्कासन गर्दा करिब ५८ करोड रुपैयाँ बराबरको मात्रै बिक्री हुनुले पनि यो बचतपत्रप्रति आकर्षण नबढेको प्रष्ट हुन्छ। तथापी पछिल्लो वर्षहरूमा भने यसको बिक्रिमा विस्तारै बृद्धि हुन थालेको छ।

राष्ट्र बैंकले अझ आकर्षक प्रतिफल दिन सक्ने हो र यसबारे पर्याप्त जनचेतना फैलाउन सक्ने हो भने वैदेशिक रोजगार बचतपत्रप्रति थप आकर्षण बढाउन सकिने अर्थविदहरू बताउँछन। अझ पनि प्रवासमा रहेका धेरै नेपालीहरूलाई वैदेशिक रोजगार बचतपत्रको फाइदा र यसबाट राष्ट्र निर्माणमा योगदानसमेत पुर्‍याउन सकिने कुरा थाहा नै छैन। जसका कारण नै सामान्य व्याजदर मात्र पाइने र शेयरमा जस्तो प्रतिफल नआउने बुझाइका कारण सोचे जस्तो आकर्षण बढन नसकेको अर्थविदहरूको धारणा छ।

### कस्ले र कसरी किन्न सकिन्छ ?

वैदेशिक रोजगारीमा रहेका वा रोजगारी बाट फर्केको ६ महिना नपुगेका नेपाली नागरिक, गैरआवासीय नेपाली वा उनीहरूका परिवारको सदस्यहरूले यो बचतपत्र खरिद गर्न सक्नेछन्। बचतपत्र किन्न पासपोर्ट, भिसा, कार्यरत कम्पनीको आधिकारिक परिचयपत्र र दुई प्रति फोटो चाहिन्छ। बचतपत्र किन्नका लागि सिटिजन्स बैंक, नबिल बैंक, माछापुच्छ्रे बैंक, प्रभु बैंक, सनराइज बैंक, सिद्धार्थ बैंक, सानिमा बैंक र सेन्चुरी बैंकमार्फत आवेदन फारम बुझाउन सकिनेछ भने प्रभु मनी ट्रान्सफर, सेवा रेमिट र सिटी एक्सप्रेसबाट पनि बचतपत्र खरिदका लागि आवेदन बुझाउन सकिने राष्ट्र बैंकले जनाएको छ।

### कस्तो प्रतिफल पाइन्छ ?

१० प्रतिशत व्याजदर पाइने वैदेशिक रोजगार बचतपत्रको व्याज किनेकै दिनबाट पाइने र ब्याज रकम प्रत्येक ६-६ महिनामा भुक्तानी हुने राष्ट्र बैंकले जानकारी दिएको छ। यसको सावा भुक्तानी भने वि.सं. २०८१ मा हुनेछ। यो बचतपत्र धितो राखेर बैंकबाट कर्जासमेत लिन सकिन्छ। घटिमा १० हजार र बढिमा १० हजारले भाग गर्दा शेष भाग जाने गरी बचतपत्रका लागि आवेदन दिन सकिने छ।



# आइएमई डिजिटल र युकेएड 'क्यासलेस' शहर बनाउने अभियानमा

## जनकपुरलाई पहिलो क्यासलेस शहर बनाइँदै




नेपालका प्रमुख शहरहरूलाई क्यासलेस शहर बनाउने अभियानका लागि आइएमई ग्रुपद्धारा प्रर्वद्धित आइएमई डिजिटल सोलुसन लिमिटेड र युकेएड सक्षम एक्सेस टु फाइनान्स प्रोग्रामबीच सहकार्य सम्वन्धी सम्झौता भएको छ। जनकपुरमा आयोजित एक विशेष कार्यक्रमकाबीच 'आइएमई पे'कातर्फबाट सीईओ विकास कुमार नाहाटा र युकेएड सक्षम एक्सेस टु फाइनान्स प्रोग्रामका तर्फबाट टिम लिडर निर्मल दाहालले सो सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन्।

'क्यासलेस' शहर बनाउने अभियान अन्तर्गत नेपालकै पहिलो क्यासलेस शहर जनकपुरलाई बनाउने गरी आइएमई डिजिटल र युकेएड सक्षमले यस अभियानको सुरुवात समेत गरेका छन। जनकपुरमा आयोजित कार्यक्रमबाट 'पैसा कार्ड'को औपचारिक सुरुवात गरेर आइएमई डिजिटलले यो अभियान सुरु भएको जानकारी दिएको हो।

कार्यक्रमको प्रमुख अतिथि तथा दुई नम्मर प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले जनकपुरधामलाई क्यासलेस शहर बनाउन लागिएकोमा खुसी व्यक्त गर्दै यस अभियानका लागि प्रदेश सरकारकोतर्फबाट आवश्यक पर्ने जुनसुकै सहयोग गर्न पनि आफु तयार रहेको बताए।

आइएमईका प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले बदलिदो समयमा क्यासलेस कारोवार सुरक्षाको दृष्टिकोणलेसमेत उपयुक्त माध्यम भएको बताए। उनले जनकपुरधाम क्षेत्रलाई क्यासलेस शहरका रुपमा विकास गर्न चुनौती रहेपनि ठूलो सम्भावना रहेको र यसका लागि सम्बन्धित सबै निकायबाट सहयोगको अपेक्षा गरेको बताए।

यस्तै कार्यक्रममा आइएमई डिजिटल सोलुसन लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विकास कुमार नाहाटाले डिजिटल वित्तिय प्रणालीले नोट र सिक्का जस्ता भौतिक रुपमा भुक्तानी गर्नुपर्ने झन्झटबाट मुक्ति मिल्ने हुदा यो अभियान जनकपुरबाट सुरु गरिएको र यसलाई विस्तारै देशका प्रमुख शहरहरूमा विस्तार गरिदै लैजाने बताए। उनले यसै कार्यक्रममा लन्च गरिएको 'आइएमई पैसा कार्ड' जनकपुरवासीको जनजीवनको अभिन्न अङ्ग बन्ने र यसले जनकपुरलाई क्यासलेस शहर बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास पनि ब्यक्त गरे।

आइएमई डिजिटल सोलुसन लिमिटेड र युकेएड सक्षम एक्सेस टु फाइनान्स प्रोग्रामबीच भएको यस सम्झौतापछि आइएमई डिजिटल सोलुसनले जनस्तरसम्म वित्तिय पहुँच पुऱ्याउनका लागि विभिन्न कार्यक्रमसमेत गर्ने जानकारी दिइएको छ।



# साउदीबाट पैसा पठाउनेलाई सिटी एक्सप्रेसको उपहारै उपहार




सिटी एक्सप्रेस मनी ट्रान्सफरले साउदी अरबको बैंक अलबिलाद-एन्जाजसँगको सहकार्यमा साउदीबाट नेपालमा पैसा पठाउने सेवाग्राहीहरूका लागि विभिन्न उपहार योजना सार्वजनिक गरेको छ ।

साउदी अरबको एन्जाज च्यानल र बैंक अल्बिलादको इ-च्यानल-अल्बिलाद मोबाइल एप, अल्बिलाद नेट, अल्बिलाद ए. टि. एम., एन्जाज सेल्प-सर्भिस मेसिन, एनजाज पि.ओ.एस., एन्जाज सेन्टरबाट सिटी एक्सप्रेसमा पैसा पठाउने ग्राहकहरूलाई विभिन्न उपहार योजना घोषणा गरिएको हो ।

यस योजना अन्तर्गत ६ जना भाग्यशाली बिजेताले निःशुल्क हवाई टिकट (विश्वको जुन सुकै ठाउँको), २४ जनाले ५ ग्राम सुनका सिक्का, ४५ जनाले सिटी म्याक्सको सपिङ भौचर र अन्य आर्कषक पुरस्कारहरू जित्न सक्ने सिटी एक्सप्रेसले जानकारी दिएको छ । यो योजना जनवरी ३० देखी अप्रिल ३० सम्म ३ महिनाको लागि लागू हुनेछ । सिटी एक्सप्रेसले रेमिट्यान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउँदै बिगत १३ बर्षदेखि विश्वभरी आफ्नो रेमिट्यान्स सुविधा दिदै आइरहेको छ । एन्जाज र सिटी एक्सप्रेसबीच सन् २०१७ देखि सहकार्यमा कारोवार सुचारु हुदै आइरहेको छ ।

# प्रदेश-२ का ५ जिल्लामा प्रभुको वैदेशिक रोजगारी कर्जा



प्रभु बैंक लिमिटेडले वैदेशिक रोजगारी मा रहेका युवाहरूलाई लक्षित गरी ल्याएको 'वैदेशिक रोजगारी कर्जा' योजना प्रदेश न २ का ५ जिल्लामा सञ्चालनमा ल्याएको छ । वैदेशिक रोजगारी कर्जा योजना युके एड र नेपाल सरकारको सहकार्यमा सञ्चालित परियोजना हो ।

बैंकले प्रदेश न २ का ५ जिल्लाहरू बारा, पर्सा, रौतहट, सप्तरी र सर्लाहीका वैदेशिक रोजगारीमा गएका कामदारहरूले विदेशबाटै कर्जा भुक्तानीलगायत सुविधा पाउने गरी वैदेशिक रोजगारी कर्जा योजना सञ्चालनमा ल्याइएको जानकारी दिएको छ । वैदेशिक रोजगारीमा रहेका कामदार र उनीहरूको परिवारको वित्तीय पहूँच अभिवृद्धि गर्ने उद्देश्यसहित युके एडको परियोजना अन्तर्गत सीपकेन्द्र सञ्चालनमा रहेका प्रदेश न २ का ५ जिल्लाहरूका प्रवासी कामदार र काम गर्न जान चाहने व्यक्ति एवं तिनको परिवारले यस योजनाबाट अधिकतम् लाभ लिने विश्वास लिएको बैंकले जनाएको छ ।




# रञ्जना व्यापार संघको अध्यक्षमा धिरज श्रेष्ठ सर्वसम्मत

काठमाडौको रञ्जना ट्रेड सेन्टरमा व्यवसाय संचालन गर्ने व्यवसायीहरूको संगठन रञ्जना ब्यापार संघको तेश्रो अधिवेशन तथा पाँचौं साधारणसभाले धिरज श्रेष्ठको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतले चयन गरेको छ । संघको तेश्रो अधिबेशन तथा पाँचौं साधारणसभालाई उदघाटन गर्दै पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले अर्थतन्त्रको विकासका लागि व्यापारको भूमिका महत्वपूर्ण हुने धारणा राख्दै काठमाडौको न्युरोड आसपासको क्षेत्र आयात तथा होलसेल बजारको व्यापारिक हब भएको र यस क्षेत्रका समस्या समाधानमा सरकार प्रतिवद्ध भएर लाग्नुपर्ने बताए ।

संघका निवर्तमान अध्यक्ष अञ्जन शाक्यले आयातित सामानको होलसेल बजारका रुपमा वि.सं. २०७१ सालमा स्थापना भएको रञ्जना ट्रेड सेन्टरका व्यवसायीहरूलाई एकवद्ध गर्दै स्थापित संघले धेरै काम गरिसकेको बताउँदै आयात ब्यापारमा कडाई गरेर सरकारले साना तथा मझौला व्यवसायीलाई समस्यामा पारेको गुनासो गरेका थिए । नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष नरेन्द्र श्रेष्ठ, हिमालय सीमापार वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष अशोक श्रेष्ठ, उद्योग बाणिज्य व्यापार महासंघकी अध्यक्ष कमला गुरुङ, नेपाल राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष नरेश कटुवाललयातले व्यवसायीहरूले भोग्नु परेका समस्याका बारेमा प्रकाश पारेका थिए ।

नवनिर्वाचित अध्यक्ष श्रेष्ठले सबै व्यवसायीलाई मिलाएर लैजाने र व्यवसायीहरूले भोग्दै आउनुपरेका समस्या समाधानमा संघले बुलन्दरुपमा आवाज उठाउने बताए ।

## नयाँ कार्यसमिति

अध्यक्ष - धिरज श्रेष्ठ
उपाध्यक्ष - विना श्रेष्ठ
- विनयकुमार अग्रवाल
- विशाल गौतम,
- दिपेन्द्र क्षेत्री
महासचिव - रामकुमार तिमिल्सिना
सचिव - नरेन्द्रमान श्रेष्ठ
- हरिप्रसाद पाण्डे
सहसचिव - सन्तोष अधिकारी
कोषाध्यक्ष - पुर्ण ब. कार्की
सह-कोषाध्यक्ष - मुरारी तिमिल्सिना
सदस्यहरू - किशोर श्रेष्ठ, आशा मिण्डा, बसन्त फुंयाल, गोबिन्द निरौला, एम कुमार श्रेष्ठ (सुन्दर),प्रविन कुमार लामा, हेमा धमला, प्रकाश तामाङ, मदनराज अर्याल, समिर यादव ।



# २४औं वर्षमा आइएमई ट्राभल

आईएमई ग्रुपद्वारा संचालित आइएमई ट्राभलले आफ्नो स्थापनाको २४ औ बार्षिकोत्सव मनाएको छ । सो अवसरमा आइएमई ट्राभलले आफ्ना सेवाग्राहीका लागि विभिन्न उपहार योजनासमेत सार्वजनिक गरेको छ ।

फेब्रुअरी, मार्च र अप्रिलभर लागू हुने गरी ल्याइएको यस योजना अन्तर्गत आइएमई ट्राभल्सबाट टुर प्याकेज खरिद गरी यात्रा गर्ने १ जनालाई भाग्यशाली बिजेतालाई चन्द्रागिरि रिसोर्टमा १ रात खाने-बस्ने सहितको सुबिधा नि:शुल्क उपलब्ध गराइने र हवाइ टिकट खरिद गर्ने मध्येबाट १ जना भाग्यशाली बिजेतालाई माउन्टेन फ्लाइटको टिकट नि:शुल्क उपलब्ध गराइने कम्पनीले जानकारी दिएको छ ।

कार्यक्रममा बाल्दै नेपाल उद्योग बाणिज्य महासंघका उपाध्यक्ष समेत रहेका आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको समग्र बिकासको मेरुदण्डको रुपमा रहेको पर्यटन उद्योग र यस क्षेत्रसँग सम्बन्धित सम्पूर्ण व्यबसायीहरूलाई पर्यटन बिकासका लागि आफ्नो तह र तप्काबाट अझ बिशेष भूमिका खेल्न आग्रह गरे । अहिले सरकारले भ्रमण वर्षको अभियान चलाइरहदा यसलाई सफल बनाउन नीजि क्षेत्र एकजुट भएर लाग्नुपर्ने बताउदै ढकालले यस अवसरमा विश्व पर्यटन बजारमा नेपाललाई चिनाउन ब्यबसायी, पर्यटन बोर्ड र नेपाल सरकारले संयुक्तरुपमा सेवाग्राहीमूखी योजना ल्याउनुपर्ने धारणा व्यक्त गरे ।

आइएमई ट्राभलले २४ वर्षे आफ्नो यात्रामा सहयोग पुर्‍याउने सबैप्रति आभार प्रकट गर्दै पर्यटन बिकासका लागि हालसम्म खेलेको भूमिका र आफ्नो सेवालाई थप द्रुत गतिमा विस्तार गर्ने जनाएको छ ।

## ■ सनराइजका ग्राहकलाई होटल अन्नपूर्णमा छुट

सनराइज बैंक लिमिटेडले आफ्ना ग्राहकहरूलाई थप सुविधा प्रदान गर्ने उद्देश्यले होटल अन्नपूर्ण प्रा.लि.सँग छुट सुविधा दिने सम्बन्धी सम्झौता गरेको छ । यसअघि बैंकले विभिन्न अस्पताल, रेष्टुरेण्ट तथा होटलहरूसँग सम्झौता गरेर विशेष छुटसहितको सुविधा प्रदान गर्दै आएको थियो । सम्झौतापछि बैंकका ग्राहकले होटल अन्नपूर्ण तथा उक्त होटलले संचालन गर्दै आएको चितवनस्थित जगतपुर लज र पोखरास्थित फिस्टेल लजमा सनराइज बैंकको डेबिट र क्रेडिट कार्डमार्फत भुक्तानी गर्दा १५ प्रतिशतसम्मको छुट लिन सकिने बैंकले जनाएको छ ।

## ■ बाँकेमा सिद्धार्थका २ शाखा

सिद्धार्थ बैंक लिमिटेडले बाँकेमा आफ्नो २ नयाँ शाखा संचालनमा ल्याएको छ । बैंकले बाकेको नेपालगञ्ज उपमहानगरपालिकाको न्यूरोड र बीपी चोकमा उक्त शाखा संचालनमा ल्याएको हो । बैंकको न्यूरोड शाखाको नेपालगञ्ज उप-महानगरपालिकाकी उपमेयर उमा थापामगर र नेपाल राष्ट्र बैंक नेपालगञ्ज शाखाका निर्देशक मुक्तिनाथ सापकोटाले संयुक्त रुपमा उदघाटन गरे भने बीपी चोक शाखाको उद्घाटन नेपालगञ्ज उप-महानगरपालिकाका मेयर धवल शमशेर राणा र नेपाल राष्ट्र बैंक नेपालगञ्ज शाखाका निर्देशक मुक्तिनाथ सापकोटाले संयुक्त रुपमा गरेका थिए ।





# गण्डकी प्रदेशमा सिभिल बैंकको कार्यालय

सिभिल बैंक लिमिटेडले पोखरा महानगरपालिकाको शिवचोक-१० मा संचालनमा ल्याएको गण्डकी प्रदेश कार्यालयलाई उक्त प्रदेशका मुख्य मन्त्री पृथ्वी सुब्बा गुरुङले उदघाटन गरेका छन् ।

बैंकको प्रदेश कार्यालयको औपचारिक शुभारम्भ गर्दै मन्त्री गुरुङले संघीय गणतन्त्र नेपालको अवधारणा बमोजिम सिभिल बैंकले आफ्नो प्रदेशमा प्रदेश कार्यालय स्थापना गरी बैंकिङ कारोवार संचालन गरेकोमा खुशी व्यक्त गरे । उनले बैंकको यो कार्यालयले यस क्षेत्रको वित्तीय गतिविधिलाई बढावा दिने विश्वाससमेत व्यक्त गरेका थिए । सिभिल बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङले सिभिल बैंकले आफ्ना वचतकर्ताहरू तथा उद्योगी, व्यवसायी, ग्राहकहरूको बैंकिङ आवश्कतालाई केन्द्रविन्दुमा राख्दै सेवा प्रवाह गर्दै आएको बताए । उनले आगामी दिनमा सरोकारवालाहरूको हितलाई ध्यानमा राखी बैंकका सेवा सुविधालाई थप परिस्कृत गर्दै पहुँच विस्तारमा लाग्नेसमेत बताए । कार्यक्रममा बैंकका अध्यक्ष इ. इच्छा राज तामाङ्गले सिभिल बैंकलाई यहाँसम्म पुऱ्याउन सहयोग गर्नु हुने सम्पूर्णलाई धन्यवाद दिदै बैंकले आगामी दिनमा अझ सरल, सहज र उत्कृष्ट सेवा प्रवाह गर्ने बताए ।

# जिएमइ र अमेरिकाको रेमिटलीबीच सहकार्य




विश्वका विभिन्न मुलुकबाट नेपालमा रेमिट्यान्स भित्र्याइरहेको जि.एम.इ रेमिट प्रा.लि र अमेरिकाको रेमिटली कम्पनीबीच विप्रेषण कारोबार सम्बन्धी सहकार्य गर्ने सम्झौता भएको छ । सम्झौतापत्रमा जिएमइ रेमिटकोतर्फबाट प्रबन्ध निर्देशक दिवाकर पौडेल र रेमिटलीकोतर्फबाट प्रमुख कार्यकारी अधिकृत म्याथ्यु ओपेनहेइमरले हस्ताक्षर गरेका छन् ।

यस सम्झौता पछि रेमिट्लीको अमेरिकाभर रहेका संजालमार्फत नेपाल पठाइएको रकम जिएमइ रेमिटको स्वदेशभर रहेका ७००० भन्दा बढी एजेन्टमार्फत भुक्तानी लिन सकिनेछ ।

हाल जि.एम.इ रेमिटले दक्षिण कोरिया, अमेरिका, यू.के, मलेसिया, जापानलगायत खाडी मुलुकहरूबाट रेमिट्यान्स कारोबार गर्दै आएको छ ।

## ■ माछापुच्छ्रे बैंकले युएईबाट भित्र्यायो एक अर्ब

माछापुच्छ्रे बैंक लिमिटेडले युएईको दुवईस्थित माश्रकि बैंकबाट १० मिलियन अमेरिकी डलर (करिब १ अर्ब रुपैयाँ) नेपाल भित्र्याएको छ । नेपाल राष्ट्र बैंकबाट अनुमति पाएपछि बैंकले यसअघि नै माश्रकि बैंकसँग भएको सम्झौता अनुरुप १० मिलियन डलर नेपाल ल्याएको हो ।

नेपाल राष्ट्र बैंकले कुल प्राथमिक पूँजीको शतप्रतिशत रकम विदेशबाट ऋण ल्याएर नेपालमा लगानी गर्न पाइने व्यवस्था गरेअनुसार माछापुच्छ्रे बैंकले विदेशबाट पैसा ल्याउने प्रकृया थालेको थियो ।

माछापुच्छ्रे बैंकले माश्रकि बैंकबाट ल्याएको उक्त रकम कृषि, ऊर्जा, पर्यटन, साना तथा मझौला व्यवसाय लगायतका अन्य विभिन्न प्राथमिकताका क्षेत्रमा लगानी गर्ने जानकारी दिएको छ ।

## ■ वित्तीय साक्षरता फैलाउँदै मेगा बैंक

मेगा बैंक नेपाल लिमिटेडले वित्तीय साक्षरता फैलाउने आफ्नो योजना अन्तर्गत काठमाडौंको धापासीमा एक कार्यक्रम सम्पन्न गरेको छ । बैंकले स्थानीय माई युथ क्लवसँगको सहकार्यमा धापासीमा एक दिने वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको हो ।

उक्त कार्यक्रममा मेगा बैंकको दायित्व विभाग प्रमुख जेनु थापा, बचत निक्षेप विभागका इन्चार्ज सुजन पोखरेल, मोनिल थापा लगायतले उपस्थित सहभागीहरूलाई वित्तीय साक्षरता सम्बन्धी कक्षा लिएका थिए ।

स्थानीय व्यवसायी, बुद्धिजीवि एवं सर्वसाधारणको बाक्लो सहभागिता रहेको कार्यक्रममा मेगा बैंकका बचत तथा कर्जा योजना, बैंकको नेटवर्क, वित्तीय कारोबार, भविष्यको योजना, सुरक्षित बचत, कर्जा तथा विप्रेषणबाट प्राप्त रकमको उत्पादनमुलक लगानी, पारिवारिक बजेट तथा योजना, जोखिम न्यूनीकरण लगायतका विषयमा जानकारी गराइएको थियो ।

## ■ हिमालयन बैंक र मलेसियाको म्याक्स मनिबीच सम्झौता

हिमालयन बैंक लिमिटेड र मलेसियन कम्पनी म्याक्स मनि एस.डी.एन.बी.एच.डी. बीच विगतमा भएको विप्रेषणको भुक्तानी रकम राफसाफ गर्ने र मलेसियाबाट साझेदारीमा पुन : विप्रेषण सेवा सुचारु गर्ने सम्झौता भएको छ ।

उक्त सम्झौतामा हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शम्सेर राणा र म्याक्स मनिका प्रमुख कार्यकारी अधिकृत मो.अविद हमिदले मलेसियाको क्वालालम्पुरमा हस्ताक्षर गरेका छन् ।

हिमालयन बैंक लिमिटेड र म्याक्समनिले आउँदा दिनहरूमा मलेसियाबाट नेपालमा बिप्रेषण भित्र्याउन थप सहज र उत्कृष्ट सेवाका साथ अघि बढ्ने जनाएका छन् ।

# सकलाको स्वाद



■ युवराज नयाँघरे

'के खानु यस्तो !'

सकलाले पाउरोटीमा जाम दली । अलिकति छेउतिर पिरो पिरो अचार दलेर पाउरोटी खाई । उसलाई पटक्कै मिठो लागेन ।

एक महिना भो ऊ दुबई आएकी ।

उसले नेपालमा भनेको काम यहाँ पाइन । बस्ने, खाने ओभरटाइम पनि राम्रै व्यवस्था छ भनेपनि यहाँ धेरै कुरा मिलेन ।

एउटा कोठामा तीन जनाको हिसाबले तीन खण्डे खाट पाँच वटा थियो । कोठामा पन्ध्र जना हुन्थे सुत्ने बेलामा । तर सँगै कोही नि भेला हुँदैनथे ।

सकलाले दिक्क मानी ।

'बाँच्नु त पऱ्यो नि ! के खाएर बाँच्ने हो ?'

'कत्ति पनि स्वाद छैन ।'

उसले पाउरोटीलाई चियामा चोबी । अघिको जाम चियामा घोलिएपछि झनै बेस्वादको भयो । उसले आँखा चिम्म गरी घुटुक्क निली चिया र पाउरोटीको बुजो ।

स्टोरका सामान यताउता सार्नुपर्छ । त्यै भएर पनि उसलाई निकै भोक लाग्छ । थोर थोरै खाइरहने उसको स्वभाव छ ।

एक हप्ता अघि उसले साह्रै भोक लागेर साँझपख छेबैंको रेस्टुराँबाट चिया मगाई । उसलाई कत्ति पनि मिठो लागेन त्यो चिया ।

'मलाई त डडेको दुधमा कडा रङ हालेर चिया पकाइदिनु है आमा ।' चियाखाने बेलामा सकला यसै भन्थी ।



दाउरामा पकाएको चियाको स्वाद उसको ओठमा थियो । कडा रङमा निकैबेर पकाएर ऊ अदुवा र मरिच हालेर पनि खान्थी ।

बढी चाँहि उसलाई डढेको दुधमा पकाएको चिया औधी मिठो लाग्थ्यो । त्यस्तो स्वाद यो मरुभूमिमा कहाँबाट पाउनु !

चिया कोठामा पकाइ रहन फुर्सद थिएन । गएर फटाफट आराम गर्न नै भ्याई-नभ्याई हुन्थ्यो । फेरि चुलो र दाउरा पाउनु पो कहाँ !

अघिल्लो शुक्रबार उसलाई हरियो साग खान साच्है नै मन लाग्यो । आफूले काम गर्ने स्टोरभन्दा दश मिनेट परतिर रहेको सपिङ मलमा ऊ गई ।

साथीहरूले त्यो ठुलो मलभित्र लगेर सबै देखाएथे ।

अनि उनीहरूले सकलालाई भनेथे -'तिम्रो काम गर्ने स्टोर र अपार्टमेन्ट नजिकै छ । यसो तरकारी किन्नु परे यतै आउनु है ।'

'छानी-छानी किन्न पाइन्छ ।'

साथीहरूले तरकारी राख्ने कोठातिर पनि लगेर देखाइदिएथें । अनेक खालका तरकारीले भरिभराउ बाकस देखेर सकला दङ्ग परेकी थिई त्यतिखेर ।

नभन्दै.अर्को दिन उसलाई के खाँऊ-के खाँऊ भयो ।

'जान्छु यो मलतिर !'

साँझपखको फुर्सदमा ऊ मलतिर छिरी । वरपर सबै घुमेर दुईमुठा हरियो साग किनेर ऊ कोठातिर फर्की ।

बिहानै पकाएको भात थियो । आज त्यही भात हरियो सागको झोलसँग आनन्दले खाने सोच बनाई ।

'साग भात मस्तले खाइन्छ !'

उसले खलखली साग पखाली । अनि कुकरमा ओइरिई साग ।

पकाउने भाडा थोरै थिए । त्यै भएर कुकरबाटै सबै कुरा पकाउनु पर्थ्यो । भात उसले खन्याई थालमा । अनि त्यसमै ओइरिई साग ।

निकै राम्रोसँग पकाई ।

खान थाल्दा उसका मुखमा सागको स्वादै छैन । ऊ दिक्क मान्छे ।

'कस्तो बेस्वाद साग यो !'

सकलाले साथीहरू सम्झी । सागभात ओल्ट्याङ पल्ट्याङ गर्दै खान खोजी रही । गाँस निल्नै गाह्रो भो ।

नुन थपी । फेरी उमाली । तैपनि साग मिठो भएन ।

'पीठो हालेर मज्जाले फत्काउनु पर्छ ।'

'मकैको पीठो हालेको सागको झोलसँग भात खायो भने ज्यान पनि बलियो हुन्छ । तागत पनि लाग्छ ।'

'रोग त सात हात पर भाग्छ ।'

आमाले भनेको सम्झी ।

तर उसले यति मीठोसँग पकाएको साग पनि मीठो नै भएन । के मिलेन-के मिलेन भइरह्यो । साग र झोलको बेस्वादे तालमा उसले भात अल्याङ-तल्याङ गरिरही ।

'यस्तो नमिठो साग के गरी पकाउँदा होलान् यँाका मान्छेले !'

उसले डबकमा स्वाट्ट हालेर विर्को लगाई । अनि फतफताई ऊ । सकलालाई साऱ्है नमज्जा लाग्यो ।

'पैसा गयो ।'

'अझ बढी समय गयो खेर ।'

ऊ दिग्दार मानेर खोर्सानी टोकेर भात खान थाली ।

चारदिन अघि सकलाको छिमेकी साथीले सकलालाई एक धोक्रो आलु ल्याएर दिएकी थिई । साथीलाई उसले खाजा खुवाएर पठाएकी थिई ।

'म एक हप्ताको टुरमा हुन्छु । खाने कोही छैनन् ।'

'सकला तँ उसिनेर खा है । चप खाएनि भयो, उसिनेर खाएनि भयो ।'

साथी गएपछि राति ऊ एक्लै कोठामा थिई । सकलाले त्यही आलु उसिनेर खाने सोची । कुकरमा पानि, एक चम्चा नुन र आलु हालेर बसाई ।

उसिनेका आलु खाँदै फोन गरि नेपालमा । फोनमा उसले सानिमा खसेको सुनी ।

सकलालाई खाईरहेको आलु खल्लो लाग्यो ।

'हत्तेरीका कस्तो मुखै विगार्ने आलु ।'

गाउँमा उसिनेका, पोलेका र तारेका जुनै आलुपनि उसलाई मीठो लाग्थ्यो । अझ नुनखोर्सानीसँग उसिनेका आलु निकै खान्थी ऊ । थालभरि आलु राखेर गएपछि आमाले भनेको उसलाई पनि सम्झना छ -'सकलालाई आलु दिएपछि एक थप्पड हान्दा पनि रुन्न यो ।'

आज यो आलु खाइरहँदा पनि उसलाई नमीठो लाग्यो ।

केटाकेटीमा अरु गाउँका भुराभूरी भेला पारेर सकला आलुको सिला खोज्न बारीमा पस्थी । त्यो आलु भुटेर खाँदा औधी मिठो लाग्थ्यो उसलाई । आज बोरामा प्याक भएर आएका आलुले मुखमा स्वादै दिएनन् ।

गएको आइतबार उसको फुर्सद थियो ।

सकलाले पल्लो अपार्टमा बस्ने साथीलाई बोलाई । जुनाले एक झोला मकै बोकेर आई । जुना उसकी मिल्ने साथी थिई ।

उनीहरू बसेर मकै खान थाले । फुलैफुलको भर्र सेताम्मे मकै खाँदै गफ गर्दै थिए ।

नुनिलो स्वादमा भुटिएका मकै जति खाएपनि पेट नभरिने खालका थिए । जुनाले निकै फक्याइँ मकै ।

सकलाले ती हलुका फुल मकै एक-दुई पटकमात्र फक्याइँ ।

'के विधि स्वाद नभएका यी मकै ।'

'गाउँमा हाँडीमा भुटेका मकै पनि कति स्वादिला हुन्थे । आगोमा कप्टेरा र हाँडीको तालमेल हुन्थ्यो होला । साऱ्है फस्के मकै है यी त ।'

सकलाले दिक्क मानी ।

ऊ गाउँमा ठेट्ना मकै खान्थी । साऱ्है मीठा र रसिला लाग्थे उसलाई । यताका पपकर्न त उसलाई दाँतै चलाइरहनुपर्ने जस्तो मात्र देखियो ।

अस्ति सकलालाई भातै रुचेन । बिहानदेखि काम थियो । ऊ दिउँसो तीन बजे घर फर्की । बाटोभरी उसले के-के खाने भन्ने सोचिरही ।

मलतिर पसेर चारवटा मुलाको विटो एउटा प्लाष्टिकभित्र पोको पारिएको देखी । उसले पैसा तिरेर त्यै मुला बोकेर कोठातिर लागी ।

भोक थियो । बिहानैको भात, दाल तताई अनि मुला चिरेर भातमाथि सजाई । दुई गाँसपछि नै उसले मुख खुम्चाई ।

'के मल हालेर उर्माछन् यतातिर मुला ?'

उसले मुला ओल्ट्यापल्ट्याई पारेर हेरी । यसो नुन छर्की । अलिकति खोर्सानी पनि दली ।

मुला त फसक-फसक भयो मुखमा ।

आधा टोकेको मुलाको चाना उसले हत्केलामा राखेर निहाली । भित्रपट्टि रसिलो जस्तो भएपनि मुला मिठो भएन सकलालाई ।

गाउँमा पो गोबर, खरानी हालेर मुला उमारीन्थे । बारीको घुऱ्यान पोलेर रोपेका मुला निकै मीठा र रसीला हुन्थे ।

'खाना नपचे एक चिरो मुला खा त !'

आमाले भनेको उसले सम्झी ।

स्टोरमा धेरै काम हुनाले उसलाई भोक पनि राम्रै लाग्थ्यो । मसिना र खुद्राखुद्री खाएर सानोतिनो भोक मार्न खोज्थी ।

बिहान ऊ भात पकाउन पनि भ्याउदैनथी । राती मात्र भात पकाउँथी ।

चामल पनि मोटा, खस्रा स्वाद नभएका लागिरहेथे उसलाई । हेर्दा सग्ला-सग्ला भएपनि चामलमा मिठो र भरिपूर्ण स्वाद उसले पाइनँ ।

सकला चामल पखाल्दै गर्दा भन्थी -'यो प्लाष्टिकका चामल त होइनन् ?'

अनि आफैं हाँस्थी ।

'बेलुका पकाको यो भात अर्को दिनलाई नि पुऱ्याउनुपर्छ । भोलीपल्टसम्म यसको स्वाद झन् कस्तो होला ।'

'स्वाद पाईरहने फुर्सद भए पो ।'

ऊ फेरी आफै फत्फताई ।

आज उसले सम्झेर आमालाई फोन गरेर भनी -'आमा, यताको केही नि मीठो लागेन ।

एउटा ठूलो पोकामा दुई किलो जति गुन्द्रुक पठाइदिनु है ।'

'यसले पो भोक लगाउँछ कि ।'

सकलाले फोनमा दोहाऱ्याई-तेहेऱ्याई भनी-'दुई किलो गुन्द्रुक !'

भोलिको दिन मीठो होला भनेर सकलाहरूले कहिलेसम्म बेस्वादे जीवन बिताइरहने होला ?


सुरक्षित र
भरपर्दो वैदेशिक
रोजगारीका लागि
हामीलाई सम्झनुहोस ।

Govt. Reg No. 406/060/61



The River Overseas Pvt. Ltd.
Battisputali, KTM, Nepal, Ph: 01-4462431, 4462432
E-mail : theriver@wlink.com.np, www.theriveroverseas.com

# माइक्रो यात्रुका गन्थन

केटीले साथीको कथा फेरि जोडी । ल त म गरिबकी छोरी मेरो बा निम्नस्तरका सामान्य पुलिस अफिसर हुन्, गरिब छु तर तैँले मेरो चरित्र र जीवनमै क्षति पुर्‍याइस् । त्यसैले मलाई ५० लाख क्षतिपूर्ति दे भनेर अदालतमा क्षतिपूर्ति माग गरेर मुद्दा हालेपछि पो केटा भस्कियो ।



■ शम्भु सुस्केरा

२०७६ पुष ४ गतेको चिसो साँझ ।

काठमाडौं मलबाट कपन निखिलेश्वर जाने माइक्रोको नियमित यात्रु म ।

सिट भरिएका छन् यात्रुले । कोही उभिएका छन् कोही खाँदिएका छन् । सिधा उभिन नमिलेर कुप्रिएका छन् कोही । जसका कारण एउटाको शरीर अर्काको ढाडमाथि छ ।

०००

कस्तो ठेलेको ? कोही बोल्छ ।

मैँले ठेलेको हो र ? उताबाट ठेलेका छन् । जवाफ फर्किन्छ तुरुन्तै ।

अझै यात्रु बोलाउँदै खलासी कराइरहेको छ 'धुम्बाराहीओ ! पिपलबोटओ ! एकतावस्तीओ ! निखिलेश्वरओ !.......'

किन हरेक ठाउँका नाममा 'ओ' जोड्छ । म ध्यान दिएर सुन्छु । लयात्मक लाग्छ उसको आवाज ।

'काँ ठाउँ छ र हाल्न खोजेको ?' भित्रबाट यात्रुको गतिरोध उत्पन्न हुन खोज्छ ।

'मिलेर बस्नुपर्छ के दिदी अलि माथि जानु त ।' गतिरोधलाई वास्तै नगरी आफ्नो काममा व्यस्त छ ऊ ।

पुग्नुको बाध्यता छ । अरुबेला त्यसरी एक पुरुषले अर्की महिलामाथि धक्का लगाउने हो भने जेल गइसक्थ्यो मान्छे । तर याँ बाध्याता छ ठेल्नु ठेलिनुको । एकै परिवारजस्तै भएर यात्रा गर्नु छ ।

ढोकैसम्म खाँदिएर उभिनु परेको छ । खलासी यात्रुका खुट्टामै हात लाएर भित्र ठेल्छ ढोका बन्द गर्न ।

'चिसो सिरेटो भित्र छिरिरहेको छ । छिटो ढोका लाउन भाइ ।' ढोका छेउमा कुप्रिएकी एक महीला यात्रु तिखो स्वरमा बोल्छिन् ।

एसी हो दिदी हाम्रो गाडिको । खलासीले उँडाइदिन्छ तिनलाई ।

एसी चिसोमात्र हुन्छ तातो हुँदैन ? सिटमा बसेको एक युवक बोल्छ ।

गर्मीमा हुन्छ तात्छ दाई । खलासीको उस्तै जवाफ फर्किन्छ ।

म चालक पछाडिको उल्टो सिटको ढोकै छेउमा उल्टोपटि फर्केर बसेको छु ।

हलचल गर्न पाएको छैन । कसैका हात र कसैका टाउकाले बाँधेका छन् मलाई ।

गाडि गुडिरहेको छ ।

मेरै सिटको भित्तामा बसेकी एक युवती अघिदेखि आफ्नो कथा भनिरहेकी छे । अगाडिको महिलासिटमा बसेकी अधबैँसे महिला, बृद्धाआमा तथा मेरै सिटकी अर्की युवती र आमा उसका स्रोता बनेर सुनिरहेका छन् उसलाई ।

'केटाहरू धेरै शंकालु जति विश्वास दिलाएपनि नहुने ।' उ बोलिरहेकी छे ।

'त्यही त ।' कुराको आग्लो हालिरहेछन् स्रोताहरू ।

'फेसबुकको, मोबाइलको मेसेज र कल गरेको नम्बर चेक गरिरहनुपर्ने, ब्वाईफ्रेण्डलाई धन्न बेलैमा छोडे र ढुक्क छ अहिले ।' बिनासंकोच जारी छ आफ्नै कथावाचन ।

'मेरो साथीको त के कुरा । अहिले त मुद्दा चलिरहेको छ ।' आफ्नोबाट साथीकोतिर मोड्छे कथा ।

'कस्तो मुद्दा ?' अधबैँसेका जिज्ञासा ।

'लिभिङ टुगेदर प्रब्लम । केटो बढिजसो आफ्नै घरमा बस्थ्यो । तरपनि केटीको डेरामा गइरहन्थ्यो । दुबै क्यानाडा जाने भनेर तयारी गर्दै थिए । केटीको पेटको बच्चा पनि



फाले । अहिले चाहिँ केटीलाई चिन्दिन भन्छ रे ।' कथाको उत्तरार्धमै पुगी केटी ।

'केटी पनि कम चैं हुन्नन् ।' अधबैँसे महिलाले थपिन् ।

'त्यो फलानी बाबुको श्राद्ध छ भनेर माइत गकी रे ०७२ बैसाख १२ मा । भूकम्पपछि त नयाँ बसपार्कको एउटा भत्किएको होटलबाट अर्को पुरुषसँग नाँगै लाश फेला परेको रे ।'

'लोग्ने विदेशमा, छोराहरू घरमा । लाश पनि ल्याएनन् रे, किरिया पनि गरेनन् रे ।'

अधबैँसेको कुराले केही हच्केकी भएपनि फेरि आफ्नो साथीको कथा जोड्न थाल्छे युवती- 'खिचेको फोटा, मेसेज, सबै लुकाएछ । उनीहरूबीचको सम्बन्धको कुनै प्रमाण नै पो छैन । अहिले भन्छ रे तँ गरिबकी छोरी होस् भनेर ।'

ओ हो ! वकीलले पनि झुटा कुरालाई साँचो जसरी भन्न कति जानेका । कामले काम सिकाउने त रहेछ । हामीले पनि भए नभएका झुट प्रमाण पेश गरेपछि केटो बाध्य भयो सत्य बोल्न ।

केटो सम्पन्न परिवारको केटी अलिक कमजोर । तर, केटीकै कमाइमा मस्ती गरेको थियो उसले । मोबाइलको रिचार्ज समेत केटीकै भर थियो । धेरैजसो केटी त सम्पन्न केटाकै आश गर्छन् नि, सम्पन्न केटो पाए किन काम गर्ने भन्छन्, तर मेरी साथी त्यस्ती थिइन । आफैं कमाएर सम्पति सिर्जना गर्नुपर्छ भन्थी । केटाको सम्पतिलाई महत्व नै दिन्न थिई ।

तर उही परि अप्ठ्यारोमा । केटाकी आमाले गर्दा भइरहेको छ यो सब । खराब रहिछे त्यो आईमाई ।

'हो त बिहे गरेकाहरूको पनि सासूकै कारण घर बिग्रिएको छ नि कत्तिको ।' अधबैँसेले अनुभव सुनाईन् ।

'झ्याइँझ्याइँ बिहे गरेर किन ल्याउनु घर बिगारिदिने भए' युवती थप्छे- 'मेरा त सासू ससुरा नहुन् । सासू ससुरा भको घरमा त बिहे नै गर्दिन म ।'

चालकसँगैको बायाँपट्टिको सिटमा बसेका एक पुरुषले पछाडि मुन्टो फर्काएर कडा प्रतिवाद गरे 'धेरै कुरा त बैनीका ठीकै लाग्याथ्यो यो चाहिँ मन परेन ।'

'केटाहरूलाई गाली गरेको भएर तपाईलाई मन नपरेको होला नि ।' केटीले व्यङ्ग्य बोली ।

'म पनि अविवाहित नै हुँ तर मलाई बहिनीको कुरा मन परेन ।' मेरो सामुन्नेमा कुप्रो परेर उभिएकी एउटी केटीले पुरुषलाई साथ दिई ।

'हो त यो बहिनीलाई बिहे गर्ने केटो आकासबाट खस्छ नि ? कि कसले जन्माएर ठीक पार्दिन्छ ? कुरा सुनिदिए भन्दैमा जे पनि बोल्नी ?' अर्की युवती यात्रुको साथ पाएपछि पुरुष कडारुपमा प्रस्तुत भयो र फेरि थप्यो । हेर बहिनी मेरी आमा र भाउजु ३० वर्षदेखि सँगै छन्, एकैघरमा । साथी हुन् कि दिदी बहिनी ? मैंले भेउ पाएको छैन । छिनमा रिसाउने छिनमा मिल्ने । खै अलग समेत भएका छैनन् अझै । त्यसैले यसरी विषयलाई सामान्यिकरण नगर है ।

केटी चुप भई प्रतिकार गरिन ।

माइक्रो पिपलबोट पुग्यो । केही झरे केही चढे । तैपनि खाँदाखाँद नै छ भित्र ।

तीनबाटोको चोक पिपलबोट, अचानक जाम पर्‍यो । खलासी उत्रियो र जाम व्यवस्थापन गर्‍यो । गाडि अघि बढ्यो ।

केटीले साथीको कथा फेरि जोडी । ल त म गरिबकी छोरी मेरो बा निम्नस्तरका सामान्य पुलिस अफिसर हुन्, गरिब छु तर तैँले मेरो चरित्र र जीवनमै क्षति पुर्‍याइस् । त्यसैले मलाई ५० लाख क्षतिपूर्ति दे भनेर अदालतमा क्षतिपूर्ति माग गरेर मुद्दा हालेपछि पो केटा भस्कियो ।' केटीको बाले छोरीलाई साथ दिएका छन् । त्यसैले उसको आत्मबल बलियो बनेको छ ।

'अहिलेको कानुनले केटीहरूलाई पनि मत्याएको छ' अधबैँसेले थपिन् -'एउटीले अंशकै लागि दुईटासँग बिहे गर्दै छोड्दै गरिसकी, अहिले तेस्रोसँग छे । त्यसलाई पनि कहिले छोड्ने हो भर छैन ।'

'त्यति मात्र हो र पहिले सहमतिमा सँगै बसे अनि कुरा मिल्न छाडेपछि बलात्कारमा परिणत गर्छन्' उभिएकी केटीले थपी ।

'जोगिनुपर्छ है जोगिनुपर्छ ।' ढोकाबाट खलासीले हाँस्दै थप्यो ।

गफ सुनिरहेका यात्रुहरू गलल हाँसे ।

'महिलाहरू घरेलु हिँसामा नपरुन्, घरबाट ननिकालिउन्, लोग्नेबाट बिछोडिँदा बाँच्ने आधार तयार होस् भनेर महिलामैत्री कानुन बनेको हो नि ।' अगाडिको पुरुषले कुरा मिसाए फेरि ।

'दुरुपयोग त हरेक कुराको हुन्छ । रोक्न सक्नुपर्छ नि राज्यले ।' कथा बाचन गरिरहेकी युवतीले कुरालाई सरकारसँग जोडी ।

कुराको यात्रा उकालो लाग्दै गर्दा माइक्रोको यात्रा मण्डिखाटार कटेर बरफेदीतिर ओरालो झरिरहको छ । खलासी अन्तिम स्टेशनमा झर्ने यात्रुको भाडा संकलन गर्न थालिसकेको छ । बाहिर झमक्क साँझ परेको छ भित्र पनि अँध्यारो छ ।

'बत्ती बालन भाइ मैंले पैसा चिनिनँ ।' सबै गलल हाँसे ।

बत्ती आजै बिग्रियो दिदी । खलासीले जवाफ दियो । म हार्से । हिजो पनि खलासीले यसै भनेको थियो अर्को यात्रुलाई तर बिग्रेको बत्ती बनाएको थिएन ।


# दूरसञ्चार सेवाको प्रयोग सम्बन्धमा

## बुझिराख्नुपर्ने केही कुराहरु

- आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोबाइल अर्कैले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरुमा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाईएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोवाइल दुरुपयोग हुनबाट सचेत होऔं, साथै नियमानुसार नामसारी गरेरमात्र अरुलाई प्रयोग गर्न दिने बानी बसालौं।
- अनाधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानुनत दण्डनीय छ। तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले प्रदान गरेको सेवामात्र प्रयोग गर्नेतर्फ सजग होऔं।
- कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोवाइल फोन प्रयोग गर्न नदिउँ। यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेरमात्र प्रयोग गर्न दिउँ।
- तपाईले खरिद गर्न लाग्नु भएको प्रि-पेड मोवाइलको सिम कार्ड Seal Open भएको, Balance कम भएको वा पहिले नै रजिष्टर भईसकेको हुनसक्ने भएकोले त्यसमा सचेत हुनुहोस् र पछि आईपर्ने झन्झटबाट मुक्त हुनुहोस्।
- दूरसञ्चार सेवाका उपभोक्ताहरुले आफ्नो टेलिफोन/ मोवाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनुहोला, जसको कारणले तपाईको हराएको वा चोरी भएको मोवाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुनेछ।





नेपाल दूरसञ्चार प्राधिकरण
कमलादी, काठमाडौं, नेपाल
फोन नं.९७७-१-४२५५४७४
फ्याक्स: ९७७-१-४२५५२५०, पो.ब.नं.: ९७५४,
ई-मेल: ntra@nta.gov.np , वेबसाइट: www.nta.gov.np



# सम्झनामा तारादेवी

नेपाली महिला गायनका सर्वाधिक रुचाइएकी गायिका हुन् तारादेवी । मनै हर्ने कर्णप्रिय आवाजका कारण सम्पूर्ण नेपाली श्रोताहरूले उनलाई स्वर किन्नरीको उपाधिले सम्मानित गरिसकेका छन् । आफ्नो मनको सिंहाशनमा सजाएर राखेका छन् । तारादेवीका अधिकांश गीत चर्चित छन् । तीमध्ये 'शुभकामना भरी', 'उकाली ओरालीहरूमा', 'आऊ न आऊ तिम्रै खुसी', 'हिमालको काखमा छ, सानो मेरो गाउँ', 'साँघुरी बारी नि हो त्यो धारा पानी', 'कालीपारि दाइ कति राम्रो', 'सोचेजस्तो हुन्न जीवन', 'फूलको थुँगा बगेर गयो', 'बिदा हुने भैगयो बेला' अहिले पनि सबैको मनमस्तिष्कमा बस्न सफल



● हरिराम पौडेल

राजा वीरेन्द्रको हुकुमप्रमांगीद्वारा उनी शाखा अधिकृतस्तरीय हुँदै उपसचिवस्तरीय गायिकामा समेत नियुक्त भइन् । तर उनी त्यो पदमा धेरै समय रहन पाइनन्, वालपनदेखि गीत गाएकी उनलाई रेडियो नेपालले बहुदलीय प्रणाली भित्रने बितिकै बिना कसुर जागिरबाट हटायो ।

गीतहरू हुन् ।

तारादेवी आफ्नो स्वरवद्ध गीतहरू छोडेर यो धर्तीबाट विदा भएको पनि चौध वर्ष भइसकेको छ । तारादेवीको १४ औं पुण्यस्मृतिका अवसरमा तारादेवी स्मृति फाउन्डेसनले आयोजना गरेको 'सम्झनामा तारा देवी तथा सम्मान' कार्यक्रममा डेढ दर्जनभन्दा बढी वाद्यवादक समूहको सहायतामा, एक दर्जनभन्दा बढी गायक-गायिकाले तारादेवीद्वारा स्वरबद्ध गीत गाएर पुनः एकपटक तारादेवीलाई जनजनमा पुऱ्याउने जमर्को गरेका थिए ।

कृष्णबहादुर कार्की तथा राधादेवीकी सुपुत्रीका रूपमा विक्रम संवत २००२ साल माघ २ गते काठमाडौंको इन्द्रचोकमा तारादेवीको जन्म भएको थियो । आफ्नो तोतेबोलीमा नै तारादेवीले नेपाली भाषामा गायनको आरम्भ गरेकी थिइन् । उनी पाँच वर्षको उमेरमा भैरवबहादुर थापाको औंला समाएर रेडियो नेपाल पुगेकी थिइन् । त्यसबखत तारादेवीको बालस्वरले धेरैलाई चकित, मोहित र आफन्त बनाएको थियो । त्यस बेला उनले रेडियो नेपालमा निःशुल्क बालगीत गाउने गर्थिन् । केही वर्षपछि उनले एउटा गीत गाएको पाँच रुपियाँ पाउन थालिन् । त्यसबेला गीत गाएर पारिश्रामिक भेट्ता तारादेवि अत्यन्तै खुसी हुन्थिन् ।

विस्तारै उनको गायनको मुल्य पनि बढ्न थाल्यो र पारिश्रमिक पनि बढ्न थाल्यो । आफ्नो योग्यतालाई राम्ररी परिचित गराएपछि रेडियो नेपालमा तारादेवीलाई खरदारसरहकी गायिकामा नियुक्त गरियो, त्यति बेला उनको तलब महिनाको एक सय रुपियाँ थियो । साथै केही समयपछि नै उनको बढुवा भयो रेडियो नेपालको नायब सुब्बास्तरीय गायिकाको रुपमा । यहि पदमा रही उनले लगातार तीन दशकसम्म रेडियो नेपालको सेवा गरिन् । त्यसपछि राजा वीरेन्द्रको हुकुमप्रमाङ्गीद्वारा उनी शाखा अधिकृतस्तरीय हुदै उपसचिवस्तरीय गायिकामा समेत नियुक्त भइन् । तर उनी त्यो पदमा धेरै समय रहन पाइनन्, वालपनदेखि गीत गाएकी उनलाई रेडियो नेपालले

बहुदलीय प्रणाली भित्रने बित्तिकै बिना कसुर जागिरबाट हटायो ।

तारादेवीले नेपाली गीत गाएर नेपाली सङ्गीत पारखीका लागि एउटा सिङ्गो जीवन दान दिइन् । थुप्रै कर्णप्रिय गीतहरू गाएर तारादेवीले नेपाली जनमानसमा आफ्नो गायन प्रतिभाको उत्कृष्ट परिचय दिएकी थिइन् । उनको त्यही परिचय नै नेपाली साङ्गितिक आकाशमा गाँसियो । वास्तवमा तारादेवीले आफ्ना स्वरहरूबाट नेपाली भाषा प्रकट गरिन्, नेपाली जनजीवनको चित्रण प्रस्तुत गरिन् र नेपाली संस्कृति  प्रदर्शन गरिन् । श्रीमानको सहयोग र हौसला पाएर उनले आफ्नो स्वरलहरी नेपाली जनजीवनका वस्ती वस्तीमा पुऱ्याइन् । तारादेवीको स्वर नेपालको गाउँघर, पाखापर्वत र सहर-बजारमा गुनगुनाउने गर्छ । उनका गीतमा मान्छेको मर्म, खुसी र जिन्दगानी भेटिन्छ । तारादेवीको स्वरमा त्यस्तो के जादु थियो ! उनले गाएको गीतले बाबरी फुलाएको हुन्थ्यो, इन्द्रकमल फक्राएको हुन्थ्यो र चाँप, बेली र चुआ मगमगाएको हुन्थ्यो ।

नेपाली सङ्गीतको इतिहासलाई उन्नतिको शिखरमा पुऱ्याउने तारादेवी नेपाली गायनकी चम्किली तारा थिइन् जुन तारा नेपाली आधुनिक गीत बोकेर देशदेशान्तरमा चम्केको पाइन्थ्यो । वास्तवमा सम्पूर्ण नेपाली जातिकी प्रतिनिधि गायिकाका रूपमा तारादेवीले नेपाली गीतलाई संसारभरि बस्ने नेपालीका कानकानमा पुऱ्याएकी थिइन् । संगितको औपचारिक शिक्षाकारुपमा उनले २०३२ सालमा प्रयाग सङ्गीत समिति, इलाहावादबाट शास्त्रीय सङ्गीतको गायनमा संगीत विशारद् (संगीतमा स्नातक) गरेकी थिइन् ।

तारादेवीले आफ्नो जीवनयात्राका क्रममा नेपालका विभिन्न भू-भाग र अन्य विभिन्न मुलुकमा पुगेर गीत गाएकी थिइन् । भारत, रुस, कोरिया र इरानलगायतका मुलुकसम्म पुगेर उनले आफ्नो स्वरले सबैलाई मन्त्रमुग्ध बनाएकी थिइन् । तारादेवीले नेपाली भाषामा तीन हजारभन्दा बढी गीत गाइन् । उनले लोकगीत, भजन र राष्ट्रिय गीतहरू सबै प्रकारका गीतसंगितमा आफ्नो स्वर दिएकी छिन । तारादेवीले गाएका गीत मध्ये अधिकांशमा बरिष्ठ संगितकर्मी नातिकाजीको सङ्गीत संयोजन रहेको छ ।

धनसम्पति, पद र सम्मानभन्दा माया, प्रेम र स्नेहकी भोकी थिइन तारादेवि । वास्तवमा उनलाई माया गर्नु भनेको कलालाई माया गर्नु थियो, उनलाई सम्मान गर्नु भनेको कलाको सम्मान गर्नु थियो र उनको कदर गर्नु भनेको राष्ट्रियताको कदर गर्नु नै मानिन्थ्यो किनभने उनले जीवनभर नेपाली शब्दहरूलाई संसारभरि रहेका नेपालीका ढुकढुकीमा पुऱ्याइन् । गीतसङ्गीतको भाकामा उनले कति आँसु झारिन् र कति हाँसो उडाइन् । २०६२ साल माघ १२ गते उनको स्वर्गारोहण भएको थियो ।

तारादेवीसँग आधुनिक, राष्ट्रियदेखि भजनसम्म गरेर १५, १६ वटा गीतमा काम गरेका वरिष्ठ संगीतकार शुभबहादुर सुनाम स्वर किन्नरी तारादेवीलाई स्मरण गर्दै भन्छन् -'उहाँ सधैँ नयाँलाई प्राथमिकता दिनुहुन्थ्यो, विश्वास गर्नुहुन्थ्यो, नयाँ व्यक्तिसँग प्रतिभा हुन्छ, उसलाई माया गरेर अगाडि ल्याउनुपर्छ भनेर भन्नुहुन्थ्यो । मेरो सङ्गीतमा उहाँले गाउनु भएको धेरै गीत हिट भएका छन । गीतका शब्दमा भिजेर प्रष्टसँग गाउने क्षमता उहाँमा थियो । त्यो समयदेखि अहिलेसम्म मैले उहाँको बराबरीमा कोही गायिका भेटेको र देखेको पनि छैन । सबैभन्दा बढी लोक र आधुनिक गीतमा उहाँको स्वर सुहाउँथ्यो । उहाँले लोकगायक कुमार बस्नेतसँग पनि गीत गाउनु भएको छ ।'


देश सञ्चार

'गायनमा राम्रो र भ्याइनभ्याइ हुँदाहुँदै पनि उहाँ सङ्गीत पनि सिक्ने गर्नुहुन्थ्यो । सांस्त्रीय सङ्गीतमा उहाँको उस्तै रुचि थियो । नयाँ पुराना सबै व्यक्तिसँग सिक्न भनेपछि अघि सर्नुहुन्थ्यो । गायनमा लाग्नेलाई सङ्गीतको पनि राम्रो ज्ञान हुनुपर्छ भन्ने सोच उहाँमा थियो । त्यसैले पनि उहाँले सङ्गीत सिकाइदेउ भनेर घरमा बोलाउनु हुन्थ्यो । मैले उहाँको घरमा गएर पनि केही समय सङ्गीत सिकाएँ । सिक्न मात्र होइन, नयाँलाई आफूले जानेका कुरा सिकाउन उहाँ सधैँ तम्तयार हुनुहुन्थ्यो । सुरुको समय मेरो सङ्गीत र शब्दमा तालमेल नमिल्दा उहाँले नै मलाई बाटो देखाउँनुहुन्थ्यो । आफू चलेको गायिका भए पनि उहाँसँग घमण्ड भन्ने पटक्कै थिएन' सुनाम तारादेबीसँगको संस्मरण यसरी सुनाउँछन ।

सुनाम भन्छन -'उहाँले गीत लेखेको थाहा भएन । तर सङ्गीत भने राम्रो गर्नुहुन्थ्यो । उहाँले आफ्नो एउटा एल्बममा आफैले सङ्गीत गर्नुभएको छ । जुन सङ्गीत दर्शक, श्रोताले मात्र होइन अग्रज सङ्गीतकारले पनि मन पराएका थिए । उहाँले उत्ताउला खालका शब्द भएको गीत कहिल्यै गाउनुभएन । यस्ता शब्द उहाँलाई मन पर्दैन थियो । शब्द चयनमा पनि उहाँको विशेष दख्खल थियो । उहाँले 'ओके' गरेका गीतका शब्द सबैले मन पराउने खालका हुन्थे । गीत गाउँदा सङ्गीतकारले भन्दा पनि शब्द अझ शुद्ध र मिठासपूर्वक उच्चारण गर्न सक्नुहुन्थ्यो ।'

एउटी सरल, सौम्य र इमानदार गायिका तारादेवीले गीत गाएर नै इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार, जगदम्बाश्री पुरस्कार, छिन्नलता पुरस्कार, मैना पुरस्कार र नइ सुर सम्मान पाइन् । त्यति मात्र होइन तारादेवी सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु प्रथमबाट विभूषित भइन् । उनले महेन्द्ररत्न आभूषण, गद्दी आरोहण रजतपदक, वीरेन्द्र ऐश्वर्य सेवापदकका अतिरिक्त स्वदेश तथा विदेशबाट अन्य थुप्रै पदक, पुरस्कार, सम्मान र अभिनन्दनहरू पनि पाएकी थिइन् ।

तारादेवीको शिवबहादुर श्रेष्ठसँग २०२२ सालमा प्रेमविवाह भएको थियो । उनका पति पाइलट थिए । यी दुई पतिपत्नीबाट एउटी छोरी चारु तथा दुइवटा छोरा शशि र रवि जन्मे । तारादेवीका जवान छोरा शशि २०५१ साल वैशाखमा क्यान्सर रोगका कारण दिवङ्गत भए भने उनका पति शिवबहादुर श्रेष्ठ पनि २०५५ सालमा हवाई दुर्घटनामा स्वर्गीय भए । चार वर्ष अघि जागिर खोसिएर त्यसको पीडा बोक्दाबोक्दै चार वर्षपछि पुत्रवियोग र फेरि त्यसको चार वर्षपछि पतिको निधन हुनु तारादेवीको जीवनका अत्यन्तै मर्माहत र पीडादायी क्षण थिए । तारादेवी त्यसपछि क्षतविक्षत अवस्थामा उज्यालो अँध्यारो बिताउने क्रममा लागिन् । त्यस्ता डरलाग्दा घटनापछि उनको स्वर पनि पीडा र वेदनाको दहमा नै थन्कन थाल्यो । यसरी जीवनमा केही सुखद् र धेरै कठिनाइपूर्ण उकाली ओरालीहरू पार गरिसकेकी तारादेवीले एउटा यस्तो उचाई टेकिन् जुन उचाई सायदै कसैले लिन सक्ला ।




# 'चपली हाइट ३' को बैंकक घुमाउने योजना

नेपाली चलचित्र 'चपली हाइट ३' ले प्रचारप्रसारको नयाँ शैली अपनाउदै एक जना उत्कृष्ट दर्शकलाई बैंकक घुमाउने योजना सार्वजनिक गरेको छ । फिल्मले हालसालै सार्वजनिक आफ्नो गीत 'चार आनाको मसला' मा टिकटक बनाएर हाल्नेमध्ये सबैभन्दा धेरै लाइक र भ्युज पाउने एक जना बिजेतालाई बैंकक घुमाउने योजना ल्याएको हो ।

यही चैत २८ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'चपली हाइट ३' का निर्माता अर्जुन कुमारले 'चार आनाको मसला' बोलको गीतमा टिकटक बनाउने एक जना उत्कृष्ट दर्शकलाई बैंकक घुमाउन लैजाने र यो योजना अन्तर्गत विजेता घोषणा फागुन २८ मा गर्ने जानकारी दिए । उनले सस्पेन्स र थ्रिलर जनरामा बनेको यस चलचित्रबाट आफु धेरै आशावादी रहेको र यस योजनाले चलचित्रको प्रोमोशनमा ठूलो सहयोग पुऱ्याउने विश्वास लिएको बताए ।

निकेश खड्काको निर्देशन रहेको चलचित्रमा स्वस्तिमा खड्का, सुपुष्पा भट्ट, आमिर गौतम, महेश त्रिपाठी, प्रतिकमान श्रेष्ठ, अर्पण थापा, दीपाश्री निरौला, लक्ष्मी बर्देवा, लोकेन्द्र लेखकलगायतका कलाकारहरूको अभिनय रहेको छ । यो फिल्मका अघिल्लो दुई श्रृंखला दीपेन्द्र के. खनालले निर्देशन गरेका थिए ।

# 'के घर के डेरा'को नयाँ भर्सन घोषणा



निर्देशक सुब्रत राज आचार्यले पैतिस बर्षअघि निर्माण भएको चलचित्र 'के घर के डेरा'को नाममा नयाँ चलचित्र बनाउने घोषणा गरेका छन । यसअघि प्रदीप रिमालको निर्देशनमा यो चलचित्र बनेको थियो ।

राजधानीमा एक कार्यक्रमको आयोजना गरी निर्माण घोषणा गरिएको 'के घर के डेरा'मा काठमाडौमा कोठ ा भाडामा बस्नेहरूको कथामा बन्ने निर्माण युनिटले जानकारी दिएको छ । चललिचत्रमा अहिलेका चर्चित अभिनेताद्वय दयाहाङ राई र विपिन कार्कीका साथमा अभिनेत्री वर्षा राउत, लुनिभा तुलाधर, रविन्द्र झा, आर्सिना भट्टराईलगायत कलाकारको अभिनय रहने भएको छ ।

चलचित्रको कार्यकारी निर्माता रहेका सिंगे लामाको कन्सेप्ट तथा सफल केसी र प्रतिक गुरुङको पटकथा रहेको चलचित्रलाई राजिव श्रेष्ठ र किरण महर्जनले निर्माण गर्न लागेका हुन भने सहनिर्माताकारुपमा यम प्रसाद ओली रहेका छन् । चलचित्रमा दिर्घ वीर गुरुङको छायांकन, मित्र डि. गुरुङको सम्पादन, शंकर थापा 'स्माइल' को संगीत तथा गायन, डिपी खनाल तथा सुब्रत राज आचार्यको गीत, उदयराज पौडेलको एरेञ्ज र गम्भीर विष्टको कोरियोग्राफी रहनेछ । फिल्मलाई रोहित-रत्न (आरआर) ले वितरण गर्दैछन् ।

# इनासको नेपाल च्याप्टर गठन

अन्तर्राष्ट्रिय कलाकार संघ (इनास)ले दयाराम पाण्डेको संयोजकत्वमा नेपाल च्याप्टर गठन गरेको छ । नेपाली कला-संस्कृतिलाई विश्वभर चिनाउने उद्देश्यले सन् २०१२ मा गठन भएको इनासको शाखा हाल ७३ वटा देशमा विस्तार भैसकेको छ ।

राजधानीमा आयोजित एक कार्यक्रमकाबीच पाण्डेको संयोजकत्वमा गठन भएको इनासको नेपाल च्याप्टरमा वरिष्ठ संयोजकमा सुशील पोखरेल, प्रथम सह-संयोजकमा सुदीपकुमार रेग्मी, द्धितिय सह-संयोजकमा देवकुमार श्रेष्ठ, सदस्यसचिवमा गोपाल ढकाल (छन्दे) र कोषाध्यक्षयमा कृपाभक्त महर्जन चयन भएका छन् ।

यस्तै कार्यसमितिको सदस्यहरूमा दिपिका प्रसाई, सलोन बस्नेत, सिन्धु मल्ल, श्री देव भट्टराई, कविराज गहतराज, उद्धवप्रसाद भट्टराई, भुमिका शाह, शैलेस डंगोल, कृपा के.सी, सुदीप बराल, माधवराज खरेल, किशोर चिपाल, रामेश्वर बुर्लाकोटी, विजय अगवाज, एनराज शिवाकोटी, प्रमोद खरेल, मिरा दाहाल, अर्जुन खरेल, शंकर पाण्डे, प्रविधा अधिकारी, पुष्पा खनाल, रुपेन कोइराला र कल्पना श्रेष्ठ चयन भएका छन् ।

# 'सेन्टी भाइरस'को ओभरसिज राइट्स सवा करोडमा बेचियो

सिताराम कट्टेल (धुर्मुस) र कुन्जना घिमिरे (सुन्तली)को सुविहानी फिल्मसूले निर्माण गरेको चलचित्र 'सेन्टी भाइरस' को ओभरसिज राइट्स अहिलेसम्मकै सबैभन्दा महँगो मूल्यमा बिक्रि भएको छ । चलचित्रको ओभरसिज राइट्स अमेरिकाको नेप्सिने कम्पनीले १ करोड १५ लाख रुपैयाँमा खरिद गरेको निर्माण युनिटले जानकारी दिएको छ ।

आउँदो फागुन ९ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्रको ओभरसिज राइट्सको सम्झौतापत्रमा नेप्सिने कम्पनीका नेपाल प्रमुख विधान कार्की र सुविहानी फिल्मसको तर्फबाट सिताराम कट्टेलले हस्ताक्षर गरेका छन् । यसअघि चलचित्र 'छ माया छपक्कै' को विदेश राइट्स सबैभन्दा महँगो मूल्य १ करोड १० लाखमा विक्री भएको थियो ।

सिताराम कट्टेल, कुन्जना घिमिरे, दयाहाङ राई, विल्सन बिक्रम राई, बुद्धि तामाङलगायतको अभिनय रहेको यस चलचित्रलाई डिन्डु लामा ह्योल्मोले निर्माण र फुर्पा लामाले सहनिर्माण गरेका हुन । चलचित्रलाई कुमार कट्टेल र दीपक आचार्यले लेखेका हुन भने शंकर थापा स्माइल, राजनराज सिवाकोटी र कालीप्रसाद बाँस्कोटाको संगीत तथा रामबाबु गुरुङले निर्देशन गरेका हुन् ।



करिब २ करोड लागतमा निर्माण भएको चलचित्र 'सेन्टी भाइरस'को आम्दानीको ५० प्रतिशत चितवनमा निर्माण भैरहेको 'क्रिकेट रंगशाला' निर्माणमा खर्च गर्ने सुविहानी फिल्मसूकातर्फबाट सिताराम कट्टेलले घोषणा गरिसकेका छन् ।



HARVEST MOON
TRAVELS & TOURS PVT. LTD.
GPO Box: 8975, EPC 938
Gairidhara-02, Kathmandu, Nepal.
Te: + 977-01-4415575, 4415442, 415517, 4415526, 415420
Fax: +977-01-4441951
Email: harvestmon@mos.com.np
Website: www.harvestmoongroup.com

# एक शुभचिन्तकको आवाज एनआरएनले नसुन्दा...



फणिन्द्र दाहाल

अहिले आएर एनआरएनएले सोच्दै होला एकजना हाम्रै शुभचिन्तकले उठाएको विषयलाई वास्ता नगर्दा आज यो अवस्था आयो। खोई उनीहरूलाई यो विषयले पिरोलिरहेको छ वा छैन थाहा भएन मलाई भने पिरोलिरहेको छ।

गैरआवासीय नेपाली संघको गतिविधि नेपालमा बढ्न थालेपछि उनीहरूसँग मेरो पनि चिनजान हुन थाल्यो। संघमा आवद्ध धैरै एनआरएन अगुवासँग संचारकर्मीको नाताले मेरो निकटता बढेको हो। एनआरएनहरूको निकटताले गर्दा स्वदेशमा मात्र होइन विदेशमा हुने सम्मेलन तथा कार्यक्रममा सहभागी हुने अवसर पनि आउन थाल्यो। उनीहरूका आवाज बुलन्द बनाउन म आवद्ध संस्था रोजगार मिडियामार्फत थोर बहुत ईंटा थप्ने काम गरियो। एनआरएनहरूको पवित्र भावनालाई उजागर गर्न मिडियाको तर्फबाट मेरो ल्याकतले भ्याउने जति गरिरहेकै छु। संस्थालाई धुमिल बनाउन खोज्नेहरूका कर्तुत बाहिर ल्याउन पनि म चुकेको छैन।

देशलाई दुखेको बेला एनआरएनहरूले एकताका साथ देखाएको उत्साहपूर्वक सहयोग र सद्भाव नेपालीहरूले बिर्सन सक्दैनन्। एनआरएनका हरेक गतिविधिसँग नजिक रहेर काम गर्न पाएकाले पनि होला यसभित्रका सकारात्मक र नकारात्मक धैरै पाटाहरूका बारेमा म जानकार नै छु।

मैले सन्दर्भ जोड्न खोजेको एनआरएनले किनेको बालुवाटारको जग्गाको विषय हो। विदेशमा बस्ने नेपालीहरूले आफ्नो छुट्टै कार्यालय नेपालमा नभएकाले उद्योग वाणिज्य महासंघको भवन प्रयोग गरिरहेका थिए। तत्कालिन अध्यक्ष शेष घलेले एनआरएनको आफ्नै कार्यालय बनाउनुपर्छ भनेर अभियान चाले। एनआरएन संस्थागत हुँदै थियो। जग्गा किन्नका लागि एनआरएनले बालुवाटारमा रहेको ललिता निवासको लगभग पक्का गरिसकेको रहेछ। बालुवाटारमा जग्गा खरिद गर्न लागेको जानकारी मैले पनि पाएँ।

बालुवाटारको जग्गाका विषयमा मलाई पहिला नै विवादित हो भन्ने राम्रो जानकारी थियो। केही जग्गा माफियाले सरकारी जग्गा बद्नियतपूर्वक नीजि बनाएको ललिता निवासमा एनआरएनएले जग्गा किन्न लागेको थाहा पाएपछि सबैभन्दा चिन्ता मलाई लाग्यो। उक्त जग्गा विवादित छ भन्ने कुरा मलाई प्रमाणसहित केही जानकारहरूले देखाइसकेका थिए। एनआरएनको शुभचिन्तक र एनआरएनलाई नजिकबाट मैले बुझेको हुनाले उक्त जग्गाको विवादका बारेमा एनआरएनका अगुवाहरूलाई एक-एक भेटेर जानकारी गराएँ। मैले बिबादित सरकारी जग्गा नकिन्न आग्रह मात्र गरिन पछि एनआरएनएलाई समस्या आइलाग्छ है भनेर एनआरएनएका अध्यक्षलगायत पदाधिकारीलाई पटकपटक अनुरोध नै गरेँ। मेरो यसमा कुनै स्वार्थ थिएन, एनआरएनए जस्तो पवित्र संस्था कुनै विवाद र झमेलामा नफसोस् भन्ने एक मात्र चाहाना थियो।

एनआरएनए जग्गा खरिद समितिका एक सदस्यलाई (जो अहिलेको कार्यसमिति पदाधिकारी) जानकारी गराउँदा उनले त्यसबेला भनेको मलाई अहिले पनि याद छ। उनले भनेका थिए-'हाम्रो आफ्नै वकिलले सबै ठिक गर्छ, सरकारलाई हामीले भनेपछि जस्तो विवाद पनि मिलाउँछौ, यस्तो कुरा लिएर मसँग अवदेखि नआउनु।'

मैले जग्गाको विवाद र त्यसका कागजपत्रका फोटोकपी अधिकांश एनआरएनका अगुवाहरूलाई उपलब्ध पनि गराएको थिए। त्यतिबेला मेरो कुरा सुन्न कोही तयार हुनुभएन। विश्वमा रहेका लाखौं नेपालीको गरिमा बोकेको संस्था जग्गाकै कारण बद्नाम नहोस् भन्ने मेरो मनोकामनालाई वास्ता नै गरिएन। एनआरएनएले सबै उदाहरणीय काम गरेपनि जग्गामा जानि जानि फस्न हुँदैन भन्ने मात्र मनसाय थियो। तत्कालिन एनआरएनका अध्यक्ष शेष घलेलगायत, भिम उदास, जीवा लामिछाने, टिबी कार्की, शिशिर भट्ट, रतन झा, रामेश्वर शाह, राजेश राणालगायत सबैलाई मैले यसरी नै जानकारी गराएको थिए।

मैले यति जानकारी गराउँदा एनआरएनएले जग्गा बैना गऱ्यो। जग्गा बैना गरेकै भरमा भवनको शिलान्यास तत्कालिन प्रधानमन्त्री स्व.सुशील कोइराला ल्याएर गरियो। शिलान्यासकै दिनमा पनि एनआरएनए फस्दैछ भनेर मैले चिन्ता व्यक्त गरेँ। मलाई त्यसबेला यो विषयमा सरकारले साथ दिएको छ केही हुँदैन भनेर चुप लगाइयो। त्यतिबेला एकजनाले मलाई भनेका थिए-'दुलो भित्र बिषालु सर्प छ भने दुलोभित्र हात नहाल्नु, हात हाल्ने हो भने बिष नलाग्ने बनाएर हाल्नु।'

देशमा अलिकति कानून बाँकी रहेछ भने वालुवाटारको जग्गाले एनआरएनलाई मात्र होइन यसमा संलग्नलाई एक दिन पिरोल्ने छ भनेको थिए। मलाई एनआरएनका संस्थापक भिम उदासले केही दिनअघि म्यासेज गर्नुभयो-'फणिन्द्रजी तपाईले पहिला भनेजस्तै एनआरएनको जग्गामा प्रोवलम आयो है।'

त्यसैगरी मलाई एनआरएनएका पूर्वअध्यक्ष जीवा लामिछानेले म्यासेज गर्नुभयो- 'मलाई राम्ररी थाहाछ तपाईले सबैभन्दा पहिला यो विषय उठाउनु भएको थियो, त्यसबेला कसैले सुन्न चाहेनन्, के गर्ने ?'

अहिले आएर एनआरएनएले सोच्दै होला एकजना हाम्रै शुभचिन्तकले उठाएको विषयलाई वास्ता नगर्दा आज यो अवस्था आयो। खोई उनीहरूलाई यो विषयले पिरोलिरहेको छ वा छैन थाहा भएन मलाई भने पिरोलिरहेको छ।



# ५५ वर्षको साथ, सुख दु:खमा हात

५५ औं वार्षिकोत्सव




यस सुखद् अवसरमा हामीलाई सधैं आफ्नोपनको आभाष दिने हाम्रा ग्राहकवर्ग, नियमनकारी निकाय, नेपाल सरकार, शेयरधनी एवं सम्पूर्ण शुभेच्छुकहरूमा विशेष धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा अझै ग्राहकमुखी तथा उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

आफ्नो भनेको आफ्नै हुन्छ

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

...तपाईको आफ्नै बैंक

ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था


राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाण्डौ
फोन: (९७७-१) ४२५-२५९५ । फ्याक्स: (९७७-१) ४२५-२९३१ । इमेल: rbb.info@rbb.com.np
वेबसाइट: www.rbb.com.np



RBB/DigiPro/2020


IME group
SalamAir
Kathmandu
Muscat
Dubai
Abu Dhabi
Riyadh
Jeddah
Doha
Kuwait
Istanbul
Alexandria
Khartoum
Tehran
and many more...
GSA
IME International Travels Pvt. Ltd.
Lazimpat, Kathmandu
+977-1-4429467 (Hotline)
info@imetravels.com
www.facebook.com/imetravels
www.imetravels.com
visit nepal 2020 Lifetime Experiences
السلام
SalamAir


रोजगार मिडिया प्रालिको प्रस्तुति
रोजगारीका आवाज
NTV PLUS
• वैदेशिक रोजगार • स्वरोजगार
• एनआरएन • उद्यमशीलता
हरेक शुक्रबार बिहान ८:३० बजे
पुनः प्रसारण राति ११:३० बजे
कार्यक्रमका साथमा
Prabhu Money Transfer
himal remit
IME International Money Express
SAMSARA REMIT


सुरक्षित र भरपर्दो
वैदेशिक रोजगारीका
लागि हामीलाई सम्झनुहोस् ।
इन्टरनेशनल
मेनपावर रिक्रुटमेन्ट प्रा.लि.
बालकुमारी, ललितपुर, फोन : ५००६२६९
इमेल : info@imrsolution.com



तपाईंको
वैदेशिक
रोजगारको
सपना
साकार पार्छौं ।
BM TRADA
UKAS
Certificate No. 7294
श्रम इजाजत नं. ६०९/०६२/६३
AAKARSHAN
INTERNATIONAL PVT. LTD.
quality.trust.relation
AAKARSHAN
International Pvt. Ltd.
आकर्षण
इन्टरनेशनल प्रा.लि.
आकर्षण भवन, कालीमाटीडोल (एयरपोर्ट नजिक), काठमाडौं, फोन : ०१-४४९८७०१ (६ लाइन)
फ्याक्स : ०१-४४६६७६७, इमेल : amanpower@wlink.com.np, info@amanpower.com, www.amanpower.com



तपाई विदेश
जाँदै हुनुहुन्छ ?
यदि जाँदै हुनुहुन्छ भने
नेपाल सरकारबाट इजाजत
प्राप्त भरपर्दो र विश्वासिलो
मेनपावर कम्पनीमा सम्पर्क
राख्नु होला ।
दर्ता नं. ४९८/०६१/६२
कोशी इन्टरनेशनल
सर्भिस प्रा.लि.
विश्वासिलो मेनपावर कम्पनी
विशालनगर, काठमाडौं (फिनल्यान्ड दूतावास नजिक)
फोन : ४४२३६०३, ४४२३६०४, www.koshiint@wlink.com.np



छिटो, छरितो र भरपर्दो माध्यम
आइएमई बाटै पैसा पठाऔं

IME®
International Money Express
Fast, Reliable And Secure Remittance

Toll Free
16600 151515

+977 1 4430600
+977 1 4425800

info@imeremit.com.np
facebook.com/imeremit

ime गरौं

www.imeremit.com.np


himal remit ®
हिमालरेमिट
बाबा हामीलाई सधैं खुशी राख्न चाहनु हुन्छ ।
त्यसैले हाम्रो लागि खुशी लिन बाबा विदेश जानु भएको छ ।
त्यो खुशी सधैं बाबाले हिमालरेमिटबाट नै पठाउनु हुन्छ ।
म.क्षे.हु.नि.द.नं. ७/०७०/७१
पुऱ्याउँछौं खुशी
छिटो, भरपर्दो र विश्वासिलो
a product of
HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.
टोल फ्रि १६ ६०० १११ ०००
रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ
फोन: ००९७७-१-४२५०३५४
www.himalayanbank.com/himalremit